# ‘काठमाडौँमा कामरेड’ कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र**
**सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली**
**विभागको स्नातकोत्तर दोस्रो वर्षको**
**दसौँ पत्रको प्रयोजनका लागि**
**प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**
**विष्णुप्रसाद अर्याल**
**त्रिभुवन विश्वविद्यालय,**
**रत्नराज्यलक्ष्मी क्याम्पस**
**प्रदर्शनीमार्ग, काठमाडौँ**

**२०६७**

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विषयका छात्र विष्णुप्रसाद अर्याललले स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रका लागि **'काठमाडौँमा कामरेड'** कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निजले परिश्रम र लगनशीलतापूर्वक गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनका लागि रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६७/११/२०

................................

राजन भट्टराई

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौँ

# lqe'jg ljZjljBfno
# /Tg/fHonIdL SofDk;

### प्रदर्शनी मार्ग

## स्वीकृतिपत्र

मिति : २०६७/११/२०

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, रत्नराज्यलक्ष्मी क्याम्पसका छात्र विष्णुप्रसाद अर्यालले त्रि.वि. स्नातकोत्तर तह (एम.ए) नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नुभएको **'काठमाडौंमा कामरेड'** कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. सह-प्रा. तुलसीमान श्रेष्ठ (विभागीय प्रमुख) | ................................ |
| २. राजन भट्टराई (शोधनिर्देशक) | ................................ |
| ३. नेत्र एटम (बाह्य परीक्षक) | ................................ |

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षण समितिको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजन पूरा गर्न **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन शीर्षकको यो शोधपत्र मैले आदरणीय गुरु श्री राजन भट्टराईज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यस शोधपत्रको छनौट, परीक्षण, सुझाव, सल्लाह र निर्देशनका लागि म उहाँप्रति विशेष आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रको स्वीकृतिका लागि अवसर मिलाइदिनु हुने त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पसका विभागीय प्रमुख सहप्राध्यापक तुलसीमान श्रेष्ठप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्य गर्नमा सहयोग तथा सल्लाह दिनु हुने आदरणीय गुरु श्री रमेशकुमार भट्टराइज्यूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको अध्ययनसम्म ल्याइपुऱ्याउन हरपल तल्लिन रहनु हुने पूजनीय पिता-माता श्री बालुराम अर्याल र पवित्रा अर्याल एवम् सम्पूर्ण घरपरिवारप्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रको तयारी गर्दा सहयोगी बन्नु हुने मामाश्री पुष्कर लम्साल, जीवलाल लम्साल, मित्र ठानेश्वर पराजुली, आसा भुसाल, पार्वता पन्थी र देवीराम अर्यालप्रति पनि कृतज्ञता अर्पण गर्दछु ।

प्रस्तुत शोधपत्र सावधानीपूर्वक शुद्धसँग टङ्कण र मुद्रण गरेर सहयोग गरिदिनुहुने प्राञ्जल बुक्स एण्ड स्टेशनरीका इन्दु पाण्डेयलाई हार्दिक धन्यवाद दिन्छु ।

प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति समक्ष पेस गर्दछु ।

..............................

शोधार्थी
विष्णुप्रसाद अर्याल
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौँ

समूह : रात्री
त्रि.वि. दर्ता नं. :- ६-२-२३९-५-२००३
त्रि.वि.क्रमाङ्क :- ४३३०
मिति :- २०६७/११/२०

# विषय-सूची

पेज नं.

## परिच्छेद-एक

## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य | ४ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ | शोधविधि | ५ |
| १.८ | शोधविधि रुपरेखा | ५ |


## परिच्छेद-२

## महेशविक्रम शाहको रचनाधर्मिता


| | | |
|---|---|---|
| २.१ | लेखक परिचय एवम् शिक्षादीक्षा | ६ |
| २.२ | साहित्य लेखन, प्रेरणा र प्रभाव | ६ |
| २.३ | प्रकाशन तथा सम्पादन | ७ |
| २.४ | नाटक मञ्चन तथा अभिनय | ७ |
| २.५ | पेसा तथा भ्रमण | ८ |
| २.६ | अन्य संलग्नता | ८ |
| २.७ | सम्मान तथा पुरस्कार | ९ |
| २.८ | कथाकार शाहका कथाहरूको सामान्य परिचय | १० |
| | २.८.१ **सटाहा** कथासंग्रहको विश्लेषण | १० |
| | २.८.२ **सिपाहीकी स्वास्नी** कथासंग्रहको विश्लेषण | १० |
| | २.८.३ **अफ्रिकन अमिगो** कथासंग्रहको विश्लेषण | ११ |

२.८.४ **छापामारको छोरो** कथासंग्रहको विश्लेषण १२
२.९ कथाकार शाहका कथागत प्रवृत्ति १३
२.१० नेपाली कथा परम्परामा, **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको स्थान निर्धारण १५
२.१०.१ नेपाली कथा परम्परा १५
२.१०.१.१ प्रथम चरण १६
२.१०.१.२ द्वितीय चरण १७
२.१०.१.३ तृतीय चरण १८
२.१० निष्कर्ष २१

## परिच्छेद-तीन

## समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक परम्परा

३.१ पृष्ठभूमि २२
३.२ समाजको परिचय र परिभाषा २२
३.३ समाज निर्माणका तत्त्वहरू २३
३.३.१ चालचलनहरू २३
३.३.२ कार्य प्रणाली २४
३.३.३ अधिकार २४
३.३.४ पारस्परिक सहायता २४
३.३.५ समूह एवम् विभाजन २४
३.३.६ मानव व्यवहारमा नियन्त्रण २५
३.४ समाजका प्रकार २५
३.४.१ शिकारी समाज २५
३.४.२ पशुपालन समाज २५
३.४.३ बागबानी समाज २६
३.४.४ कृषि समाज २६

३.४.५ औद्योगिक समाज २६
३.४.६ सूचना समाज २६
३.५ समाजशास्त्रको सैद्धातिक मान्यता २७
३.५.१ समाजशास्त्रको परिचय र परिभाषा २७
३.५.२ हर्वट स्पेन्सर र समाजउद्विकास २८
३.५.३ चार्ल्स डार्विन र विकासवादी सिद्धान्त २९
३.५.४ इ.वि.टाइलर र संस्कृतिको अवधारणा ३०
३.५.४.१ जंगली स्तर ३१
३.५.४.२ बर्बर स्तर ३१
३.५.४.३ सभ्यता स्तर ३१
३.५.५ व्रोनिस्ल म्यालिनोस्की र संस्कृतिप्रतिको प्रकार्य ३२
३.५.६ कार्ल मार्क्स र द्वन्द्ववादी दृष्टिकोण ३३
३.५.७ इमाइल दुर्खिम र उनको मान्यता ३५
३.५.८ समाजशास्त्रीय दृष्टिले साहित्यको अध्ययन ३७
३.५.९ साहित्यको समाजशास्त्रीय अध्ययन पद्धति ४०
३.५.९.१ ऐतिहासिक पद्धति ४०
३.५.९.२ वर्णनात्मक पद्धति ४०
३.५.९.३ तुलनात्मक पद्धति ४१
३.५.९.४ संरचनात्मक एवम् प्रकार्यात्मक पद्धति ४१
३.५.१० साहित्य र समाजबीचको अन्तर्सम्बन्ध ४१
३.५.११ निष्कर्ष ४३

**परिच्छेद-चार**

**कथा तत्त्वका आधारमा काठमाडौंमा कामरेड कथासंग्रहको अध्ययन**

४.१ कथाका तत्त्व ४४
४.१.१ कथावस्तु वा कथानक ४४

४.१.२ पात्र वा चरित्र चित्रण ५३
४.१.३ परिवेश वा वातावरण (मानसिक/भौतिक परिवेश) ६०
४.१.४ दृष्टिबिन्दु ६१
४.१.५ भाषाशैली ६३
४.१.६ उद्देश्य ६९

**परिच्छेद-पाँच**

**समाजशास्त्रीय चिन्तनका आधारमा महेशविक्रम शाहको 'काठमाडौँमा कामरेड' कथासङ्ग्रहको अध्ययन**

५.१ द्वन्द्ववादी मान्यताको वर्णन एवम् प्रस्तुती ७२
५.२ लेखक, कृति र पाठकको अन्तर्सम्बन्ध ७५
५.३ उद्‌विकासवादी दृष्टिकोण ७८
५.४ कृतिमा समाजको प्रतिबिम्बन र लेखकीय चेतनाका भूमिका ८०
५.५ समाज र सामाजिक सम्बन्धका सूचकहरू ८३
५.५.१ **काठमाडौँमा कामरेड** कथा संग्रहमा समाज ८४
५.५.१.१ **काठमाडौँमा कामरेड** कथासंग्रहमा प्रयुक्त सहरिया समाज ८५
५.५.१.२ **काठमाडौँमा कामरेड** कथासंग्रहमा प्रयुक्त ग्रामीण समाज ९०
५.५.२ भाषाको प्रयोग र प्रस्तुति ९४
५.५.३ पेसागत विविधताको वर्णन र प्रस्तुति ९६
५.५.४ राजनैतिक पक्षको वर्णन र प्रस्तुति ९७
५.५.५ धर्म, संस्कृतिको वर्णन र प्रस्तुत १०१
५.५.६ आर्थिक विषमता र समानताको खोजी १०३
५.६ **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको भौतिक सामाजिक मूलधारको खोजी १०६

**परिच्छेद-छ**

निष्कर्ष ११२
सन्दर्भ सामग्री-सूची ११५

# परिच्छेद-एक

# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं. २०२२ साल भदौ १५ गते अछाम जिल्लाको वैजनाथमा जन्मिएका महेशविक्रम शाह आधुनिक नेपाली कथाका समसामयिक धाराका एक सु-प्रसिद्ध कथाकार मानिन्छन् । आठ कक्षा पढ्दादेखि नै साहित्यप्रति रूचि राख्ने कथाकार शाहको पहिलो कथा वि.सं. २०३५ सालमा महेन्द्रनगरबाट निस्किने साप्ताहिक पत्रिका **साप्ताहिक वार्ता**मा 'आमा' शीर्षकमा प्रकाशित भएको थियो । उनका **सटाहा** (२०५३), **सिपाहीकी स्वास्नी** (२०५९), **अफ्रिकन अमिगो** (२०६०), **छापामारको छोरो** (२०६३) र **काठमाडौँमा कामरेड** (२०६५) गरी पाँचवटा कथासङ्ग्रह प्रकाशित भएका छन् ।

कथाकार शाहमा आफू हुर्केको थारू समाज, गाउँ-ठाउँमा बिताएका क्षणहरू र अध्ययन, जागिर तथा विदेश भ्रमणजस्ता विविध घटनाहरूको अमिट छाप परेको पाइन्छ । तिनै घटनालाई पात्रका माध्यमबाट सजिवता प्रदान गर्दै कथा सिर्जना गरिरहेका छन् । उनका सबैजसो कथासङ्ग्रहले चर्चा पाएकै हुन्, त्यसमा पनि **छापामारको छोरो**ले नेपाली साहित्यकै सर्वोत्कृष्ट मदन पुरस्कार प्राप्त गर्न सफल एक युद्ध र द्वन्द्वसम्बन्धी कथासङ्ग्रह हो । युद्ध र द्वन्द्वपछि शान्ति र संक्रमणकालीन कथा लेख्ने स्वयं लेखकको उद्घोषले प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा द्वन्द्वपछिको समाजको समाजशास्त्रीय अध्ययन, विश्लेषण र मूल्याङ्कन अपेक्षित ठहर्दछ ।

## १.२ समस्याकथन

कथाकार महेशविक्रम शाहका विभिन्न कृतिहरू त्रिभुवन विश्वविद्यालयको कार्यमूलकपत्रमा आधारित भई विविध पक्षमा शोधकार्य सम्पन्न भइसकेका छन् । पछिल्लो समयमा प्रकाशित **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको विभिन्न पत्रपत्रिकाहरूमा मूल्याङ्कन भए तापनि शोधकार्य भएको पाइँदैन । त्यसैले उक्त कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन गर्नु उपयुक्त देखिन्छ । प्रस्तुत शोधकार्यसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

- आधुनिक नेपाली कथामा शाहको स्थान कहाँ छ ?
- सामाजिक सिद्धान्त तथा साहित्यिक समाजशास्त्र भनेको के हो ?
- **काठमाडौंमा कामरेड** कथासङ्ग्रहका कथाहरूको समाजशास्त्रीय अध्ययन कसरी गर्ने ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :-

- आधुनिक नेपाली कथामा शाहको स्थान निर्धारण गर्नु
- सामाजिक सिद्धान्त तथा साहित्यिक समाजशास्त्रको परिचय दिनु ।
- समाजको सैद्धान्तिक पक्षबाट **काठमाडौंमा कामरेड** कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

छोटो समयमा नै आधुनिक नेपाली कथाको क्षेत्रमा चर्चित बनेका शाहको पाँचौं कृति **काठमाडौंमा कामरेड** मदनपुरस्कार प्राप्त **छापामारको छोरो** पछिको कृति भएकाले विशेष रुचिपूर्वक यस सङ्ग्रहको समीक्षात्मक टिप्पणी विभिन्न पत्रपत्रिका तथा विद्वान्हरूबाट भइरहेका छन् । यी समीक्षात्मक टिप्पणीहरू यस सङ्ग्रहका पूर्वकार्यको समीक्षाका रुपमा रहेका छन् । जसलाई कालक्रमिक आधारमा उल्लेख गरिएको छ ।

सर्वप्रथम मनु ब्राजाकीले **'महेश विक्रमका कथा पढेपछि'** (२०६५, मार्ग २७) भन्ने शीर्षकमा 'उनका कथाको प्रस्तुतीकरण मौलिक छ भने शैली मन छुने खालको छ । कथा पढेपछि विषयवस्तुले पाठकलाई घोरिन र चिन्तनशील हुन प्रेरित गर्दछ । यस्तो विशेषता नै कथाकारिताको सफलताको परिचायक हो' भन्दै शैली पक्षको टिप्पणी गरेका छन् ।

गोविन्दबहादुर मल्ल गोठालेले **काठमाडौंमा कामरेड** (२०६५) मा 'महेशविक्रम शाहका कथाहरू पढ्दा उनले कथाको युग हाँक्लान् जस्तो लाग्छ' भनी प्रतिक्रिया दिएका छन् ।

डा. गोविन्दराज भट्टराईले **काठमाडौंमा कामरेड** (२०६५) मा प्रस्तुत कथासङ्ग्रहमा जनआन्दोलन समाप्तिपछिको नेपाल छ, खासगरी काठमाडौं । यसमा उच्च मनोवल बोकेर युद्ध लड्नेहरू सामान्य जीवनमा ओर्लंदा अनुभूत चिन्ता, अन्यौल र अप्ठ्याराका जीवन्त

परिस्थितिचित्रहरू छन् । परिवर्तनको नारा र व्यवहारका बीचमा देखिने खाडल छन् । महेशको प्रतीक व्यक्ति पात्रले राष्ट्रको प्रतिनिधित्व गर्दछ । यो साहित्य लेखिएको इमान्दार, कलात्मक र निष्पक्ष इतिहास हो' भन्दै कथात्मक विषय र व्यक्तित्वका बारेमा टिप्पणी गरेका छन् ।

डा. अभि सुवेदीले **काठमाडौँमा कामरेड** (२०६५) मा 'महेशविक्रम शाहका कथाहरूको सबभन्दा जीवन्त तत्त्व मानिस हो जो वरिपरी कथा इन्द्रेनीको परिवेश जस्तो एउटा आभामण्डल बनिएर बस्छ । प्रत्येक कथाले आरम्भदेखि अन्त्यसम्म मानिसको बाह्य र आन्तरिक जीवनभित्र पाठकलाई डोऱ्याएर लान्छ । वर्णन र रचनाका अन्य कलेवरको सहज समागमद्वारा महेशविक्रम शाह प्रत्येक कथामा शिल्प र यथार्थलाई जीवन्त बनाउँछन् । उनका कथामा व्यक्ति र समयको मर्म एकैसाथ वाचाल हुन्छ' भनी शाहको लेखनविषय र शैलीका पक्षमा टिप्पणी गरेका छन् ।

सम्पादकले 'कथाकार-परिचय' (भृकुटी, २०६५) भन्ने शीर्षकमा 'देशभित्र र बाहिरको मानवजातिले बाँच्ने र कर्तव्य निर्वाह गर्ने क्रममा गरेका सङ्घर्षहरू उनका कथामा सजीव भएर आएका हुन्छन्' भनी प्रतिक्रिया दिएका छन् ।

नयनराज पाण्डेले 'महेशले ल्याए काठमाडौँमा कामरेड' (**अन्नपूर्ण पोष्ट**) ६ पुस, २०६५) लेखमा 'कथा लोकप्रिय हुन फरक शैली पनि चाहिन्छ, त्यो महेशका कथामा पाइन्छ' भनी टिप्पणी गरेका छन् ।

बद्री तिवारीले 'शाहको नयाँ कथासङ्ग्रह सार्वजनिक' (**समाचारपत्र**, ७ पुस २०६५) शीर्षकमा 'आफ्नो पछिल्लो कथासङ्ग्रह द्वन्द्व रुपान्तरण पछिका विषयवस्तुमा आधारिक कथा समेटिएको कुरा उहाँले बताउनुभयो' भनी उल्लेख गरेका छन् ।

रमण घिमिरेले 'कथाहरूमा देश' (**नेपाल,** ४ फागुन २०६५) शीर्षकमा उक्त सङ्ग्रहभित्र समावेश भएका कथाहरूका विषयको संक्षिप्त चर्चा गरेका छन् **काठमाडौँमा कामरेड** भित्रका कथाहरूमा कुनै पनि पार्टी, संस्था र व्यक्तिभित्रको संस्कार-कुसंस्कार समेटिएको छ । देशको अव्यवस्थित र लथालिङ्गपनको साह्रै सटिक र स्पर्शी व्याख्या गरेका छन् । तसर्थ उनका कथामा पाइने मौलिक सार नै मानिस हो ।'

राजाराम गौतमले 'संक्रमणकालीन सामयीकी' (**कान्तिपुर,** १० फागुन (२०६५) भन्ने लेखमा 'मुख्यतया दीर्घकालीन शान्ति प्रक्रियाको क्रममा भइरहेको राजनीतिक

रुपान्तरणको अभ्यास र यसमा आइपरेका चुनौतीलाई कथामा समेटिएका छन् । संक्रमणकालीन परिवेश र घटनाक्रमलाई उन्दै शाहले यो सङ्ग्रह तैयार पारेका हुन् । समसामयिक राजनीति र सामाजिक परिवेशमा बुनिएका उनका कथाले मूलतः राजनैतिक नेतृत्वको चरित्रमाथि प्रश्न गरेका छन् । बन्दुकको दम्भप्रति वाण हान्दै बन्दुकविहीन कानुनी राजको वकालत कथामा गरिएको छ' भन्दै कथासङ्ग्रहको मूल मर्म केलाउने प्रयत्न गरेका छन् ।

सुवास ढकालले **काठमाडौँमा कामरेड** (साप्ताहिक, ७ चैत २०६५) शीर्षकको लेखमा 'अहिलेको नेपाली समाज, नेपाली समाजमा राजनीतिले पारेको प्रभाव, त्यस्तो प्रभावमा हुर्किएको अहिलेको पुस्तामा देखिएको संस्कारजन्य विकृतिहरू प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा समावेश गरिएका छन्' भनी यसको विषयमाथि टिप्पणी गरेका छन् ।

समाज भोक, रोग, शोक, दया-माया, घृणा, शोषण, अन्याय, अत्याचार, रीतिरिवाज, धर्म, संस्कृति, परम्परा आदि विविध विषयवस्तुहरूको एक विशाल भण्डार हो । कृतिकार समाजकै सदस्य हुनाले यी हरेक पक्ष र साहित्यबीच कुनै न कुनै रुपमा अर्न्तसम्बन्ध रहेको हुन्छ । कृतिमा रहने यिनै सामाजिक विषयवस्तु एवम् मानवीय संवेदनालाई समीक्षा, विश्लेषण र मूल्याङ्कन गर्नु बढी वाञ्छनीय हुनेछ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको प्रकाशन भएपछि विभिन्न पत्रपत्रिकामा यसबारे विश्लेषण र मूल्याङ्कन भइरहेका छन् । यसबारे आंशिक चर्चा भए पनि समग्र विषयमा अध्ययन विश्लेषण भएको पाइँदैन । युद्ध र द्वन्द्वपछिको संक्रमणशील नेपालका कथा व्याथा बुनिएका उनका कथाहरूले तत्कालीन नेपाली समाजको चित्रण गरी परिवर्तनशील यस घडीमा सम्पूर्ण जनतालाई सचेत रहन आग्रह गरेका छन् । वर्तमान समसामयिक परिवर्तनको पदचापले खारिएको उनको **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययनले यी विषयलाई प्रकाशमा ल्याउन बल मिल्ने हुनाले समाजशास्त्रीय अध्ययनको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

कथाकार महेशविक्रम शाहको **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा सङ्कलित कथाहरूलाई कथा तत्वका आधारमा विश्लेषण गर्दै समाज र साहित्यको सामाजिक सम्बन्धका सूचकका आधारमा उक्त सङ्ग्रहको समाजशास्त्रीय अध्ययन र विश्लेषण प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन गर्नका लागि पुस्तकालयीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ । विभिन्न विद्धानहरूका सल्लाह लिनुकासाथै सम्बन्धित विषयमा प्रकाशित समाग्रीको अध्ययन गरी सङ्कलित सामाग्रीको ब्याख्या विश्लेषण गरिएको हुँदा विश्लेषणात्मक एवम् तुलनात्मक विधिको समेत प्रयोग हुनेछ ।

## १.१० शोधपत्रको परेखा

प्रस्तुत शोधकार्यको रूपरेखा यसप्रकार रहेको छः-

- पहिलो परिच्छेद - शोधपरिचय
- दोस्रो परिच्छेद - कथाकार महेशविक्रम शाहको रचनाधर्मिता
- तेस्रो परिच्छेद - समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक परम्परा
- चौथो परिच्छेद - कथा तत्त्वका आधारमा **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको अध्ययन
- पाँचौं परिच्छेद - **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको विश्लेषणको समाजशास्त्रीय आधार
- छैठौं परिच्छेद - निष्कर्ष

# परिच्छेद-दुई

# महेशविक्रम शाहको रचनाधर्मिता

## २.१ लेखक परिचय एवम् शिक्षादीक्षा

साहित्यकार महेशविक्रम शाहको जन्म वि.सं. २०२२ साल भाद्र १५ गते पिता सुरतबहादुर र माता विमलादेवी शाहको कोखबाट अछाम जिल्लाको वैजनाथ-३ कालिमाटीमा भएको थियो । प्रवेशिकासम्मको शिक्षादीक्षा कैलालीको टीकापुरबाट पूरा गरेका शाह उच्च शिक्षाको लागि अमृत साइन्स क्याम्पसमा भर्ना भए । एम.बि.ए., बी.एल. र बी.एस.सी.सम्मको औपचारिक अध्ययन गरिसकेका शाह पेसाले हाल प्रहरी उपरीक्षक छन् । उनको हालको बसोबास महाराजगञ्ज, काठमाडौँमा रहेको छ ।

## २.२ साहित्य लेखन, प्रेरणा र प्रभाव

कक्षा आठ पढ्दादेखि नै सिर्जना गर्न लागेका शाह आफूले अध्ययन गर्ने विद्यालयका गुरु धनञ्जय तिमिल्सिनासँग निकटस्थ थिए । गुरु तिमिल्सिना आफै साहित्यकार भएकाले शाहलाई साहित्य लेखनमा प्रेरणा दिइरहन्थे । तिमिल्सनाको सहयोगबाट नै पूर्णप्रकाश नेपाल 'यात्री'सँग उनको राम्रो परिचय हुन पुग्यो । स्वयं कथाकारका अनुसार "धनञ्जय गुरुको सिकाइले मैले भानुभक्त, मोतीराम, गोठाले, विकल, सिद्धिचरण र रिमाललाई चिने, भूपी र पारिजातलाई पनि ...........।" बाल्यकालमा थारू गाउँमा बिताएका क्षणहरू र थारू बस्तीमा अनुभव गरेका विविध घटनाले कथाकार शाहलाई भर्खरै साहित्यमा उतारौँ भन्ने जोस पैदा गर्थ्यो । फलस्वरूप उनी साहित्य लेखन तर्फ अग्रसर भए ।

पूर्णप्रकाश नेपाल 'यात्री' सम्पादक रहेको **हिमाली सौगात** साहित्यिक पत्रिकामा वि.सं. २०३५ सालमा 'साहित्यका फूल सापकोटा' कविता र महानन्द सापकोटामाथि एक निबन्ध प्रकाशित भएको थियो । पहिलो कथाकृति भने महेन्द्रनगरबाट प्रकाशित हुने **साप्ताहिक वार्ता** पत्रिका (वि.सं. २०३६)मा 'आमा' शीर्षकमा प्रकाशित भएको थियो । प्रवेशिका परीक्षा अगाडि एउटा छन्दोबद्ध खण्डकाव्य, एउटा निबन्ध सङ्ग्रह, एउटा कथा सङ्ग्रह र दुईवटा कवितासङ्ग्रह तैयार पारे पनि प्रकाशन नभएको कुरा (जीवन वृत्तान्त-पृ.२) नामक लेखमा उल्लेख छ । पूर्णप्रकाश नेपाल 'यात्री'ले वि.सं. २०३६ सालमा लेखेको 'सेतीका तारा' नामक कृतिमा सेतीको उदयीमान साहित्यिक प्रतिभाका रूपमा तस्वीर सहित व्यक्तिगत विवरण र प्रतिभाका बारेमा उल्लेख गरिनुले पनि उनलाई थप सिर्जना

गर्न हौसला मिलेको पाइन्छ । हालसम्म प्रकाशित कृतिहरूमा **सटाहा** (कथासङ्ग्रहः २०५३), **'सिपाहीकी स्वास्नी'** (क.सं.२०५९), **'अफ्रिकन अमिगो'** (क.सं.: २०६०), **'छापामारको छोरो** : २०६३) र **'काठमाडौँमा कामरेड'** (क.सं. : २०६५) आदि रहेका छन् ।

## २.३ प्रकाशन तथा सम्पादन

साहित्यिक पत्रिका प्रकाशन तथा सम्पादन कार्यमा पनि शाहको योगदान रहेको छ । वि.सं. २०४५ सालमा टिकापुर भूतपूर्व विद्यार्थी समाजबाट प्रकाशित **टिकापुर आवाज**को प्रधानसम्पादक तथा २०४६ सालमा 'टिकापुर भूतपूर्व विद्यार्थी समाज' प्रकाशक रहेको सेट्स स्मारिकाको सम्पादन गरेका थिए । वि.सं. २०४६ सालमा प्रकाशन सुरु गरिएको साहित्यिक त्रैमासिक **अनुराग**को संस्थापक, सम्पादक, २०४६ सालमै कवि तथा गजलकार लालिजन रावलको गजल सङ्ग्रह 'बिरानो यो ठाउँमा' प्रकाशन तथा २०५० सालमा 'वैद्यनाथ क्षेत्र विकास संस्था अछामद्वारा प्रकाशन भएको 'वैद्यनाथ क्षेत्र स्मारिका'को सम्पादकको रूपमा पनि शाहको योगदान रहेको छ ।

## २.४ नाटक मञ्चन तथा अभिनय

कथाकार शाहको संलग्नता लेखनका अलवा मञ्चन तथा अभिनयका क्षेत्रमा पनि रहेको छ । उनले कक्षा ६ को विद्यार्थी रहँदा 'सत्यवादी हरिश्चन्द्र' नाटकमा राजा हरिश्चन्द्रकी रानी ताराको भूमिका निर्वाह गरेका थिए । वि.सं. २०३५ सालमा टिकापुर स्कुलको वार्षिकोत्सवमा आयोजित साँस्कृतिक कार्यक्रममा आफैले लेखेको पहिलो एकाङ्की नाटक 'सासुबुहारीको झगडा'को निर्देशन गरी मञ्चन गराएका थिए । वार्षिकोत्सवको कार्यक्रममै वि.सं. २०३६ सालमा प्रदर्शित विजय मल्लको 'कोही किन बर्वाद होस्' नाटकको मुखपात्रको रूपमा र 'पृथ्वीनारायण शाह' नाटकमा पृथ्वीनारायण शाहको भूमिकामा अभिनय गरेको पाइन्छ ।

नेपालको ख्याति प्राप्त नाट्य समूह आरोहणले प्रयोगधर्मी रङ्गकर्मी अनुप बरालको निर्देशनमा गुरुकूलको बालकृष्ण सम थियटरमा 'कथादेश' मञ्चन गराएका थिए । उक्त कथा मञ्चनमा भारतीय साहित्यकारहरू प्रेमचन्द्र र अमृता प्रितमका साथै नेपाली कथाकारमध्ये महेशविक्रम शाहको 'चिहान' कथा मञ्चन गरिएको थियो । आरोहण

समूहको प्रस्तुति र चर्चित रङ्गकर्मी अनुप बरालको निर्देशनमा शाहको 'खुमा' कथामा आधारित नाटक मञ्चन गरिएको थियो । जसमा 'खुमा' सर्वोत्कृष्ट नाटक भएको थियो । यस नाटकलाई जापानी भाषामा पनि अनुवाद गरिएको छ । यसैगरी **अफ्रिकन अमिगो**मा सङ्ग्रहित 'पुनरागमन' र 'चोखाउनी' कथाहरू मञ्चन भइसकेका छन् । वि.सं. २०५९ सालमा **सिपाहीकी स्वास्नी** कथासङ्ग्रह मा सङ्ग्रहित कथा 'सिपाहीकी स्वास्नी' माथि नेपाल प्रहरी श्रव्य दृश्य शाखाले टेलिफिल्म निर्माण गरी नेपाल टेलिभिजनबाट प्रसारण गरेको थियो ।

## २.५ पेसा तथा भ्रमण

वि.सं. २०४६ साल माघ २९ गते प्रहरी सेवामा प्रवेश गरेका शाह हाल प्रहरी उपरीक्षक पदमा बाँके जिल्लामा कार्यरत हुनुहुन्छ । पेसा वा अन्य अवसरहरूमा शाहले भारत, पाकिस्तान, थाइल्याण्ड, इन्डोनेसिया, सिङ्गापुर, मलेसिया, पूर्वीटिमोर, अष्ट्रेलिया, मोजाम्बिक, जिम्वाबे, वोत्सवाना, मलावी, दक्षिण अफ्रिका, बेलायत, फ्रान्स र हाइटी आदि देशमा भ्रमण गरिसकेका छन् ।

## २.६ अन्य संलग्नता

कथाकार शाहको विविध क्षेत्रमा संलग्नता देखिन्छ । नेपाल प्रहरी प्रोजेक्टबाट वि.सं. २०५५ सालमा प्रकाशन गरिएको 'फोटोग्राफी प्रारम्भिक घटनास्थल अनुसन्धान भाग १', युनिसेफले वि.सं.२०५६ सालमा प्रकाशन गरेको 'चेलीबेटी बेचबिखन अपराध निर्देशिका' तथा बाल यौन शोषण अपराध अनुसन्धान निर्देशिका र समग्र प्रकाशनबाट २०६१ सालमा प्रकाशित 'भौतिक सवुत सङ्कलन तथा संरक्षण' आदि लेखहरू प्रकाशित गराएको पाइन्छ । शाहले नेपाल प्रहरीको रूपमा रहँदा संयुक्त राष्ट्रसंघीय मिसन मोजाम्विकमा चुनाव पर्यवेक्षक, संयुक्त राष्ट्र संघीय मिसन पूर्वी टिमोरमा अपराध अनुसन्धानको विशेषज्ञ प्रशिक्षकको रूपमा पनि कार्य गरिसकेका छन् । संयुक्त अधिराज्य समुन्द्रपार विकास प्रकाशनअन्तर्गत नेपाल प्रहरीमा सञ्चालित नेपाल प्रहरी प्रोजेक्टमा कार्य अनुभव, नेपाल प्रहरीमा DANIDA र HUGOU द्वारा सञ्चालित Soco PILOT PROJECT को Manager को रूपमा करिब २ वर्षको कार्यानुभव, संयुक्त अधिराज्यको

लङ्कासायर तथा नर्थ अम्ब्रिया काउन्टीको प्रहरी प्रधान कार्यालयका प्रहरी अधिकृतहरूसँग संलग्न रही १/१ हप्ते घटनास्थल अनुसन्धानसम्बन्धी व्यवहारिक कार्यानुभव र नेपाल प्रहरीको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा ७ वर्ष र क्षेत्रीय प्रहरी तालिम केन्द्रमा ३ वर्ष गरी १० वर्ष प्रशिक्षकको रूपमा कार्य गरी नेपाल प्रहरीमा घटनास्थल अनुसन्धान विज्ञका रूपमा परिचित छन् ।

## २.७ सम्मान तथा पुरस्कार

संख्यात्मक लेखनभन्दा गुणात्मक लेखनमाा ध्यान दिने शाहले नेपाली साहित्यमै सर्वोत्कृष्ट पुरस्कार मानिने मदनपुरस्कार **छापामारको छोरो** (२०६३) कथा सङ्ग्रहका लागि प्राप्त गरिसकेका छन् । वि.सं.२०३५ साल पौषमा पूर्णप्रकाश नेपाल 'यात्री' स्वदेश दर्शन यात्राको क्रममा कैलाली आएपछि टिकापुर विकास समितिद्वारा आयोजित निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार र २०३५ सालदेखि २०३७ सम्म सञ्चालित जिल्लास्तरीय निबन्ध प्रतियोगितामा पनि प्रथम पुरस्कार प्राप्त गरेका थिए । कथाकार शाहले प्राप्त गरेका अन्य पुरस्कारहरूमा- मैनाली कथा पुरस्कार (२०६१),लोकेन्द्र साहित्य पुरस्कार (२०६१), बगर सम्मान (२०५९), सुदुर पश्चिमाञ्चल सरोकार मञ्चबाट अभिनन्दन (२०६३), प्रहरीप्रधान कार्यालय नक्सालबाट सम्मान (२०६४), नेपाली आख्यान समाजबाट सम्मान (२०६०) र पानीपोखरी युवा क्लव काठमाडौँबाट सम्मान (२०६४) आदि रहेका छन् ।

## २.८ कथाकार शाहका कथाहरूको सामान्य परिचय

### २.८.१ 'सटाहा' कथासङ्ग्रहको विश्लेषण

**सटाहा** कथासङ्ग्रह कथाकार शाहको प्रकाशनका दृष्टिले पहिलो सङ्ग्रह हो । वि.सं. २०५३ सालमा अनुराग प्रकाशनद्वारा प्रकाशित उक्त सङ्ग्रहभित्र १५ वटा कथाहरू संकलन गरिएको छ । स्वदेश तथा विदेशको पृष्ठभूमिमा लेखिएका कथाहरूमा मूलतः सामाजिक, पारिवारिक एवम् वैयक्तिक विषयवस्तुलाई समेटिएको छ (भट्टराई, २०६६: ४२) । थारूहरूको सामाजिक परिवेश, आर्थिक स्थिति, नारी संवेदना तथा मानवीय जीवनमा भोग्नुपर्ने यथार्थ घटनालाई सहज ढङ्गबाट प्रस्तुत गरिएको छ । थारू संस्कृतिमा हुर्केका शाहले थारू जातिको रहनसहन, विवाह, जातीय आचरण तथा पशुलाई उपयोगका लागि मात्र प्रयोग गर्न चाहने व्यक्तिको मानसिकता, सेनामा लागेको व्यक्तिका मनस्थिति, गरिब परिवारको दुःख, विडम्बना, अन्तर्राष्ट्रिय घटना, देशको यथार्थता, कमैयाको कथा, आधुनिक विकृतिले गाँजेको विश्व, पति पत्नीमा देखिएको अन्तर्द्वन्द्व जस्ता घटना वरिपरि रहेर यस कथा सङ्ग्रहका कथाहरूको कथानक निर्माण भएको छ ।

उक्त सङ्ग्रहभित्र स्थिर र गतिशील, लिङ्गका आधारमा पुरुष र महिला, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल दुवै पात्रहरू देखिन्छन् । पात्रहरूले आफ्नो उमेर, लिङ्ग, आर्थिक अवस्था, वर्ग, सामाजिक आधार जस्ता विविध पक्षको प्रतिनिधित्व गरेका छन् । ग्रामीण परिवेश अधिक पाइने यस सङ्ग्रहमा काठमाडौँका अलवा अफ्रिकन देशको ग्रामीण तथा सहरी चित्रहरूलाई यथार्थ तथा स्वैरकल्पनात्मक रूपमा घटनाहरूको सु-संयोजन गरिएको छ । स्थानीय थारू समाज, क्षेत्रीयता तथा विदेशी यी तीनवटै ठाउँको परिचय दिने भाषाशैलीको प्रयोग तथा प्रतिक र विम्बको प्रयोगले कथाहरू थप रोचक एवम् मार्मिक बन्न पुगेका छन् ।

### २.८.२ 'सिपाहीकी' स्वास्नी कथासङ्ग्रहको विश्लेषण

शाहको दोस्रो कथा सङ्ग्रहका रूपमा **सिपाहीकी स्वास्नी** बगर फाउण्डेशनबाट वि.सं. २०५९ सालमा प्रकाशित भएको हो । एक सय उनन्चालीस पृष्ठमा फैलिएको उक्त कथासङ्ग्रहभित्र जम्मा १८ वटा कथा समावेश छन् । कथाकार शाहले वि.सं. २०५२-२०५९ सम्मको करिब एक दशकमा देशमा मडारिएको अशान्तिको कालो बादललाई

यथार्थपरक ढङ्गबाट उतार्न सफलता पाएका छन् । यस सङ्ग्रहभित्र सामाजिक समस्याहरू, खुल्ला यौनजन्य र अपराधिक कार्यहरू, द्वन्द्वग्रस्त समयमा भेल्नु परेका पीडा र यसबाट त्रसित समाजको मनस्थिति, गरिबीको चपेटामा बाँच्न विवश पक्षहरू, पारिवारिक व्यक्तिगत र सामन्तवादी संस्कारबाट ग्रसित मानव जीवनका विभिन्न समस्याहरूलाई यथार्थपरक ढङ्गबाट उठाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । मालिकहरूले नोकरमाथि गर्ने पशुवत व्यवहार, देशका प्रशासनिक एकाईहरूमा देखिने व्यभिचार एवम् कानुनी राज्यको उपहास, उपनिवेशिक देशले अर्को देशमाथि गरेको आक्रमण जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरूलाई सामाजिक, पारिवारिक, मनोवैज्ञानिक र यौन विषयसँग सम्बन्धित घटनाको संयोजनबाट विषयवस्तुको चयन भएको छ ।

विविध पात्रहरूको प्रयोग, गाउँले परिवेश, मान मर्यादा, आम समभदारी, नैतिक जिम्मेवारी र सहिष्णुतालाई सहज ढङ्गले कथामा प्रवेश दिइएको छ । आइमाईलाई 'बैकनी', ढिडोलाई 'काङ' ... जस्ता स्थानीयता भल्काउने भाषाको प्रयोग भएको छ । प्रतिकात्मक भाषा, बिम्बहरूको प्रयोग, संवादात्मक शैली, आत्मकथनात्मक, सम्बोधनात्मकआदि शैली मार्फत् कथालाई थप रोचक तुल्याइएको छ ।

### २.८.३ 'अफ्रिकन अमिगो' कथासङ्ग्रहको विश्लेषण

वि.सं. २०६० सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशन भएको **अफ्रिकन अमिगो** कथासङ्ग्रहभित्र जम्माजम्मी १५ वटा कथाहरू संकलन गरिएको छ । निम्नवर्गीय समाजको चित्रणका साथै ग्रामीण सहरिया र विदेशी पृष्ठभूमि गरी त्रिपक्षीय विषयका आधारमा कथालेखन गरिएको छ । **अफ्रिकन अमिगो** कथासङ्ग्रहका कथाहरूले युद्धबाट आहात बनेको अफ्रिकन मुलुक मोजम्बिकमा आर्थिक अभाव, राजनीतिक अस्थिरता, शिक्षाको अभाव आदि पक्षले बालबालिकाको पढ्न, लेख्न पाउने अधिकारबाट वञ्चित बाल मजदुर, वेश्यावृत्ति रोगव्याधी (एड्स) आदिको चित्रण छ । स्वदेशी परिवेशका कथाहरूमा सुदुरपश्चिमाञ्चल क्षेत्रको ग्रामीण भेगका मानिसहरूको दुःखद् व्यथाहरूको प्रतिबिम्ब, थारु जातिको संस्कृति, समाजका भोक, रोग, दया, माया, घृणा, शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार, संस्कृति, रीतिरिवाज आदि सामाजिक यथार्थतालाई समावेश गरेका छन् । खान लगाउनका लागि बाह्रै महिना संघर्ष गर्नुपर्ने, काम गर्दा उच्च जोखिम मोल्नुपर्ने, संस्कृतिका नाममा मुटुका टुक्राभन्दा प्यारा सन्तानलाई बन्धक राख्नुपर्ने, कुरीति,

अन्धविश्वास र परम्परालाई व्यक्त गरिएको छ । संवादात्मक वर्णनात्मक, सरल एवम् विशुद्ध नेपाली भाषाको प्रयोग भएको यस कथासङ्ग्रहभित्र क्षेत्रीय भाषाको प्रयोग पनि भएको देखिन्छ । यस पृष्ठभूमिमा कथाकार शाहले आञ्चलिक कथाकारको परिच दिएका छन् ।

## २.८.४'छापामारको छोरो' कथासङ्ग्रहको विश्लेषण

**छापामारको छोरो** कथाकार शाहको वि.सं. २०६३ सालमा साझा प्रकाशनद्वारा प्रकाशित चौथो कथासङ्ग्रह हो । यसमा १८ वटा कथाहरू समावेश गरिएको छ । नेपाली साहित्य क्षेत्रकै सर्वोत्कृष्ट मानिने मदन पुरस्कार (२०६३) बाट पुरस्कृत यस सङ्ग्रहमा विशेष गरी द्वन्द्वात्मक र समसामयिक कथाहरू समावेश गरिएका छन् ।

नेपाली साहित्य लेखनको परम्परामा देशको समसामयिक राजनीतिले पनि केही हदसम्म प्रभाव पारिरहेको छ । वि.सं. २००७ सालको प्रजातन्त्र, २०१७ सालपछिको पञ्चायती व्यवस्था, २०३६/३७ को जनमतसङ्ग्रह, २०४६ सालको बहुदलीय व्यवस्था, २०५२ पछिको सशस्त्र युद्ध र द्वन्द्वसँग सम्बन्धित विषयवस्तुमा आधारित छन् । दस वर्षे सशस्त्र युद्धमा सरकारले विद्रोहीका माग दवाउने र विद्रोहीले माग जारी राख्ने सन्दर्भमा भएको युद्धले गर्दा समाजले भोग्नु परेका पीडा र त्यस समयको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक रूपमा चर्किएको विवादलाई उक्त कथासङ्ग्रहमा द्वन्द्वका माध्यमबाट दर्शाइएको छ ।

विवश वस्ती(२०६४)ले **'दस वर्षको द्वन्द्वस्वर'** (सम्बोधन, २५ जेठ : २०६४) भन्ने लेखमा-सङ्ग्रतः कथाशिल्पी शाहका कथाहरू नेपालको इतिहासमा दस वर्षसम्म तन्किएको हिंसात्मक द्वन्द्वको साहित्यिक इतिहास बन्न पुगेको छ । छापामारको छोरोले उनमा रहेको प्रवल, प्रखर कथाकारितालाई सुनौलो गोरेटो निर्माणार्थ सहयोग पुऱ्याएको छ । प्रस्तुत कथा सङ्ग्रहमा कथाकार शाहले युद्धभूमिमै टेकेर त्यहाँका जनताका पीडा र वेदनाहरूलाई प्रत्यक्ष भोगेर कथामा ढालेका छन् । तसर्थ **छापामारको छोरो** देशभित्रका युद्धपीडा र संवेदनाको प्रामाणिक आख्यान दस्तावेज हो ।' भन्ने धारणा प्रस्तुत गरेका छन् । कथामा युद्धका दुवै पक्षहरूको रक्तोन्माद र संवेदनहीनता, खण्डहर बनेका गाउँहरूको कथा, राज्य संयन्त्रको निरीहता र निस्क्रियता, बिस्कुनझैँ ओछ्याइएका लासहरू र लासमाथि हाँसिरहेका विवेकहीन र संवेदनाशून्य मान्छेका चरित्रहरू, लासको गन्धबाट समेत भाग्न

खोज्ने मान्छेहरूको कायरता, द्वन्द्वमा पनि कुर्सीमोहमा फसेका नेताहरूको भ्रष्ट चरित्र, विद्रोही पक्षका लडाकूहरूको मानसिकता, छापामारको परिवारले राज्यपक्षबाट पाएको यातना र द्वन्द्वबाट पीडित नागरिकले मृत्युवरण गरेको कारुणिकता जस्ता विविध पक्षहरूको सजिव चित्रण गरिएको छ । अन्ततः शान्तिको मार्ग नै मानव विकासको सर्वोत्तम विकल्प हो भन्ने सन्देश **छापामारको छोरो** कथा सङ्ग्रहमा मुखरित गरिएको छ ।

## २.९ कथाकार शाहका कथागत प्रवृत्ति

कथाकार शाहका कथागत तथा अन्य प्रवृत्तिहरू निम्नानुसार रहेका छन्:-

१. सामाजिक विषयवस्तु:- साहित्यकार समाजको एउटा सदस्य भएकाले ऊ समाजको प्रभावबाट भिन्न रहन सक्दैन । कथाकार शाहमा पनि बाल्यकालीन अवस्थामा थारु समाजको प्रभाव परेको कुरा स्वयम् लेखकले बताएका छन् । समाज भोक, रोग, दया, माया, हिंसा, घृणा, शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार, रीतिरिवाज तथा परम्परा आदिको भण्डार हो । यिनै सामाजिक विषयवस्तु र मानवीय संवेदनालाई टपक्क टिपी कथामा सजाउनु कथाकारको कलाकारिता हो । कथाकार शाहले ग्रामीण एवम् सहरी दुवै परिवेशलाई विषयवस्तुको रूपमा ग्रहण गरी कथा कृतिहरूको स्वरूप दिएका छन् ।

२. द्वन्द्वप्रधान विषयवस्तु:- कथाकार शाहका कथा पछिल्लो समयमा आएर द्वन्द्वप्रधान देखा पर्न थालेका छन् । **अफ्रिकन अमिगो**, **सिपाहीकी स्वास्नी** र **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरू द्वन्द्वप्रधान रहेका छन् । पछिल्लो समयमा प्रकाशित **छापामारको छोरो** पूर्णतः द्वन्द्वमा आधारित कथा हो भने **काठमाडौँमा कामरेड** कथा सङ्ग्रहका कथा पनि माओवादी र सरकारबीच भएको द्वन्द्व पश्चात् शान्तिपूर्ण अवस्थामा आएपछि पनि द्वन्द्वको पूर्ण समाधान नभएको पुनः हिजोका दिन फर्कन सक्ने खालका विषयहरू रहेका छन् ।

३. आञ्चलिकता : कुनै क्षेत्र विशेषमा आधारित भएर सीमित विषयमा आधारित भएर लेखिने कृतिहरू आञ्चलिकताले युक्त कथा कृति हुन् । कथाकार शाहको सुरुको कथासङ्ग्रह **सटाहा**का कथामा आञ्चलिकताको सुरुवात भएको देखिन्छ । यस सङ्ग्रहको 'तृष्णा' कथा आञ्चलिकतायुक्त कथा हो । पछिल्लो समयको **काठमाडौँमा**

**कामरेड** कथासङ्ग्रहका अधिकांश कथाहरू काठमाडौंको परिवेशमा लेखिएकाले यस सङ्ग्रहमा आउँदासम्म पनि आञ्चलिकताका लक्षणहरू देखा पर्छन् ।

४. अन्तर्राष्ट्रिय पृष्ठभूमि र चरित्रको उदाहरण र प्रमाण : कथाकार शाहले विदेशी पृष्ठभूमिका कथाहरू पहिलो कथासङ्ग्रह **सटाहा** मार्फत लेख्न थालेका हुन् । **सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो, छापामारको छोरो** र पछिल्लो कृति **काठमाडौंमा कामरेड** कथा सङ्ग्रहमा पनि विदेशी पृष्ठभूमि कथाहरूले स्थान पाएका छन् । पछिल्लो सङ्ग्रहमा 'मापुतोकी मेरी', 'ऊ, म र वन्डाईबिच' जस्ता कथाहरू विदेशी परिवेशमा बुनिएका छन् ।

५. ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण : कथाकार शाह थारू समाजको आसपासमा हुर्किएकाले उनका अधिकांश कथाहरूमा ग्रामीण परिवेशको प्रभाव देखिन्छ यसका अलवा काठमाडौं तथा विदेशी सहरको चित्रण केही कथाहरूमा गरिएकाले उनका कथामा ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण पाइन्छ ।

६. स्थानीय क्षेत्रीय भाषिकाको प्रयोग : कथाकार शाहले उनका केही कथामा स्थानीय एवम् क्षेत्रीय भाषिकाको प्रयोग भएको देखिन्छ । **काठमाडौंमा कामरेड** कथासङ्ग्रहको 'गुलाबसिंह बन्यो विष्फोट सिंह', 'रोजर सेन्ड ओभर', 'थुप्तेन ग्याछो' आदि कथाहरूमा यस किसिमको भाषाको प्रयोग छ । कथामा प्रयोग भएका बैकनी ( आइमाई),काङ (ढिडो) भाती (मकैको आटो), सिन्योर (श्रीमान) आदि शब्दले स्थानीयपन झल्काउँछन् ।

७. दूरदर्शिता : कथालेखनमा दूरदर्शिता दिन सक्नु शाहको प्रवृत्तिगत विशेषता हो । भोलिका दिनमा हुने कुरालाई कथाको विषय बनाएर प्रस्तुत गर्न उनी सिपालु देखिन्छन् । 'मिकी माउस' कथामा एक्काइसौं शताब्दीका अलवा बाइसौं शताब्दीको कल्पना छ जुन भोलिका दिनमा नहोला भन्न सकिँदैन । 'ऊ पनि काठमाण्डू' ,'मापुतोकी मेरी', 'नयाँराजाहरू', 'छिमेकीको छाता र छाडा छोराहरू' आदि कथामा भोलिको संभावनालाई कथामार्फत् प्रष्ट पार्ने काम उनले गरेका छन् ।


कथाकार शाहका माथिका प्रवृत्तिका साथै लेखनमा व्यवसायिक प्रभाव, प्रकृति चित्रण, समसामयिकतामा विशेष जोड, लेखनमा सचेतना, मानवीय संवेदनाप्रति सचेत जस्ता अनेक प्रवृत्तिहरू भेट्न सकिन्छ ।

## २ .१० नेपाली कथा परम्परामा, 'काठमाडौँमा कामरेड' कथासङ्ग्रहको स्थान निर्धारण

### २.१०.१ नेपाली कथा परम्परा

नेपाली कथाको इतिहासमा वि.सं.१८२७ मा शक्तिवल्लभ अर्ज्यालद्धारा लिखित 'महाभारत विराटपर्व' नै लेखकको नाम र रचना समय उल्लेख भएको पहिलो कथात्मक कृति मानिन्छ । संस्कृत साहित्यबाट अनुदित भएर नेपाली कथाको सुरुवात भएपछि पौराणिक, धार्मिक, नैतिक, लोकोपयोगी, जादुगर, तिलस्मी, औषधोपचार जस्ता विषयका कथा लेखिँदै माध्यमिक कालमा आएपछि छापाखानामा प्रवेश पायो । वि.सं. १९९२ सालभन्दा अगाडिका केही कथाहरूमा आधुनिकताका लक्षणहरू देखिए पनि गुरुप्रसाद मैनालीले वि.सं. १९९२ सालमा नासो कथा लेखेपछि आधुनिकताले प्रवेश पाएको मान्न विश्लेषकहरू तैयार देखिन्छन् । यही आधुनिक कालका कथाकारहरूमध्ये महेशविक्रम शाहको स्थान पनि उच्च देखिन्छ ।

वि.सं.१९९२ सालदेखि सुरू भएको आधुनिक नेपाली कथाले हालसम्म सत्तरी दशकभन्दा बढी समय पार गरिसकेको छ । यस समयावधिमा विभिन्न कथाकारहरूले विभिन्न दशकमा छुट्टाछुट्टै प्रवृत्तिहरूको विकास गराएका छन् । यी प्रवृत्तिहरूलाई समेट्ने क्रममा दयाराम श्रेष्ठले नेपाली कथाको एउटा ढाँचा तैयार पारेका छन् । यसकै आधारमा लेखक, प्रवृत्ति र दशकको संक्षिप्त अध्ययन यस प्रकार छ :-



### २.१०.१.१ प्रथमचरण

वि.सं. १९९२ देखि २०१९ सम्मको अवधि नेपाली कथा लेखनमा प्रथम चरणले परिचित छ । यस समयभित्र सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा र समाजवादी/प्रगतिवादी, यथार्थवादी धारा बढी सशक्त देखिन्छन् । गुरुप्रसाद मैनालीले 'नासो' कथा लेखेपछि सुरु भएको आधुनिक कालमा आदर्शोन्मुख सामाजिक यथार्थवादको सुरुवात गर्ने श्रेय पनि मैनालीलाई नै जान्छ । यथार्थवादको विस्तार आदर्शवादसम्म लम्बिएको हुनाले आदर्शोन्मुख यथार्थवाद उनको मूल प्रवृत्ति भएको छ । सामाजिक जीवनका त्रासद स्थिति, समाजमा बढ्दो विकृति र खराबीहरू, नारी वर्गको दुःखपूर्ण स्थिति, मानिसहरूको स्वार्थपूर्ण व्यवहार, आडम्बरयुक्त रीति-परम्परा, गरिब वर्गको दुर्नियति आदि यस धाराका कथाकारहरूका विषयवस्तु बनेका छन् (श्रेष्ठ, २०६०: २६) । कथाकारहरूले आफ्ना कथा मार्फत् सामाजिक मूल्य र मान्यताको आलोचना, कुरीति एवम् परम्परावादी रूढीग्रस्त विचारको प्रतिवाद, समाज सुधारको आग्रह र मानवीय चरित्रका यथार्थ कुराको सटिक वर्णन गर्ने कथाकारहरूमा रूपनारायण सिंह, बालकृष्ण सम, शिवकुमार राई, आच्छा राई 'रसिक', दौलतविक्रम विष्ट, पुष्कर समशेर आदि रहेका छन् ।

आधुनिक नेपाली कथाको प्रथम चरणमै सशक्त रूपमा देखा परेको अर्को चरण मनोवैज्ञानिक यथार्थवाद हो । यस धारालाई नेपाली कथामा प्रविष्ट गराउने योगदान कथाकार विश्वेश्वरप्रसाद कोइरालालाई (चन्द्रवदन) जान्छ । रूसी कथाकार गोर्की, चेखोव र मनोविश्लेषणवादी विद्वान् सिग्मण्ड फ्रायडबाट प्रभावित कोइरालाले नेपाली कथामा मूलतः यौन मनोविश्लेषणलाई फूलाउने र फलाउने कार्य गरे । चाहे व्यक्ति मनका गूढ रहस्यहरू उद्घाटन गर्न होस् अथवा चाहे बाल मनका गहिराईलाई खोतल्न नै किन नहोस् यस धाराका कथाकारहरूले वैज्ञानिक भित्तिलाई आड बनाएर मार्मिक कथाहरू लेखेको पाइन्छ ( श्रेष्ठ, २०६०, २७) । यस धारालाई आधार मानेर कलम चलाउने कथाकारहरूमा विजय मल्ल, गोविन्दबहादुर मल्ल 'गोठाले', भवानी भिक्षु, तारिणीप्रसाद कोइराला, केशवलाल कर्मचार्य, पोषण पाण्डे, प्रेमा शाह, देवकुमारी थापा आदि रहेका छन् ।

नेपालको राजनीतिक इतिहासले साहित्यमा पनि प्रभाव पारिरहेको छ । वि.सं. २००७ सालको परिवर्तनको बेला राजनीतिक व्यवस्था नै जनविरोधी भएको हुनाले कथाकारहरूले आफूभित्रको जनवादी चेतनालाई लुकाउन बाध्य हुनु परेकाले मार्क्सवादी

साहित्य चिन्तनलाई सोझै व्यक्त गर्न सकेनन् तापनि गरिबीको कारणले उब्जेका जटिल मानवीय समस्या, शोषक वर्गको अन्याय र अत्याचारबाट पीडित निम्न वर्गका जनताको दयनीय स्थिति, सामन्ती संस्कारको सिकार बनेर नाटकीय जीवन बिताउन विवश निम्न-मध्यम वर्गको पीडालाई कथामा उतार्न थाले । वि.सं. २००६ सालमा रमेश विकलले 'गरिब' कथा लेखेपछि (समाजवादी/प्रगतिवादी) यस धाराले नेपाली कथाको विकासमा इँटा थप्न सहयोग पुऱ्यायो । सेवा (२००८), जनयुग (२००९), जनविकास (२०१०), प्रगति (२०१०), जनसाहित्य (२०११), साहित्य (२०१६) आदि पत्रपत्रिकाले यस धाराको लेखनमा योगदान पुऱ्याएका छन् । नेपाली कथामा पाइने समाजवादी यथार्थवादले समाजको आवश्यकता चित्रण नगरेर समाजलाई मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादका दृष्टिबाट हेर्दै वर्गविहीन व्यवस्थाको सिर्जना गर्ने आदेशलाई अनुशरण गरेको छ (गैरे, २०६३: ६३) । सामाजिक विषमता, पुँजीवादी व्यवस्थाबाट उत्पन्न नारी समस्या, सुकुम्बासी र वैतनिक कर्मचारी समस्या एवम् राष्ट्रिय अन्तर्राष्ट्रिय युद्ध र अशान्ति जस्ता समाजमा रहेका र समसामयिक समस्यालाई समाजवादी दृष्टिसहित कलात्मकताका साथ प्रस्तुत गर्नु यस धाराको विशेषता हो । यस धारामा कलम चलाउने अन्य कथाकारहरू डी.पी. अधिकारी, बालकृष्ण पोखेल, ताना शर्मा, कृष्णप्रसाद सर्वहारा, चूडामणी रेग्मी, भवानी घिमिरे, यज्ञप्रसाद आचार्य, जगदिश नेपाली आदि रहेका छन् ।

### २.१०.१.२ द्वितीय चरण

आधुनिक नेपाली कथामा दोस्रो चरणको थालनी वि.सं. २०२० सालबाट भएको मानिन्छ । यस चरणलाई नवयुग, नवचेतनावाद, आयामेली धारा आदि नामले पनि पुकारिन्छ । यस चरणमा परम्परा विरोधी साहित्यिक आन्दोलनहरू पर्याप्त मात्रामा भएका देखिन्छन् । पश्चिमा मुलुकमा विकसित विभिन्न वाद र मान्यताहरूलाई कथामा प्रवेश गराउने कार्य यस चरणमा भयो । रैखिक ढाँचाका कथानकको अस्वीकृति, न्यून कथांशको प्रयोग, नयाँ भाषिक मान्यताको प्रयोगमा खोजी, पात्रको वैकल्पिक प्रयोग वा न्यून प्रयोग, विधामिश्रण, विश्वव्यापी आयामको खोजी जस्ता नयाँ-नयाँ प्रयोगहरू कथामा गर्न थालिए । इन्द्रबहादुर राईको 'खीर' कथाबाट यस धाराको सुरुवात भएको मानिन्छ । एउटा बन्द कोठाभित्र बसेर खीर पकाउँदा खीर नभई आखिरीमा भात बनेको यथार्थतालाई कथावस्तु

बनाएर मान्छेको जीवन पनि खीर जस्तै देखाइएकोले अस्तित्ववाद, विसंगतिवाद जस्ता वादबाट जीवनदृष्टि पहिल्याइएको देखिन्छ । नवचेतनावादी धाराले कथाको रचना विधानमा क्रान्ति ल्याई पाठकवर्गलाई आफ्नै समाज, राष्ट्र र अन्तर्राष्ट्रबारे गम्भीर मनन गर्न अवसर प्रदान गर्दछ । नवीन विषयको यात्राक्रममा यसले कथाको संरचनालाई भिन्न तुल्याइदिएर पाठक वर्गको चेतना, संवेग र बौद्धिकतालाई छुने प्रयास गरेको छ (श्रेष्ठ, २०६०: ३०) । यस चरणअन्तर्गत कलम चलाउने अन्य कथाकारहरूमा परशु प्रधान, ध्रुवचन्द्र गौतम, पारिजात, मोहनराज शर्मा, गोपाल पराजुली, अशेष मल्ल, गोविन्द गिरी 'प्रेरणा', शैलेन्द्र साकार, ध्रुव सापकोटा, आदि रहेका छन् । पश्चिमा साहित्यमा विकसित विभिन्न प्रवृत्तिहरूलाई नेपाली कथामा भित्र्याएर मान्छेका जीवनका समग्र आयामहरूको अध्ययन गर्नु यस चरणको प्रमुख योगदान रह्यो ।

### २.१०.१.३ तृतीय चरण

आधुनिक नेपाली कथाको तेस्रो चरण वि.सं. २०५० देखि सुरु भई हालसम्म निरन्तर चलिरहेको छ । 'समकालीन युग' भनिएको यस चरणमा समसामयिक विविध विषयवस्तुलाई कथामा उतार्ने प्रयास भएका छन् । वि.सं. २०४६।४७ साल पश्चातको राजनीतिक स्वतन्त्रता नेताहरूका लागि ऐस आराम गर्ने, सरकार बनाउने र गिराउने, भ्रष्टाचार गरी सम्पत्ति जोड्ने बाटो भएकोमा कथाकारहरूका कलम तिनीहरूको खराब नियतीको विरोधी बन्न पुगे । सत्तामा बसेकाको खराब नियति, समतामूलक समाजको निर्माण जस्ता विविध मुद्दा लिएर वि.सं. २०५२ सालदेखि सुरु गरेको सशस्त्र द्वन्द्व र सरकारको दमन, मार्ने, मर्ने र बेपत्ता पार्ने विषयहरूले पनि प्रशस्त ठाउँ पाए । प्रजातन्त्र दलगत स्वार्थको जकडवाद बन्न पुगेको देशमा महङ्गीले आकाश छोएको र सर्वसाधारणको जीवन जटिल परिवेशमा गुज्रँदै गएको अवस्था, नेपालीहरूले विदेशमा गई भोग्नु परेको यथार्थ, नारी शोषण र बलात्कार तथा बेचबिखनको समस्या, दाइजोको समस्या, निम्न वर्ग तथा दलित वर्गका पीडा, भूमिपति र भू-माफियाको समस्या, लागु औषध र एड्स रोगको समस्या, ठगी, लुटपाट, कालो व्यापार आदि विषयलाई कथा लेखनको आधार बनाइयो । कथाकारहरूले कथा लेखनको आखिरी केन्द्रबिन्दु भनेको मानिस हो । यस समयका कथाकारहरू मानिसको कोलाहल, रोदन र छट्पटीलाई पाठक समु नचाइदिन्छन् । समाज

सापेक्ष विषय तथा मानिसको जमातभित्रबाट आएको गरिबको रोदन, झुपडीभित्रबाट मुखरित भएको त्रासदीय नाटकका शब्द-शब्दहरू, सडक-गल्लीमा भोकले व्याकुल भएका मानिसहरूको खोक्रो पेटबाट गुञ्जेको विद्रोहको गीत आदिमा आफ्नो कथाको विषय तिनीहरू खोज्दछन् (श्रेष्ठ, २०६०: ३३) । यस चरणमा कलम चलाउने कथाकारहरूमा खगेन्द्र संग्रौला, महेशविक्रम शाह, धिरेन्द्र मल्ल, सनत रेग्मी, पद्मावति सिंह, भरत भूर्तेल, ध्रुव सापकोटा, घनश्याम ढकाल, ध्रुवचन्द्र गौतम, इस्माली, माया ठकुरी, इन्दु श्रेष्ठ, सरुभक्त आदि रहेका छन् ।

तेस्रो चरण अर्थात् समसामयिक धारामा कलम चलाउने कथाकारहरूमध्ये महेशविक्रम शाह पनि एक हुन् । वि.सं. २०३६ सालमा 'आमा' कथाबाट कथा लेखन सुरू गरे पनि सङ्ग्रहका रूपमा भने पचासको दशकबाट सुरु गरेका हुन् । हालसम्म पाँचवटा कथासङ्ग्रह प्रकाशित भएका शाहको **काठमाडौँमा कमरेड** कथासङ्ग्रह समसामयिक तथा संक्रमणकालीन विषयमा लेखिएको अन्तिम कृति हो । कथा लेखनको प्रारम्भमै सामाजिक यथार्थवाद र मानवीय संवेदनालाई महत्त्व दिएर कथा लेखेका शाहको लेखनक्रम समसामयिकतालाई अँगालेर अघि बढिरहेको छ । कथामा आञ्चलिक परिवेशको सहज चित्र प्रस्तुत गरी समकालीन कथालेखनमा नवीन स्थान कायम गर्न सक्षम शाहले बाल्यकालको थारू समाज, आफू सेवामा रहँदाको स्वदेशदेखि अफ्रिकासम्मको समाज र द्वन्द्वले पिल्सिएको राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक समाजको यथार्थ चित्र कथामा उतारेका छन् । मानवीय संवेदना, आञ्चलिकता र विदेशीहरूको दासतामा बाँच्दा हुने अप्ठ्याराहरूको ज्वलन्त प्रयोग महेशविक्रम शाहका कथामा पाइन्छ (घिमिरे, २०६३:२१५) । भावाभिव्यक्तिको सशक्तता, प्रयोगात्मक शिल्पसंयोजन, मानवतातावादी दृष्टिकोण, प्रौढ एवम् गहिरो कथ्य शैली र शिष्ट र इमान्दारीपूर्ण लेखनका कारण उनका कथाहरू पाठकलाई सहजरूपमा आकर्षित गर्दछन् (**गोरखापत्र**, २०५९:८/१४) । आख्यानमा समाजको अनुहार खिच्ने शैलीलाई प्रोत्साहन गरिरहेको छ भन्दै **कान्तिपुर** (२०५९:७/१६) लेख्छ-'महेशका कथाहरूले संकटग्रस्त वर्तमान समाजको यथार्थपूर्ण दृश्य पाठक सामु राखिदिन्छन् र उनीहरूको संवेदनालाई घच्घच्याउँछन् ।' संवेदनशील समसामयिक कथाकारका यथार्थवादी अनुभूति पोखिएका यिनका कथाहरूले जीवनका नौला-नौला मर्महरूको उद्घाटन अत्यन्त प्रभावकारी ढङ्गमा गरेका छन् । यिनका कथाहरू वर्तमान

गाउँ र सहरका घनीभूत पीडा सुसाएर अविरल मात्रामा बगिरहन्छन् । कथामार्फत् जीवनका हृतस्पर्शी क्षणहरूको अंकन गर्ने सीपमा कथाकार शाह निकै पोख्त छन् ।

वि.सं. २०५३ सालमा प्रकाशित पहिलो कथा सङ्ग्रह **सटाहा**बाट आञ्चलिकताको वाह-वाह कमाएका शाहको **सिपाहीकी स्वास्नी**ले सशस्त्र द्वन्द्व र यसले निम्ताएको हिंसालाई उजागर गरेको छ । **अफ्रिकन अमिगो** अफ्रिकन मुलुकमा भएको द्वन्द्व र त्यसबाट हुने पीडालाई चित्रण गरेको छ । कथाकारले यही कथासङ्ग्रहले मलाई कथाकारको श्रेणीमा उभ्याउन सफलता दिलायो भन्ने उल्लेख गरेका छन् । नेपाली साहित्यकै सर्वोत्कृष्ट मानिने मदन पुरस्कार प्राप्त **छापामारको छोरो** कथासङ्ग्रहले नेपालमा २०५२ सालदेखि सञ्चालित सशस्त्र द्वन्द्व र त्यसको असरलाई सबैका सामु उतार्न सफलता पायो । कथा लेखनको सुरुदेखि नै युद्ध र द्वन्द्वका कथा लेखेका शाहले नेपाली कथा साहित्यमै संक्रमणकालिन कथालेखनलाई **काठमाडौँमा कामरेड** कथा सङ्ग्रह मार्फत् अगाडि बढाउने कार्यको थालनी गरेका छन् । बी.बी.सी.का संवाददाता सुशील शर्माले युद्ध र द्वन्द्वका कथा लेखेर मदन पुरस्कार पाउनुभयो, अब के शान्तिका कथा लेख्नु हुन्छ ? भनी प्रश्न गरेकोमा उनले 'म संक्रमणकालीन कथाहरू लेख्छु' भनी जवाफ दिएको थिएँ भनी 'मेरो भन्नुमा' उल्लेख गरेका छन् । यही मोडलाई समातेर अगाडि बढेका शाहले नेपाली कथा परम्परा र आफ्नै कथा लेखनको यात्रामा पनि समसामयिक संक्रमणकालीनतालाई अगाडि बढाई आधुनिक कथाको अर्को नयाँ गोरेटो बनाएका छन् ।

नेपालमा पचासको दशकदेखि सुरु भएको नेपाल सरकार र माओवादीबीचको सशस्त्र द्वन्द्वका कारण हजारौँको ज्यान जाने र बेपत्ता हुने क्रम नरोकिएपछि दलहरू मिलेर नयाँ नेपाल बनाउन जनआन्दोलन-२को आह्वान गरेपछि राजतन्त्रको अन्त्य भएर लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । यस समयमा माओवादीको तर्फबाट युद्ध लडेका लडाकुको समायोजन, शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने कार्य, जनचाहना अनुरूपको शासन व्यवस्था स्थापना गर्ने जस्ता समसामयिक आफैमा महत्त्वपूर्ण कार्यहरूको थालनी गरी राष्ट्रिय समस्याको समाधान गर्नु अपरिहार्य छ । यी विविध विषयहरूलाई **काठमाडौँमा कामरेड** कथा सङ्ग्रहभित्र संकलित कथाहरूले उजागर गरेकाले यो कथा सङ्ग्रह समसामयिक कृतिहरूमा अब्बल हुन आउँछ । देशको विकास एवम् राष्ट्रिय चासोभन्दा व्यक्तिगत स्वार्थमा लाग्ने व्यक्ति विशेषका आँखा खोल्न यस

सङ्ग्रहभित्रका कथा पढेपछि बाध्य पार्दछ । क्यान्टोनमेन्टमा रहेका छापामारहरूको किंकर्तव्यविमूढको अवस्था, गुलाबसिंह जस्तालाई विष्फोट सिंह बनाउने राजनैतिक दलका अनैतिक कार्य, छाताका माध्यमबाट छिमेकी देशले गर्ने हेपाहा प्रवृत्ति र विदेशी हस्तक्षेप, पेटपाल्न विदेशिनु पर्ने र चोर्न हिँड्नुपर्ने नेपाली समाजको अवस्था, लोकतन्त्रको उपहास राजनीतिक दलका नेता र तिनका कार्य, नेपालको प्रशासन र यसको ढीलासुस्ती जस्ता पक्षहरू लगायत संक्रमणकालीन वर्तमान नेपाली समाजको प्रतिबिम्ब यस सङ्ग्रहमा गरिएकाले उक्त कथासङ्ग्रह वर्तमान नेपालीकथाको समसामयिक धाराको उत्कृष्ट नमुना बनेको छ ।

## २.११ निष्कर्ष

वि.सं. २०२२ साल भाद्र १५ गते अछाममा जन्मिएका शाह पेशाले प्रहरी अधिकृत भए पनि आधुनिक समसामयिक नेपाली कथामा कलम चलाउने एक सशक्त प्रतिभा हुन् । वि.सं. २०३६ सालबाट कथालेखनमा लागेका शाहका हालसम्म पाँचवटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । पछिल्लो समय वि.सं. २०६५ सालमा प्रकाशित **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा समसामयिक तथा संक्रमणकालीन कथाहरू संकलित छन् । आफ्नो बाल्यकालको नजिक रहेको थारु समाजबाट प्रभाव ग्रहण गरी कथा लेखन सुरु गरेका शाहले आञ्चलिकता, सशस्त्र द्वन्द्व र हिंसा, अफ्रिकन मुलुकमा भएको द्वन्द्व, ०५२ को दर्शकदेखि सुरु भएको युद्ध र द्वन्द्व, समसामयिक संक्रमणकालिनतासम्बन्धी विषयहरू क्रमशः उनका कथा सङ्ग्रहहरूमा पाइन्छ । सामाजिक विषयवस्तु, द्वन्द्वप्रधान विषय आञ्चलिकता, विदेशी पृष्ठभूमिका कथाहरू, सहरीया तथा ग्रामीण दुवै परिवेशको चित्रण, क्षेत्रीय भाषिकाको प्रयोग, उत्तरआधुनिकता तथा दूरदर्शिता, पठनीय शैली, लेखनमा व्यवसायिक प्रभाव ग्रहण, प्रकृति चित्रण, मानवीय संवेदनाप्रति सचेत आदि शाहका कथागत प्रवृत्तिहरू देखिन्छन् । संक्रमणकालिनताको अन्त्य गरी देशमा दीगो शान्ति स्थापना गर्न आह्वान गर्ने शाहका कथाहरू मानव, देश र समाजभन्दा टाढा छैनन् । छोटो समयमै मदन पुरस्कार प्राप्त गर्न सफल शाह आधुनिक नेपाली कथाका एक उदाहरणीय व्यक्तित्व बनेका छन् ।

# परिच्छेद-तीन

# समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक परम्परा

## ३.१ पृष्ठभूमि

पृथ्वीको सर्वश्रेष्ठ प्राणी मानिने विचारले मानिसको विकास एककोषीय जीव हुँदै ढेँडु तथा बाँदरबाट भएको र मानिसका पूर्खा रामपिथेकस, होमपिथेकस जस्ता विविध नामका मानव बानर रहेको उल्लेख छ (आचार्य : २०६५:५९) मानवसँग ती जीवहरूको जैविक, आनुवंशिक समानताका आधारमा यी तथ्यहरू बाहिर आएका हुन् । यसमा मानवसँगको व्यवहार, शारीरिक बनावट, संरचना, सन्तान उत्पादन प्रक्रिया तथा अन्य क्रियाकलाप प्रमुख आधार बिन्दु बनेका छन् । पुरापाषणकालदेखि नै अर्थात् मानवको उत्पत्ति भएदेखि नै समाज र संस्कृतिका विभिन्न पक्षको सिर्जना विकास र एकपछि अर्को पिढीँमा हस्तान्तरण हुँदै अगाडि बढेको पाइन्छ ।

## ३.२ समाजको परिचय र परिभाषा

मानिस एक सामाजिक प्राणी हो । उसले समूहमा बस्न र एक आपसमा अन्तर्सम्बन्ध स्थापित गर्न रुचाउँछ । यही सामाजिक सम्बन्ध र तानाबानाको आधारमा जे जस्तो सामाजिक संरचना बन्दछ त्यहीँ नै समाज हो । सामाजिक सम्बन्ध, सामाजिक अर्न्तक्रिया तथा मानव-मानवबीच हुने सहयोग, संघर्ष, द्वन्द्व, क्रिया-प्रतिक्रिया आदिको बारेमा अध्ययन गर्ने पद्धति नै समाजपरक अध्ययन पद्धति हो ।

समाजशास्त्रीय दृष्टिकोणबाट समाज भन्नाले मानव-मानव बीचको अन्तर्क्रिया, त्यसबाट सिर्जना हुने सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, कानुनी, व्यक्तिगत, भावनात्मक जस्ता विविध पक्षसँग सम्बन्धित सम्बन्ध भन्ने बुझिन्छ (भट्टचन र अन्य, २०५७ :८) । गिडिङसले 'समाज आफैमा एउटा एकता, संगठन र व्यक्तिहरूलाई एकत्रित गरेको एउटा औपचारिक सम्बन्धको योग हो' भनेका छन् । ट्यालकोटका अनुसार समाजलाई त्यस मानवीय सम्बन्धको पूर्ण जटिलताको रूपमा परिभाषित गर्न सकिन्छ जुन

साधन तथा साध्यको सम्बन्धद्वारा क्रिया गर्नको फलस्वरूप उत्पन्न हुन्छ, चाहे त्यो यथार्थ होस् वा प्रतीकात्मक जसको आधारमा सम्बन्ध बन्दछ । ल्याकक्का अनुसार समाजले राजनैतिक सम्बन्धलाई मात्र समावेश गर्दैन जसले मानिससँगै बोल्दछ तर मानवका सम्पूर्ण सामूहिक व्यवहार र सम्बन्धको पूरै क्षेत्र समेट्दछ (अधिकारी, २०५२:६) । समाजशास्त्रीहरूले जब व्यक्तिहरूले एकअर्कालाई चिन्छन् र साझा सवालमा अन्तर्क्रिया गर्दछन् तबमात्र समाजको अस्तित्व रहन्छ भनी स्वकिार्दछन् । जब व्यक्तिहरू साझा चाहना र सवालमा एकभई काम गर्ने स्थिति सिर्जना हुन्छ तब तिनीहरू बीचमा सँगसँगै हिँड्ने र कार्यमा सहभागी हुने संभावना स्थापित हुन्छ । यसप्रकार समाज मूर्त व्यक्तिहरूको अमूर्त सम्बन्ध हो, दृश्य मानवको अदृश्य सम्बन्ध हो र व्यक्तिहरूका अन्तर्क्रियाको आधारमा स्थापित एउटा गतिशील प्रक्रिया हो ।

## ३.३ समाज निर्माणका तत्त्वहरू

समाजशास्त्रीहरूले असल र आदर्श समाजमा हुनुपर्ने अनेक गुणहरूको चर्चा गरेका छन् । परम्परागत रूपमा शान्ति, सुरक्षा, समुन्नती, स्वतन्त्रता, न्याय आदिलाई आदर्श समाजका तत्त्वका रूपमा स्वीकार गरिन्छ भने आधुनिक अर्थमा मानव अधिकारमा सवल, शासनमा स्वायत्तता, बहुलता, सामूहिक भलाई जस्ता अनेक गुण वा विशेषता हुनुपर्दछ (भट्टचन र अन्य, २०५७: १३-१५) । समाज बन्नका लागि चालचलन, कार्यप्रणाली, अधिकार, पारस्परिक सहयोग, मानव व्यवहारमा नियन्त्रण, समूह एवम् विभाजन आदि तत्त्वहरूको आवश्यकता पर्दछ भनी म्यासिभर एण्ड पेजले स्वीकारेका छन् (अधिकारी : २०५८ : १५३) । यिनै विभाजनका आधारमा समाजका तत्त्वहरू उल्लेख गरिएको छ ।

### ३.३.१ चालचलनहरू

समाज बन्नका लागि मानिस-मानिस बीचमा अन्तर्क्रिया हुनु आवश्यक छ । सामाजिक जीवनमा खानपान, रहनसहन, भेषभूषा, धर्म, संस्कृति र परम्परा आदि चालचलनहरू पाइन्छन्, जुन निश्चित नियममा बाँधिएका हुन्छन् । चालचलन बिनाको समाज एकलकाँटे हुन पुग्छ ।

### ३.३.२ कार्य प्रणाली

म्यासिभर र पेजले सामूहिक रूपले काम गर्ने प्रणालीलाई नै संस्था भनेका छन् यही कार्य प्रणालीको माध्यमबाट समाज विशेषका सदस्यहरूले आवश्यकताहरूको पूर्ति गर्दछन् । प्रत्येक समाजको आ-आफ्नो कार्य प्रणाली हुन्छ । यही भिन्नताले गर्दा एउटा समाज अर्कोभन्दा भिन्न हुन पुगेको हो ।

### ३.३.३ अधिकार

समाज आफैमा एउटा पूर्ण संगठनमा रहेको हुन्छ । प्रत्येक समाजभित्र विभिन्न प्रकारका संस्था, समिति तथा संगठनहरू हुन्छन् । यिनै संगठनको माध्यमबाट व्यक्तिहरू आफ्नो अधिकारका लागि एकतावद्ध भएर अगाडि बढेका हुन्छन् । समाज बन्नका लागि अधिकार अपरिहार्य तत्त्व हो, जसको अभावमा मानिसको पहिचान नै हराएर जान सक्छ ।

### ३.३.४ पारस्परिक सहायता

मानिसले उसका सम्पूर्ण आवश्यकताहरू आफैले पूरा गर्न सक्दैन । केही यस्ता आवश्यकता हुन्छन् जुन समाजको एकताविना पूर्ण हुन सक्दैनन् । आफ्नै व्यक्तिगत सोचाईमा डुब्ने हो भने त्यहाँ समाजको कल्पना गर्न पनि सकिँदैन । समाजका प्रत्येक एकाइहरू बीचको कार्यकलापको आधारमा नै समाज जीवित रहन्छ ।

### ३.३.५ समूह एवम् विभाजन

समाज अनेकौं समूह एवम् उपसमूहको एकतावद्ध एकाई हो । जसमा हरेक एकाईले आफ्नो अधिकार प्राप्ति र आफू अनुकूल वातावरण निर्माण गर्न छुट्टाछुट्टै समूह बनाएको हुन्छ । यसको संघर्षमा बहुसंख्यक हितको प्रतिनिधित्व गर्ने समूहले नेतृत्व लिन्छ । यदि त्यो प्रतिनिधि समूह गलत बाटोमा लाग्यो भने त्यहाँ निर्मित कानुनले आफ्नो बाटो हिँड्न बाध्य बनाउँछ ।

### ३.३.६ मानव व्यवहारमा नियन्त्रण

समाज सामाजिक व्यवस्थाको एक जटिल प्रक्रिया हो । यस व्यवस्थालाई ठीकसँग सञ्चालन गर्नका लागि मानव व्यवहारमा नियन्त्रण गर्नुपर्ने हुन्छ । समाजले स्वीकारेका निश्चित आचार संहिताहरूले नियन्त्रण गर्ने कार्य गर्दछन् ।

## ३.४ समाजका प्रकार

विभिन्न समयमा विद्वान्हरूले परिवर्तित समयसँगै आ-आफ्नो धारणा प्रस्तुत गरेको पाइन्छ । समयको गतीसँगै समाजको विकास पनि परिवर्तित रूपमा हुनाले यसको अस्तित्वमा पनि परिवर्तन हुन्छ । रोवर्टसनले प्रारम्भिक वा कृषि समाज, औद्योगिक समाज र सूचना समाज गरी तीन भागमा विभाजन गरेका छन् । शिकारी समाज, पशुपालन समाज, कृषि समाज र आधुनिक समाज गरी सभ्यताको विकासको आधारमा विभाजन गर्न सकिन्छ । भट्टचन, श्रेष्ठ र दाहालले आधुनिक औद्योगिक समाजभन्दा पहिलेको समाजलाई प्रारम्भिक भन्दै त्यसभित्र शिकारी, पशुपालन, बागबानी र कृषि समाज गरी चार भागमा बाँडेको उल्लेख गरेका छन् (२०५७, ७-१२) । यी विभाजनका आधारमा समाजका प्रकारहरू उल्लेख गरिन्छ ।

### ३.४.१ शिकारी समाज

शिकारी समाजलाई मानव सभ्यताको सुरुवातको समय मानिन्छ । सुरुको अवस्थामा उनीहरूले फिरन्ते जीवन बिताउने, शिकार गरी पेट पाल्ने, नाङ्गै हिँड्ने वा रुखका बोक्रा कपडाको रूपमा प्रयोग गर्ने र आवश्यक परेको खण्डमा आफ्नै सन्तानको शिकार गरी जीवन सञ्चालन गर्ने प्रवृत्ति उनीहरूमा थियो ।

### ३.४.२ पशुपालन समाज

मानव विकासको अध्ययन गर्दा पशुपालन समयको सुरू लगभग दश/बाह्र हजार वर्ष अगाडि भएको मानिन्छ । यस समयमा पशुहरू पालेर राख्ने र आवश्यक समयमा तिनीहरूको प्रयोगले जीवन निर्वाह गर्ने परम्परा विद्यमान थियो । फिरन्ते अवस्थामा शिकार गर्नुभन्दा पालेर राखी चाहेको समयमा उपभोग गर्नु सुविधाजनक लागेकाले पशुपालनको विकास भएको हुनुपर्दछ ।

### ३.४.३ बागबानी समाज

बागवानीको समय र पशुपालनको समय लगभग एउटै समयमा भएको अनुमान समाजशास्त्रीहरूको छ । फिरन्ते अवस्थामा शिकार गर्नु र कन्दमूल खोजेर खानुभन्दा तिनीहरूलाई व्यवसायीकरण गरेर जानु उचित देखेर यस समयमा फलफूल रोपेर आवश्यक परेको समयमा उपभोग गर्ने चलन यस समाजको विशेषता हो । शिकारी समाज र पशुपालन समाजभन्दा बागवानी समाजमा मानिस थप चेतनशील बनेको कुरा उनीहरूको क्रियाकलाप खेतीपाती, खानपान आदिबाट स्पष्ट हुन्छ ।

### ३.४.४ कृषि समाज

कृषि समाजको विकास लगभग आजभन्दा छ हजार वर्ष अगाडिबाट भएको पाइन्छ । मानिस समयको विकाससँगै थप व्यवस्थित जीवन बिताउन थाल्दछ किनकी उसको चेतन क्षमतामा पनि समयसँगै परिवर्तन भइरहन्छ । यस समयमा मानिस खेतीपाती गरेर खाने, अन्नभण्डार गरी सञ्चय गर्ने, उत्पादन गर्न नसकेका सामानहरू साटफेर गर्ने जस्ता प्रक्रियामा संलग्न हुन थाले । हाल विश्वका अल्पविकसित तथा अविकसित मुलुकहरूमा कृषिप्रधान समाजको आधिक्य देखिन्छ ।

### ३.४.५ औद्योगिक समाज

औद्योगिक समाजको विकास आजभन्दा करिब दुई सय पचास वर्ष अगाडिबाट भएको पाइन्छ । कृषि पेशाले मात्र उसका आवश्यकताहरू पूरा हुन नसकेकोमा उत्खनन् र निर्माण गरेर उद्योगधन्दा सञ्चालन गर्ने, धनसम्पत्तिको जोहो गर्ने र सकेसम्म आर्थिक रूपमा सम्पन्न हुने क्रियाकलापमा लागि परेको देखिन्छ । यस समयमा मानिसहरू समाजसेवाभन्दा धनआर्जन तर्फ तल्लिन रहने इमाईल दुर्खिमको धारणा छ (२०६३:१७९) ।

### ३.४.६ सूचना समाज

सूचना समाज वर्तमान समयमा विकसित एक समुच्च समाज मानिन्छ । सूचनाको कारणले अहिलेको मानिस पृथ्वीको कुनाकाप्चादेखि चन्द्रमा हुँदै अन्तरिक्षमा पाइला चालिसकेको छ । सूचनाका साधनहरूमा रेडियो, फ्याक्स, टेलिफोन, भू-उपग्रह, कम्प्युटर, इमेल, इन्टरनेट, आदि पर्दछन् । यी साधनले बसी-बसी मानिस ठूलो उपलब्धि हासिल गरिरहेको छ ।

## ३.५ समाजशास्त्रको सैद्धातिक मान्यता

### ३.५.१ समाजशास्त्रको परिचय र परिभाषा

समाजशास्त्र उत्पत्तिको दृष्टिले हेर्दा Lation शब्द Societus र ग्रिक शब्द Logos मिलेर बनेको छ । Societus को अर्थ Society र Logos को अर्थ Study भन्ने हुन्छ । यसर्थ सामाजिक सम्बन्ध अन्तर्क्रिया, प्रक्रिया र परिवर्तनका विषयमा अध्ययन गर्ने विषय नै समाजशास्त्र हो (आचार्य, २०६५:१) समाजशास्त्र शब्दको विकास फ्रान्सका दार्शनिक Auguste Comte ले सन् १८३९ मा सामाजिक घटनाहरूको अध्ययन गर्ने विज्ञानको सन्दर्भमा प्रयोग गरेका हुन् (अधिकारी, २०५२ : २) । त्यसैले Augueste Comte लाई Fathoer of Sociology भनिन्छ । Auguest Comte पछि यस विषयलाई मलजल गर्ने कार्य Emile Durkheim, Herbert Spencer, Maxzweber, Karl Marks, Tiller Melineski, Ledelcy iron जस्ता विद्वान्हरूले गरे । समाजशास्त्रका सन्दर्भमा केही विद्वान्हरूका परिभाषा निम्नानुसार छन् :-

- समाजशास्त्र समाजको वैज्ञानिक, बढी विशिष्ट र तथ्यपरक अध्ययन हो ।

  - Auguest Comte.

- समाजशास्त्र व्यवस्थित विवरण र व्याख्या हो जहाँ समाजलाई सम्पूर्णता मानिएको छ ।

  - Eraile Durkhim

- समाजशास्त्र समाजका विभिन्न एकाईबीचको अन्तर्सम्बन्धको अध्ययन गर्ने विषय हो ।

  - Herbert Spencer

- समाजशास्त्र विज्ञान हो, जसले सामाजिक क्रियाको अर्थपूर्ण बोध गराउने बारे प्रयत्न गर्दछ । -Max Weber

माथि उल्लेखित विद्वान्हरूका परिभाषालाई हेर्दा समाजशास्त्र सामाजिक अन्तर्क्रियाको बुझाइमा संलग्न हुने सामाजिक विज्ञान हो । यस विषयले सामाजिक व्यवस्थाभित्रका एकाइहरूबीच हुने व्यवहार, क्रिया, अन्तर्क्रिया तथा अपेक्षाहरूका बारेमा अध्ययन गर्दछ ।

मानिस, मानव समाज र समाजशास्त्रसम्बन्धी विविध अवधारणाहरूको विकास गर्ने विभिन्न विद्वान्हरू र उनीहरूद्वारा प्रतिपादित सिद्धान्त यसप्रकार छन् :-

### ३.५.२ हर्वट स्पेन्सर र समाजउद्‌विकास

हर्वट स्पेन्सर (सन् १८२०-१९०३) प्रसिद्ध बेलायती समाजशास्त्री चार्ल्स डार्विनका समकालीन व्यक्तित्व हुन् । उनले समाज, त्यसको कार्य र उद्‌विकासका सम्बन्धमा महत्त्वपूर्ण विचारहरू विकसित गरेका छन् । उनले **The development Hypothesis** नामक लेखमा सृष्टिवादको कडा प्रतिकार गरेर उद्‌विकासवादी दृष्टिकोण अघि सारे । **Principles of Sociology, Descriptive Sociology, The Study of Sociology** आदि उनका समाज उद्‌विकाससम्बन्धी महत्त्वपूर्ण कृति मानिन्छन् । उनले समाजको उत्पत्ति, बनोट/संरचना, कार्य र परिवर्तनलाई प्राणीसँग तुलना गरेर व्याख्या गर्ने कार्य गरे, जसलाई आंगिक तुलना भनिन्छ (पौड्याल र अन्य, २०६३ : १६१) । प्राणीको शरीरको संरचना जस्तै समाजको पनि एक अर्कासँग अन्तर्निर्भर अङ्गहरू हुन्छन् । यी अङ्गबाट शरीर बने जस्तै समाज पनि सोही प्रक्रियामा चलेको हुन्छ । परिवार परिवार मिलेर नातेदारी बन्छ, नातेदारीको बहुलताबाट समुदाय बन्छ, समाज बन्छ र समग्र राष्ट्र तथा विश्व समाज बनेको हुन्छ । मानव समाज वास्तवमा उद्‌विकासकै एउटा परिणाम हो । समाज पनि प्राणी जस्तै निम्नस्तरबाट उच्चस्तरतर्फ उद्‌विकासको क्रममा विकसित हुन्छ ।

समाजको विकासको क्रममा प्राणीमा जस्तै संघर्ष र योग्यताले प्रभाव पार्ने स्पेन्सरको धारणा छ । डार्विनको विकासवादमा जस्तै संघर्षमा पराजित हुनेहरू समाजबाटै विस्थापित हुने उनको मान्यता हो, जुन समाज विकाससँग मेल खान्छ । मानव समाज विभिन्न चरणबाट गुज्रिने उनको धारणा यसप्रकार छ :

स्तर क अनुसार

सामान्य समाज (परिवार), मिश्रित समाज (गोत्र, थर, आदिमा संगठित परिवार), दोब्बर मिश्रित समाज (गोत्रहरू कविलामा/गणमा संगठित समाज), तेब्बर मिश्रित समाज (गणहरू/कविताहरू राज्यमा संगठित समाज) ।

स्तर ख अनुसार

समाजहरूमा भएको आन्तरिक गतिशिलताको आधारमा समाज सैनिक समाजबाट औद्योगिक समाजमा परिवर्तन हुन्छ ।केन्द्रीय सरकार, अनिवार्य संगठन, स्तरीकरणको ठोस प्रणाली, आर्थिक क्षेत्रमा राज्यको प्रभुत्व र

राज्य व्यक्तिभन्दा बढी महत्त्वपूर्ण हुनु सैनिक समाजका विशेषता हुन् । त्यस्तै विकेन्द्रिकृत सरकार, ऐच्छिक संगठन, स्तरीकरणको लचिलो व्यवस्था, आर्थिक स्वतन्त्रता, खुल्ला बजार व्यवस्था र व्यक्तिहरूका लागि राज्य औद्योगिक समाजका विशेषता हुन् ।

तसर्थ उद्विकास पदार्थको समन्वय तथा त्यससँग सम्बन्धित गति हो । जसको दौरानमा पदार्थ एक अनिश्चित, असम्बद्ध समानताबाट निश्चित सम्बद्ध विधातर्फ परिवर्तन हुन्छ । जीवजन्तुको जसरी उत्पत्ति र उद्विकास भयो त्यसैगरी समाजको पनि उत्पत्ति र उद्विकास भएको हो ।

### ३.५.३ चार्ल्स डार्विन र विकासवादी सिद्धान्त

मानव उत्पत्ति र विकासको क्रमबारे चार्ल्स डार्विन (१८०९-१८८२) ले प्रतिपादन गरेको विकासवादी सिद्धान्त (Evolutionary theory) महत्त्वपूर्ण छ । डार्विनले संसारमा रहेका सबै जाति-प्रजातिका जीवहरू समयको अन्तरालमा प्राकृतिक छनोट गर्दै नयाँ-नयाँ प्रजातिमा विकास भएको र यसक्रममा मानिसका पूर्खा ढँडु, बाँदर भएको कुरा प्रमाणित गरेका हुन् (जिज्ञासु: २०५८) । सन् १८५९ नोभेम्बर २४ तारिखमा जातिको उत्पत्ति सम्बन्धमा लेखिएको **on the origional of spices** नामक बहुचर्चित पुस्तक प्रकाशनको क्रममा संसारमा जीवित रहने प्राणीले संघर्ष गर्नुपर्दछ , हरेक प्राणीको जाति प्रजातिमा भिन्नता हुँदै जान्छ र कुनै पनि प्राणी एक अर्कोसँग सबै प्रकारले एक समान छैनन् भन्ने विषयहरू समावेश गरिएका थिए । मानव सभ्यताको विकास ढुङ्गे युग, शिकारी युग, पशुपालन युग, कृषि युग, औद्योगिक युग, आधुनिक तथा उत्तर आधुनिक युग हुँदै अगाडि बढिरहेको छ । जसमा मानव सभ्यता र समाज विकासको लागि कृषि युगको स्थान महत्त्वपूर्ण रहेको छ । यस युगमा कृषिको आविस्कार, बसोबासको स्थायित्व, व्यवसायिक पशुपालनको विकास, नवीन हातहतियार तथा भाँडावर्तनको निर्माण, बस्त्र उद्योगको थालनी, धार्मिक विचारधारामा विश्वास र राजनीतिक चेतना अभिवृद्धि जस्ता विशेषता प्रमुख रूपमा देखा परे (दाहाल, २०४४:१४) । सन् १८५९ मा डार्विनले आफ्नो अध्ययन र अनुसन्धानका आधारमा वंशज र वातावरणको प्रभाव मानवमाथि पर्ने विचार सार्वजनिक गरेपछि यसको प्रभाव कला र विज्ञानका क्षेत्रमा समेत देखिन थाल्यो । साहित्य र समलोचनाको क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगट्ने डार्विनको सिद्धान्तमा आधारित प्रकृतवाद

र प्राकृतिक सौन्दर्यप्रति रुचि राख्ने र यसैको अभिव्यक्तिमा केन्द्रित हुने मान्यता प्रकृतिसँग निकटतम् जीवनजगतको यथातथ्यात्मक चित्रण गर्ने वा त्यसैका समकक्षमा मानवीय जीवनको चित्रण गर्ने साहित्यिक मान्यताका रूपमा देखा पर्छ (श्रेष्ठः २०५४:१६२) । माथिका यिनै तथ्यका आधारमा हेर्दा मानव विकासको आजको अवस्था कुनै दैवी लीला नभई जाति प्रजाति र तिनीहरूको अनुवंशिकता, प्राकृतिक वातावरण, व्यवहार र परिवर्तनशील समाजको उपज हो ।

### ३.५.४ इ.वि.टाइलर र संस्कृतिको अवधारणा

इ.वि.टाइलर (१८३२-१९१७) बेलायतका प्रसिद्ध मानवशास्त्री हुन् । उनका **The Primitive Culture, Anthropology** आदि महत्त्वपूर्ण कृति हुन् । संस्कृतिलाई बुहत् तथा वैज्ञानिक ढङ्गले व्याख्या गर्ने क्रममा मानिसले प्राकृतिक रूपमा स्वतः हस्तान्तरण भएर आएका सीप तथा गुणभन्दा बाहेक जे जति बाँच्नका लागि प्रयत्न गर्दछ त्यो सम्पूर्ण संस्कृति हो भन्ने धारणा प्रस्तुत गरेका छन् । आदिम जंगली मानव जातिले गर्ने शिकारदेखि औद्योगिक समाजमा मानिसले चलाउने कारसम्मका सबै उपलब्धिहरू तथा सिकिएका सम्पूर्ण व्यवहारहरूलाई संस्कृतिअन्तर्गत लिएका छन् । मानिसले जीवनमा गास, बास, कपास आदि प्राप्त गर्नका लागि विकसित गरेका वस्तुहरू- अन्नबाली, गाईवस्तु, कम्प्युटर, पंखा, पुस्तक आदिलाई भौतिक संस्कृति र ज्ञान, विश्वास, जादु, धर्म, आस्था, देवता, पाप, पुण्य, भाषा आदिलाई अभौतिक संस्कृतिअन्तर्गत राखेर व्याख्या गरेको पाइन्छ । सामाजिक संस्थाहरूको उत्पत्ति र उद्विकासमा जोड दिएका टाइलरले डार्विनको जैविक उद्विकासको सिद्धान्त तथा भूगर्भशास्त्रको पुरातात्विक उत्खनन्बाट प्राप्त आविष्कारलाई बढी उपयोग गरेको पाइन्छ ।

टाइलरले जीवको उत्पत्ति तथा विकास सिधा रेखामा, एक रेखामा सरलबाट जटिल, असभ्यबाट सभ्य, समरूपताबाट बहुरूपतातर्फ विकसित हुने धारणा राखेका छन् (अधिकारी र अन्य, २०६३:१८४) । विभिन्न स्थानका संस्कृतिको तुलनात्मक अध्ययन गर्दा आजका जटिल संघ संस्था तथा सामाजिक संरचनाहरू आदिम कालका सरल संरचनाबाट विकसित भएका हुन् । उनका अनुसार संसारका सबै मानव समाज र संस्कृति अनिवार्य रूपमा समाज विकासका निश्चित चरणहरू पार गर्दछन् । यस क्रममा वर्तमान विश्वका केही समाजहरूमा आदिम साम्यवादी वा जंगली संस्कृतिको अवस्थामै छन् भने केही

संस्कृतिहरू ज्यादै विकसित अवस्थामा पनि पुगिसकेका छन् । ढिलो वा चाँडो सबै संस्कृतिहरू एकदिन विकसित तथा सभ्यताको स्तरमा आइपुग्छन् । टाइलरले संस्कृतिको वर्गीकरण जंगली स्तर, बर्बर स्तर र सभ्यता स्तर गरी तीन भागमा गरेका छन् ।

### ३.५.४.१ जंगली स्तर

मानव समाज र संस्कृतिको उत्पत्ति र विकासको प्रारम्भिक तह जंगली स्तर हो । यस अवस्थामा मानिसले जंगलमा बस्ने, घुमन्ते, फिरन्ते जीवन बिताउने, कन्दमूल खाने, रुखका बोक्रा लगाउने गर्दथे । यस अवस्था मातृसत्तात्मक समाज रहेको टाइलरले व्यक्त गरेका छन् ।

### ३.५.४.२ बर्बर स्तर

बर्बर स्तर मानव समाज र संस्कृतिको विकासको दोस्रो स्तर हो । यस अवस्थामा मानिसहरू घुमफिर गरिरहने झञ्झट भन्दा निश्चित स्थानमा बस्ने र खाने कुराको संकलन गर्ने, एक पक्षले अर्को पक्षलाई दवाउने वा दास बनाउने र विवाह गरी बस्ने तर्फ ध्यान दिन थाले । यस चरणमा माटाका भाँडाकुँडा बनाउने, फलामका औजार बनाउने र खेतीपाति गरी झुण्ड-झुण्डमा बस्ने क्रमको विकास भएको देखिन्छ ।

### ३.५.४.३ सभ्यता स्तर

सभ्यता स्तरलाई टेलरले समाज विकासको तेस्रो अर्थात् अन्तिम अवस्था भनेका छन् । यस कालमा मानिसहरूले विकसित एवम् वैज्ञानिक पद्धतिहरूको प्रयोग गर्न थाले । मानिसले समाजभित्र विभिन्न प्रकारका संस्थाहरूको विकास गऱ्यो । विवाह, परिवार, नातेदारी, श्रमको विभाजन , वैज्ञानिक खोज , आविष्कार अनुसन्धान एवम् भाषा-संस्कृति, ज्ञान-विज्ञान आदिको व्यापक विकास भयो । अणुदेखि सूचना प्रविधिको विकास भएको यो युग मानव समाज र संस्कृति विकासको चरम अवस्था हो ।

समाजशास्त्री तथा मानवशास्त्री ई.वी. टायलरका अनुसार मानव समाज, संस्कृति तथा धर्मको उत्पत्ति मानिसको उत्पत्तिसँगै भएको हो । यो परिवर्तनशील एवम् परिवर्तनको

मोडमा रहिरहेको छ । जे जति समाज र संस्कृति विकसित भएका छन् ती सबै मानवीय अभ्यासको उपज हुन् न की इश्वरीय देन ।

### ३.५.५ ब्रोनिस्ल म्यालिनोस्की र संस्कृतिप्रतिको प्रकार्य

जर्मन नागरिक ब्रोनिस्ल क्यास्पर म्यालिनोस्की (१८८४-१९४२) जेम्स फ्रेजरद्वारा लिखित **Golden Bough** नामक पुस्तक पढेपछि मानवशास्त्रतर्फ आकर्षित भए । प्रशान्त महासागरको Trobiand द्वीपमा बसोबास गर्ने आदिवासीहरूसँग सहभागी भई गरिएको स्थलगत अध्ययनबाट उनले प्राचीन समाजका मानिसहरूको परम्परा, अपराधिक क्रियाकलाप, यौन, धर्म तथा संस्कृति आदिको विस्तृत विश्लेषण गरे । उनका अनुसार संस्कृति भनेको पूरा अवशेषहरू, प्राविधिक प्रक्रियाहरू, वस्तुहरू, विचारहरू, बानीहरू र मूल्यहरूको समष्टी हो (अधिकारी र अन्य, २०६३:१८९) । मेलिनोस्कीको संस्कृतिसम्बन्धी अवधारणा इ.वी. टाइलरले दिएको संस्कृतिको परिभाषासँग मिल्दो जुल्दो छ । मानिसका सबै सामाजिक धरोहरहरूलाई संस्कृतिको रूपमा परिभाषित गर्दै यसको अध्ययनलाई यसमा अन्तर्निहित विभिन्न तत्त्वहरूको समष्टी वा सम्पूर्णताको अध्ययन मानेका छन् । त्यसैले संस्कृतिलाई छुट्टाछुट्टै अध्ययन गर्नु हुँदैन किनकी सांस्कृतिक तत्त्वहरू एकआपसमा सम्बन्धित छन् भन्ने धारणा उनको छ ।

मेलिनोस्कीले मानिसका शरीर पोषण, प्रजनन, शारीरिक आराम, सुरक्षा, गति, वृद्धि र स्वास्थ्य गरी सात आधारभूत जैविकीय आवश्यकताहरू हुने बताएका छन् । यी आवश्यकताहरूलाई पूरा गर्न नसकेमा मानव जातिको अस्तित्व संकटमा पर्दछ जसले समाजको अस्तित्वलाई नै संकटमा पार्दछ । यस्ता प्रकारका आवश्यकताहरू पूरा गर्न मानिसले क्रमशः खानपिनको व्यवस्था, विवाह/परिवार तथा नातेदारको व्यवस्था, बासस्थानको व्यवस्था, सुरक्षाको व्यवस्था, क्रियाकलाप वा गतिशिलता, व्यायम तथा प्रशिक्षणको व्यवस्था र आरोग्य नियमको व्यवस्था गरेको हुन्छ (पूर्ववतः १९०) । मानिसले आफ्ना अनगिन्ती आवश्यकताहरू पूरा गर्न अनेकौं प्रकारका सामाजिक अन्तर्क्रिया, सामाजिक सम्बन्ध, सामाजिक संस्थाको निर्माण गरेको हुन्छ, यी सम्बन्धहरू बदलिरहने हुनाले सामाजिक संरचना पनि परिवर्तन हुन पुग्छ किनकी सामाजिक संरचना स्थिर व्यवस्था नभई परिवर्तनशील व्यवस्था हो ।

मेलीनोस्कीले संस्कृतिलाई मानिसको आवश्यकता पूरा गर्ने कार्य अर्थात् प्रकार्यात्मक व्यवस्थाको रूपबाट पनि व्याख्या गरेका छन् । समाजमा चलेका साँस्कृतिक अभ्यासहरू कुनै न कुनै रूपमा मानिससँग सम्बन्धित हुन्छन् । यदि सम्बन्धविहीन भयो भने त्यो समाजबाट स्वतः हराएर जान्छ । मेलिनोस्कीले समाजले कसरी कार्य गर्दछ भन्ने सन्दर्भमा व्याख्या गरेका छन् । समाजको प्रथम उद्देश्य आफ्नो अस्तित्वलाई कायम राख्नु हो । यी भूमिकाहरू पूरा गर्न समाजमा कर्मचारीगणको व्यवस्था हुन्छ । यसका लागि निश्चित नीति, नियम र मान्यता रहेका हुन्छन् । यी मान्यताले कर्मचारीहरूलाई भौतिक सामग्री उत्पादन गर्न प्रेरित गरेअनुसार समाजका सदस्यहरूको क्रियाशीलताबाट आवश्यक कार्यहरू सम्पन्न हुन्छन् । मेलिनोस्कीको संस्कृतिको यस दृष्टिकोणलाई प्रकार्यात्मक सिद्धान्त पनि भनिन्छ । मानिसका सम्पूर्ण आवश्यकता पूरा गर्नका लागि विकसित गरिएका तरिका वा पद्धति नै समग्रमा संस्कृति हो, यसको उपयोगबाट मानिस आफ्ना आवश्यकता पूरा गरिरहेको हुन्छ ।

### ३.५.६ कार्ल मार्क्स र द्वन्द्ववादी दृष्टिकोण

जर्मन नागरिक कार्ल मार्क्स (१८१८-१८८३) अध्ययनको क्रममा दार्शनिक हेगेलबाट प्रभावित एउटा बौद्धिक समूहमा आवद्ध भएपछिको अध्ययनमा आध्यात्मवादी द्वन्द्ववादको सट्टा भौतिकवादी द्वन्द्ववादको सिद्धान्त प्रतिपादन गर्न सफल भए । उनी लुडविग फुअरवाख, फ्रेडरिख एङ्गेल्स जस्ता समाजवादीहरूको सम्पर्कले अन्ततः महान दार्शनिक बन्न पुगे । **An Introduction to the criticism of Hegel's Philosophy of rights, The Poverty of philosophy, The Capital, Manifes to the Communist Party** जस्ता विभिन्न लेखहरू मार्फत् मार्क्सले पुँजीवाद तथा अन्य वर्गीय र शोषणमूलक समाजको विरोध गरेका छन् र वर्गविहीन, शोषणरहित, न्यायमूलक साम्यवादी समाजको परिकल्पना गरेका छन् ।

मार्क्सले समाजमा वर्गको उत्पत्ति, वर्ग संघर्षको सिर्जना र विकासलाई बुझ्न द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद गरी दुईवटा दृष्टिकोण अगाडि सारेका छन् (अर्याल, २०६७:२८) । मार्क्सका विचारमा मानव समाज ठोस वस्तुहरूमा आधारित हुन्छ । मानिस मुख्य रूपमा बाँच्नका लागि भौतिक पदार्थ उत्पादन गर्नका लागि संगठित भएको हुन्छ । त्यसैले मानिसले उत्पादन गर्ने उत्पादनका साधन, उत्पादन गर्दा प्रयोग गर्ने

उर्जा तथा श्रमको शक्ति र उत्पादित वस्तुहरूको वितरणमा हुने सम्बन्धको विश्लेषण गरेर मात्र समाजलाई बुझ्न सकिन्छ । समाजलाई प्रभाव पार्ने तत्त्वहरू माटो, हावापानी, वनजंगल, उत्पादकत्व, उर्वरापन आदिले समाज र यसका संगठन, संस्कृतिलाई प्रभाव पार्दछ । त्यसैले समाजको व्याख्या गर्दा वस्तुपरक, अनुभवजन्य र मापनयोग्य कुराहरूलाई आधार मानी अध्ययन गर्नु पर्दछ । समाज, सामाजिक वर्ग वा सामाजिक वर्गको उत्पत्तिकालदेखि वर्तमान कालसम्मको विकासक्रमलाई चरणवद्ध रूपमा अध्ययन गर्नुपर्ने ऐतिहासिक भौतिकवादी दृष्टिकोणको मान्यता हो ।

मार्क्सले समाजलाई आर्थिक दृष्टिले निम्न चरणमा व्याख्या गरेका छन्:-

प्रथम अवस्था आदिम साम्यवादी अवस्थामा वर्गहीनताको स्थिति रहेको र व्यक्तिगत सम्पत्तिको थालनी र आर्थिक शोषणको स्थिति पनि नरहेकाले समाजमा पूर्णरूपमा साम्यवाद रहेको विचार मार्क्सको छ । दोस्रो अवस्थामा व्यक्तिगत सम्पत्तिको थालनी भइसकेर यो मेरो, तेरो भनी भागबन्डा गर्दै दास अवस्था र आर्थिक शोषणको पनि थालनी हुन्छ । जसमा धनी र गरीब शोषक र शोषित गरी दुई आर्थिक वर्गमा विभाजित हुन्छ । तेस्रो अवस्था सामन्ती अवस्थामा शोषक वर्गको उत्पत्ति र विकास पनि नवीन रूपमा हुन्छ । दास अवस्थामा विद्यमान कृषिप्रधान समाजमा सामन्तहरूले कृषकहरूको अत्यधिक शोषण गरेर आफू आर्थिक रूपले अति सम्पन्न भई राज्यसत्ता र शक्ति समेत आफूमा केन्द्रित गरी कृषिप्रधान समाजलाई औद्योगिक समाजमा परिवर्तन भएपछि समाजको वर्गबीच पनि परिवर्तन आउँछ पुँजी निश्चित पुँजीपतिका हातमा केन्द्रित हुन पुगेकाले उत्पादनका साधनहरू पूर्व रूपमा एकाधिकारमा प्रयोग हुन थाले र समाजमा उद्योगपति र मजदुरबीचको नयाँ वर्गीय संघर्षको थालनी हुन्छ । संख्यात्मक रूपमा कम भइरहेका पुँजीपति र आफ्नो स्वामित्वमा केही नहुने सर्वहारा वर्गबीचको वर्गसंघर्षमा बहुसंख्यक सर्वहारा वर्गको अधिनायकवाद कायम हुन्छ र उत्पादनका सम्पूर्ण साधनहरू समाजको पूर्ण स्वामित्वमा आउँछ, जुन सामाजिक संरचनाको चौथो अवस्था हुन पुग्छ । मार्क्सका अनुसार पूर्ण साम्यवादी अवस्थामा समाज पूर्ण रूपमा वर्गविहीन, शोषण विहीन र राज्य कानुनविहीन हुने गर्दछ । पूर्ण साम्यवादी अवस्थामा समाजमा एउटै वर्ग श्रमिक वर्गको मात्र उपस्थिति हुने गर्दछ (दाहाल, २०५२:१३६) समाजमा रहेको आर्थिक विषमतालाई समानता ल्याई देशको सम्पूर्ण साधन, स्रोत र सम्पत्तिमा कसैको एकलौटी अधिकार स्थापित हुन नदिई सबै मिलेर परिश्रम गर्दै उत्पादित र उपभोग्य सामग्रीमा

समाजको साझा अधिकार रहनु पर्दछ भन्ने सिद्धान्त चाहिँ समाजवादी यथार्थवादको सिद्धान्त हो, जुन मार्क्सको धारणासँग निकट देखिन्छ ।

### ३.५.७ इमाइल दुर्खिम र उनको मान्यता

इमाइल दुर्खिम (१८५८-१९१७) समाजशास्त्रका संस्थापक पितामध्ये एक हुन् । उनका **The rule of sociological Metherd, The Suicide, The elementory ferms of religious life** महत्त्वपूर्ण कृति मानिन्छ । उनले समाजको अध्ययन सामाजिक तथ्यहरू वा घटनाहरूको अवलोकन र परीक्षण गरेर वस्तुपरक नियमहरूद्वारा गर्नुपर्दछ भन्ने धारणाको विकास गरे (गौतम, २०६३ : २१४) । समाजलाई प्रकार्य र संरचनाको आधारमा बुझ्न सकिने मान्यता उनको छ । सबै सामाजिक प्रघटनाहरूको वस्तुपरक वैज्ञानिक अध्ययन गरी कार्यकारण सम्बन्ध स्थापना गर्न सकिन्छ भन्ने उनको धारणा छ ।

**The Elementary Forms of religious life** नामक पुस्तकमा दुर्खिमले धर्मलाई धार्मिक विषयको रूपमा नभै सामाजिक जीवनको एक हिस्साको रूपमा स्वीकार्दै धर्मको उत्पत्ति, धर्मको प्रकृति, धर्मको प्रभाव आदिको वैज्ञानिक, गहन तथा सूक्ष्म व्याख्या गरेका छन् । यो अध्ययन धर्मको एउटा समाजशास्त्रीय सिद्धान्त प्रतिपादन गर्न अर्थात् धर्मलाई समाजशास्त्रीय दृष्टिकोणबाट व्याख्या गर्नका लागि गरिएको हो । उनका विचारमा धर्मको उत्पत्तिको स्रोत समाज वा टोटम हो । समाजको भावना, सोंच र विचार नै धर्मको आत्मा हो । धर्मको कुनै न कुनै वास्तविक आधार हुन्छ, त्यो वास्तविक आधार नै समाज हो । अन्ततः समाज नै वास्तविक देउता हो र धर्म नैतिक रूपमा सामूहिक चेतनाको अभिव्यक्ति हो ।

इमाइल दुर्खिमको आत्महत्यासम्बन्धी सिद्धान्त **Theory of suicide** ले आत्महत्यालाई एउटा सामाजिक प्रघटना मान्दछन् । मनोवैज्ञानिकहरूले जस्तो मानसिक असन्तुलन, वंशानुगत गुण, गरिबी, निराशा, धोखा, वियोग जस्ता व्यक्तिगत घटनाका कारणबाट हुने कुरालाई अस्वीकार गर्दै आत्महत्या जस्तो नितान्त व्यक्तिगत ठानिएको विषयवस्तुलाई सामाजिक विषयवस्तुको रूपमा लिई वैज्ञानिक अध्ययन विधिहरू अपनाई कार्यकारण सम्बन्ध स्थापना गरेर सिद्धान्त निर्माण गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन् । उनले तत्कालीन समाजका सूचना संकलन गरी निश्चित सामाजिक ढाँचामा ढालेर सामाजिक कारण तत्त्वहरू :- धर्म, लिङ्ग, उमेर, विवाह, मौसम, भौगोलिक क्षेत्र,

पेसागत व्यक्तित्व, सम्बन्ध विच्छेद, सन्तान आदिसँग आत्महत्या सम्बन्धित हुन्छ भन्ने तथ्य पत्ता लगाए । उनकाअनुसार आस्तिक भन्दा नास्तिकहरूको, महिलाभन्दा पुरुषहरू, कम उमेरका भन्दा बढी उमेरका व्यक्तिहरू, साधारण मानिसभन्दा सैनिक, विवाहितभन्दा अविवाहित, सम्बन्ध विच्छेद भएका विधवा, विदुर तथा लोग्ने त्यागेका महिलाहरूमा सन्तानयुक्तभन्दा सन्तान नभएका वा नरहेका व्यक्तिहरू र गाउँका मानिसभन्दा सहरका मानिसहरूमा आत्महत्याको दर बढी हुन्छ । उनको आत्महत्याको वर्गीकरण यस प्रकार छः-

१. अहंवादी आत्महत्या

अहंवादी आत्महत्या व्यक्तिले आफूलाई समाज र यसका मूल्य मान्यतासँग आत्मसात गर्न नसकी वा एकीकृत हुन नसकी आफूलाई समाजबाट अलग रूपमा हेर्न थालेपछि हुन्छ । व्यक्तिले जब आफ्नो बारेमा मात्र सोच्न थाल्दछ र समाजबाट अलग हुन पुग्छ, उसलाई एक्लो भएको महसुस हुन्छ । जसले गर्दा उसको अहम्मा ठेस पुग्छ र यसले उसलाई आत्महत्याको बाटोतर्फ डोऱ्याउँछ ।

२. परोपकारी आत्महत्या

दुर्खिमका अनुसार सबै मानिस स्वार्थी हुँदैनन् र आफ्नो हितको लागि मात्र सोच्दैनन् । सामाजिक हित चाहने मानिसहरू समाजको हितको लागि काम गर्न नसक्दा आत्महत्या गर्न पनि पछि पर्दैनन् । यस्तो प्रकारको आत्महत्या मुस्लिम समुदायमा आफ्नो जातिगत तथा धार्मिक हितका लागि व्यापक प्रचलनमा देखिन्छ । यसमा पनि नैतिक र मनोवैज्ञानिक कारण रहने उनको ठहर छ ।

३. विसङ्गतिपूर्ण आत्महत्या

व्यक्तिले आफूलाई समाजका मूल्य र मान्यताहरूसँग एकीकृत हुन नसकेमा उसमा नैरास्यता उत्पन्न हुन्छ । यसले व्यक्तिलाई मान्यताविहीन अवस्थामा पुऱ्याउँछ । स्वाभाविकताको अभावले विसङ्गतिको सिर्जना गर्दछ । वास्तवमा विसङ्गतिपूर्ण आत्महत्या सामाजिक संगठन वा संस्थाहरूमा अचानक हुने विघटनबाट प्रेरित हुन्छ । सामाजिक संकट वा विघटनको अवस्थामा समाजले समन्वयकारी भूमिका निर्वाह गर्न सक्दैन । मानिसमा विकास भइरहेको मान्यताविहीनतालाई रोक्न सक्दैन र मानिस आत्महत्या गर्न पुग्छ, जसलाई विसङ्गतिपूर्ण आत्महत्या भनिन्छ ।

दुर्खिमले धर्म र आत्महत्यालाई व्यक्तिगत रूपमा नहेरी सामाजिक कारकसँग सम्बन्धित गरेर अध्ययन गरेकाले समाज र समाजशास्त्रीय अध्ययनमा उनको योगदान अतुलनीय रहेको छ ।

माथि उल्लेखित विभिन्न समाजशास्त्रीहरूका समाजसम्बन्धी सिद्धान्त तथा धारणालाई निष्कर्ष स्वरूप बुँदागतरूपमा उल्लेख गरिन्छ ।

- प्राणीको शरीरको संरचना जस्तै समाजले पनि विविध अङ्गबाट आफ्नो कार्य सञ्चालन गर्दछ ।
- समाज निम्नस्तरबाट उच्चस्तरतर्फ उद्‌विकासको क्रममा विकसित हुन्छ ।
- हरेक जीवित प्राणीले बाँच्नका लागि संघर्ष गरिरहेको हुन्छ ।
- वंशज र वातावरणको प्रभाव मानिसमाथि पर्ने हुँदा साहित्य सिर्जना पनि यसबाट मुक्त छैन ।
- प्राकृतिक गुणबाहेक मानिसले बाँच्नका लागि गर्ने सम्पूर्ण प्रयत्न संस्कृति अन्तर्गत पर्दछन् ।
- समाज वर्गसङ्घर्षबाट सञ्चालित हुँदै अन्ततः विकसित साम्यवादी अवस्थामा परिणत हुन्छ ।
- समाजलाई प्रकार्य र संरचनाको आधारमा बुझ्नुपर्दछ ।
- समाजका हरेक क्रियाकलाप सामाजिक कार्यकारण सम्बन्धद्वारा सञ्चालित हुन्छन्, आदि ।

### ३.५.८ समाजशास्त्रीय दृष्टिले साहित्यको अध्ययन

समाजशास्त्र व्यक्तिका सामाजिक क्रियाकलापहरूसँग अत्यधिक रूपमा सम्बन्धित भएकाले सामाजिक संरचनाका विभिन्न सामाजिक शास्त्रहरूसँग सम्बन्धित मानिनु स्वाभाविक ठानिन्छ । साहित्यको समाजशास्त्रले मूलरूपमा साहित्यको समाजसँगको सम्बन्धको व्याख्या र विश्लेषण गर्दछ । साहित्य बुझ्नका लागि पहिला त्यस समाजको ढाँचा, बनावट र विशेषता आदिको अध्ययन गर्नु जरुरी हुन्छ । साहित्य र समाजबीच गहिरो सम्बन्ध हुने र उक्त समाजको आलोचना गर्ने, सम्मान गर्ने तथा विद्रोह गर्ने साहित्यकारको अधिकार हुने कुरा पाण्डेय (सन् १९८९ : १३) ले उल्लेख गरेका छन् । साहित्यको समाजशास्त्रले मार्क्सवाद, फ्रायडवाद र संरचनावाद जस्ता विविध वादबाट धेरै कुराहरू लिएर नयाँ किसिमको साहित्यको समाजशास्त्रको विकास गर्ने प्रयास गर्दछ

(बराल, २०५६:६५) । समाजशास्त्री नभएको बेलामा पनि साहित्यकारले नै समाजशास्त्रीको काम गर्ने विचार गौतम (२०५०:३६) को रहेको छ । यसैगरी साहित्य र समाजबीचको सम्बन्धको अध्ययन नै साहित्यको समाजशास्त्रको मूल अध्ययनको विषयवस्तु भएको विचार गुप्ता (सन् १९८९:६०) को देखिन्छ । साहित्यको समाजशास्त्रले समाजमा के देख्यो, समाजबाट के लियो र उसले समाजलाई के दियो ? जस्ता विविध विषयको अवगत गराउने गर्दछ । सामाजिक परिवेशका दृष्टिकोणबाट साहित्यको विश्लेषण गर्ने आधार प्रस्तुत गर्नका साथै समाजको अध्ययनका लागि साहित्य उपयोगी हुने ठानिएको छ । कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार व्यक्तित्वभित्र उसको सामाजिक परिवेश विद्यमान हुन्छ ।

दर्पण सिन्द्धान्तले साहित्यलाई समाजको दर्पणको रूपमा र समीक्षा सिद्धान्तले साहित्यलाई समाजप्रतिको विद्रोह मान्दछ भन्ने तर्क नागेन्द्रको छ । मार्क्सपूर्व सोभियतसंघमा वेलिस्कीचनीशेब्स्की दोब्रोल्यूवोभ आदि समीक्षकहरूले कला, साहित्य र समाजको अन्तर्सम्बन्धमा जोड दिएका छन् । कला र साहित्य सामाजिक रूपमा यथार्थवादी हुनुपर्ने धारणा चर्नीशब्स्कीले राखेका छन् भने जाति विशेषको अभिव्यक्तिलाई दोब्रोल्यूवोभले विशेष महत्त्व दिएका छन् । कला र साहित्यसम्बन्धी धारणालाई अलग्गै विश्लेषण नगरे पनि मार्क्सका साम्यवादी घोषणापत्र, राजनीतिक अर्थशास्त्रको समीक्षा जस्ता विभिन्न लेखबाट साहित्यसम्बन्धी धारणाको विश्लेषण गर्न सकिन्छ । यस चिन्तनको सूत्रपात गर्ने मार्क्सका मित्र एङ्गेल्स हुन् । उनका विचारमा साहित्यमा सामाजिक यथार्थवाद हुन्छ । सो यथार्थ राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वर्ग द्वन्द्व हो र यो वर्गद्वन्द्व कृतिमा जति अन्तर्निहित हुन्छ त्यति नै उच्च हुन्छ (त्रिपाठी, २०३६:१५४) । मनुष्यको चेतनाले उसको अस्तित्व निर्धारण गर्दैन बरु उसको सामाजिक अस्तित्वले नै उसको चेतना निर्धारण हुने हुनाले कला र साहित्यमा पनि यही नियम लागु हुने धारणा प्रधान (२०२२:१५२) को छ । साहित्यको समाजशास्त्रको सम्बन्धमा सन् १९४४ मा प्रकाशित समाजशास्त्रको शब्दकोशले कला, कृति तथा कलाकारको पारस्परिक प्रभावको पृष्ठभूमिमा कला साहित्यको अध्ययन, वर्गीकरण, व्याख्या, विवेचना र निरूपण गर्ने गर्दछ भनी उल्लेख गरेको छ ।

साहित्यको समाजशास्त्रका सन्दर्भमा हिप्पोलिट टेनको कृतिको भौतिक सामाजिक मूलधारको खोजी (प्रजाति, परिवेश, क्षण), कृतिमा समाजको प्रतिबिम्बन मूल्याङ्कनको

आधार, कृति, लेखक र पाठकको अन्तर्सम्बन्ध आदिलाई महत्त्वपूर्ण मानिन्छ । लुसियन गोल्डम्यानको विश्वदृष्टि र चेतनाको समान-धर्मिताको खोजी, लियोलावेन्थलको लोकप्रिय संस्कृति, रूप र वस्तुबीचको अन्तर्सम्बन्ध, दर्पणसिद्धान्तको खण्डन र लेखकीय चेतनालाई भूमिका प्रदान, म्याडम द स्टायलको साहित्यमा सामाजिक, सांस्कृतिक र भौगोलिक परिवेशको प्रभाव, साहित्यको राजनीतिक चरित्र र मध्यमवर्गको अवधारणा आदि विषयहरू महत्त्वपूर्ण मानिन्छन् (ढकाल,२०६४ : ५७) । लुकाचका अनुसार कृति र कृतिकारको मूल्याङ्कन, सामाजिक सन्दर्भ, कृतिकार बाँचेको युग, उसको चेतना, समाजले उसमा पारेको प्रभाव आदिका आधारमा गरिनु पर्दछ ।

साहित्य र समाजको अन्तर्सम्बन्धको वैज्ञानिक अध्ययन गर्ने विधिलाई छोटकरीमा साहित्यको समाजशास्त्र भनिन्छ । साहित्यकारले सामाजिक पृष्ठभूमि र पर्यावरणकै आधारमा साहित्यको सिर्जना गर्ने गरेको हुन्छ । कृतिकार, कृति र पाठकका बीच हुने अन्तर्क्रियाको अध्ययन तथा साहित्यिक समाजको उत्पत्ति, विकास, संरचना आदिको विश्लेषण एवम् मूल्याङ्कन गर्ने कार्य साहित्यको समाजशास्त्रले गरिरहेको हुन्छ । साहित्यमा समाजको यथार्थता हुने हुनाले समाजमा व्याप्त रहेका राजनीतिक, आर्थिक, साँस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, धार्मिक एवम् अन्य पक्षको यथार्थता कृतिकार र उसको कृतिमा पनि परिरहेको हुन्छ । जसमा उसको आनुवंशिकताका अलवा भौतिक तथा सामाजिक वातावरणले प्रत्यक्ष भूमिका खेलिरहेका हुन्छन् । पाठक पनि सामाजिक व्यवस्थाबाट अनुबन्धित हुने भएकाले सोही प्रक्रियाबाट कृतिको अध्ययन भइरहेको हुन्छ । यसर्थ स्रष्टा, साहित्य र पाठकको त्रिकोणात्मक आधारबिन्दु समाज र सामाजिक सम्बन्धका सूचकहरू बनिरहेका हुन्छन् । साहित्यको समाजशास्त्रीय अध्ययनका मूलभूत मान्यता, विभिन्न विद्वान्हरूका धारणा, समाज र सामाजिक सम्बन्धका सूचकहरूका आधारमा कृतिको समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ ।

### ३.५.९ साहित्यको समाजशास्त्रीय अध्ययन पद्धति

कुनै पनि विषयको व्यवस्थित र सु-संगठित तरिकाले अध्ययन गर्दा त्यो विषयवस्तु विज्ञान सम्मत बन्न पुग्दछ । साहित्यको समाजशास्त्रमा साहित्यले समाजको विज्ञान सम्मत अध्ययन, व्याख्या र विश्लेषण गर्ने गर्दछ । जसमा समाजको सामाजिक,

साँस्कृतिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक आदि पक्षको अध्ययनका साथै लेखक, पाठक, प्रकाशक आदिका वैयक्तिक संरचनाको अन्तर्सम्बन्धको समेत प्रतिबिम्ब मिश्रित हुन्छ । विभिन्न विद्वान्हरूका आ-आफ्ना अध्ययन एवम् विश्लेषण गर्ने पद्धति हुन्छन् । मार्क्सले द्वन्द्ववादी एवम् भौतिकवादी मान्यताका आधारमा, समाजशास्त्रका पिता मानिने अगस्ट कोम्तेले प्रत्यक्षवादी दृष्टिकोणबाट, आध्यात्मवादीहरूले आत्मतत्त्वका आधारमा अध्ययन गर्नुपर्दछ भन्ने धारणा राख्छन् । हालसम्म विकसित भएका केही अध्ययन पद्धतिहरूको विश्लेषण निम्नानुसार छः-

### ३.५.९.१ ऐतिहासिक पद्धति

इतिहासमा घटेका विविध घटनाको आधारमा कुनै विषयको अध्ययन गरिने पद्धति नै ऐतिहासिक पद्धति हो । कुनै विषयको अध्ययन गर्दा यसभन्दा पहिले भएगरेका विषयको सहयोग लिने गरिन्छ । वी.डी.गुप्ताले विगतका दिनहरूमा भएका महत्त्वपूर्ण घटनाहरू, सामाजिक सम्बन्ध, समाज तथा संस्कृतिको सूक्ष्म एवम् विस्तृत अध्ययनका लागि प्रयोग गरिने पद्धतिलाई ऐतिहासिक पद्धति मानेका छन् ।

### ३.५.९.२ वर्णनात्मक पद्धति

वर्णनात्मक पद्धतिअन्तर्गत कुनै पनि विषयको अध्ययन गर्दा वर्तमान अवस्थाको यथातथ्यात्मक अध्ययन गर्ने गरिन्छ । ऐतिहासिक पद्धतिमा जस्तो पहिलेका घटना वा विषयहरूको आधार नलिई वर्तमानमा जे छ त्यसको वर्णन एवम् विश्लेषण गर्ने काम यस पद्धतिको हो । साहित्यको समाजशास्त्रीय अध्ययनमा साहित्यमा वर्तमान अवस्थामा प्रभाव, प्रयोग के कति छ त्यसको वस्तुपरक अध्ययन गरिन्छ ।

### ३.५.९.३ तुलनात्मक पद्धति

यस पद्धतिमा कुनै पनि विषयको अध्ययन गर्नका लागि भिन्न विषयका मिल्दाजुल्दा पक्षबीच तुलना गरिन्छ । यस पद्धतिको व्याख्या गर्ने समाजशास्त्रीहरूमा अगस्त कोम्ते, स्पेन्सर, मेक्सवेवर आदि रहेका छन् । यस पद्धतिको प्रयोगबाट प्रचलित साहित्यका विभिन्न

विधाहरूको उद्गमस्रोत, लोकप्रियतामा आउने भिन्नता र यसको कारण एवम् यी विधाहरू बीचको पारस्परिक सम्बन्ध आदि पक्षको अध्ययनमा उपयोगी हुन्छ ।

### ३.५.९.४ संरचनात्मक एवम् प्रकार्यात्मक पद्धति

यस पद्धतिको प्रयोग गर्ने विद्वान्हरू एच.डी. डङकन, गोल्डम्यान आदिलाई लिइन्छ । संरचनात्मक पद्धतिले कुन संरचनाले के कार्य गर्दछ भन्ने विषयको अध्ययन गर्दछ । जोन्सनका अनुसार कुनै पनि वस्तुको रचना त्यसका अङ्गका बीच विद्यमान अपेक्षाकृत स्थिर अन्तर्सम्बन्धबाट निर्माण हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिमा प्रयोग हुने ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक र प्रकार्यात्मक एवम् संरचनात्मक जस्ता पद्धतिले समाजको विगत र वर्तमानकालीन साहित्यको अध्ययन गरी यथातथ्यात्मक अवस्था बुझ्न सहज हुन्छ । वर्तमानकालीन साहित्य र समाजको अध्ययन गर्दा हिजोको साहित्य र समाज कस्तो थियो र यसको विकास कसरी हुँदै आयो र भोलिका दिनमा कस्तो होला ? यी अवस्थाहरू थाहा पाउन उल्लेखित अध्ययन पद्धतिहरूबाट सजिलो हुने हुँदा कुनै पनि विषयको वैज्ञानिक अध्ययना यी पद्धतिको अध्ययन अनिवार्य देखिन्छ ।

### ३.५.१० साहित्य र समाजबीचको अन्तर्सम्बन्ध

मानिस एउटा सर्वश्रेष्ठ सामाजिक प्राणी भएकाले व्यक्ति र समाज एक अर्काका परिपूरक अङ्ग मानिन्छन् । मानिसले समाजबाटै आँसु-हाँसो, दुःख-सुख जस्ता विविध अनुभूतिहरू बटुल्ने गर्दछ । कथाकारका मानसपटलमा घुमिरहेका वास्तविक क्षण हुन् वा काल्पनिक यिनै क्षणहरूलाई पात्रको चयन गरी श्रृङ्खलावद्ध रूपमा लिपिवद्ध गर्दा साहित्यको जन्म हुन पुग्छ । सामाजिक मूल्य मान्यता, परम्परा, संरचना, परिस्थिति, उपस्थिति, व्यवहार आदि विविध पक्षले व्यक्तिलाई प्रभाव पारिरहने हुनाले उसबाट सिर्जित सिर्जनाहरू पनि समाजबाट अछुत रहन सक्दैनन् ।

कृतिमा समाजका विभिन्न क्षेत्रगत, जातिगत, धार्मिक, सांस्कृतिक, समूहहरूको प्रतिनिधित्व हुने हुनाले तिनमा सामाजिक विविधताको प्रस्तुति अन्तर्मिश्रित हुने गर्दछ ( बराल र एटम, २०५६:६९) । समाज सामाजिक समूहहरू, सजातियताको एकता, समूह, दृष्टिकोणहरू, भीड, चेतना, तथ्याङ्कपरकता, स्थानीयता रङ्ग तथा धार्मिक-साँस्कृतिक

स्वरूपले प्रस्तुत गरेको संरचना तथा लेखक र पाठकको भूमिका जस्ता बहुपक्षीय सामाजिक विषयहरूप्रति आख्यानको समाजशास्त्र क्रियाशील रहने बराल (२०४०, ६९) को धारणा छ । यी विद्वान्हरू र विभिन्न दार्शनिकहरूका विचार समेतलाई आधार मानेर हेर्दा पनि साहित्य लेखन र समाजबीचको अन्योन्याश्रित सम्बन्ध प्रष्ट हुन आउँछ । पूर्वीय साहित्यका अमूर्त ग्रन्थहरू रामायण र महाभारत होस् वा पाश्चात्य साहित्यका महान् हस्ति शेक्सपियर, अरस्तु, दाँते, एडिसन, स्विफ्ट आदि विद्वान्हरू हुन् यिनीहरू तत्कालीन समाजको चित्रणबाट आजसम्म पनि जीवित रहिरहेका छन् । समाजका दुःख-सुख, परम्परा, संस्कृतिहरू जति मात्रामा साहित्यले सूक्ष्म रूपमा देखाउँछ त्यति मात्रामा इतिहास पनि सफल देखिँदैन । त्यसैले साहित्य समाजको अमूर्त दर्पण हो ।

साहित्यको समाजशास्त्रीय अध्ययन, सैद्धान्तिक परम्परा, विद्वान्हरूका धारणा, प्रयोग र सामाजिक सम्बन्धको विश्लेषणका समग्र मान्यताहरू बुँदागत रूपमा यसप्रकार छन् :-

- कृतिकार जुन देश र वातावरणमा हुर्किएको छ त्यसको निरपेक्ष भएर साहित्य सिर्जना हुन सक्दैन ।
- कृतिकारको जीवनी र कृति एक अर्काका परिपूरक हुन्छन् ।
- समाजमा विविधता हुनाले वर्गीय समाजको अध्ययन जरुरी हुन्छ ।
- समाजको अध्ययन ऐतिहासिक द्वन्द्ववादी दृष्टिकोणबाट गर्न सकिन्छ ।
- समाजको पनि जीवित प्राणीको जस्तै संरचना हुन्छ ।
- वर्गीय द्वन्द्वले समाजमा सकारात्मक परिवर्तन ल्याउँछ ।
- समाज वर्गसंघर्षद्वारा सञ्चालित हुन्छ ।
- वैज्ञानिक साम्यवादी समाज मानव समाजको उच्चतम चरण हो ।
- समाज विविध घटनाहरूको अध्ययनको प्रयोगशाला हो ।
- कला र साहित्य सामाजिक रूपमा यथार्थवादी हुनु पर्दछ ।
- समाज आफ्नै संस्कृति र नीति नियमबाट सञ्चालित हुन्छ ।
- कुनै विषयको विज्ञान सरह वस्तुनिष्ठ अध्ययनमा समाजले सहयोग पुऱ्याउँछ ।
- सामाजिक अन्तर्क्रियाबाट सभ्य समाजको उदय हुन्छ ।
- समाज परिवर्तनशील व्यवस्था हो ।
- लेखक र उसको कृतिमा भौतिक, साँस्कृतिक, सामाजिक परिवेशको प्रभाव रहन्छ ।
- समाजमा सहयोग र संघर्ष दुवै पाइन्छ ।
- मानव समाजको विकासमा देखिएका पक्षहरू संस्कृतिका उपज हुन् ।

## ३.११ निष्कर्ष

कुनै पनि कृतिको अध्ययन गर्दा समाजका विविध पक्षको अन्तर्सम्बन्धलाई दृष्टिगत गर्नु जरुरी रहन्छ । डार्विनको विकासवाद, स्पेन्सरको समाजउद्‌विकास, मेलिनोस्कीको प्रकार्यवाद, टेलरको संस्कृतिसम्बन्धी धारणा, दुर्खिमको आत्महत्या होस् वा मार्क्सको द्वन्द्ववाद, लेखकदेखि पाठकसम्मका सम्बन्ध हुन् वा समाजसँग जोडिएका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, साँस्कृतिक, शैक्षिक, मनोवैज्ञानिक आदि पक्ष हुन् यिनीहरूको प्रभाव कृतिमा अनिवार्य रहन्छ । यी पक्षहरूको अध्ययनको अभावमा कुनै पनि कृतिको अध्ययन अपुरो रहनछ । त्यसैले प्रस्तुत **काठमाडौँमा कामरेड** कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययनको आधार निम्नलिखित बुँदालाई लिइएको छ :-

- द्वन्द्ववादी मान्यता
- लेखक, कृति र पाठकको अन्तर्सम्बन्ध
- समाज र सामाजिक सम्बन्धका सूचकहरू
- भौतिक सामाजिक मूलधारको खोजी
- कृतिमा समाजको प्रतिबिम्बन र लेखकीय चेतनाको भूमिका
- उद्‌विकासवादी दृष्टिकोण

# परिच्छेद-चार

## कथा तत्त्वका आधारमा ‘काठमाडौँमा कामरेड’ कथासङ्ग्रहको अध्ययन

### ४.१ कथाका तत्त्व

कथा अन्य साहित्यिक विधामध्ये आख्या तत्त्व प्रवल भएको विधा हो । यसका मौलिक तत्त्वका कारण यो पृथक र स्वायत्त विधा मानिन्छ । कथाका विधागत तत्त्वका बारेमा विभिन्न मतमतान्तर देखिन्छन् । श्रेष्ठ(२०६०:४)का अनुसार कथावस्तु, पात्र र चरित्र चित्रण, संवाद वा कथोपकथन, देशकाल, परस्थिति, भाषाशैली र उद्देश्यलाई कथातत्त्वका रुपमा उल्लेख गरिएको छ । अवस्थी (२०५५:५)ले शीर्षक प्रयोग, विषय वा केन्द्रीय कथ्य, कथावस्तु योजना, पात्र विधान, परिवेश चित्रण, परिच्छेद विधान, दृष्टिबिन्दु, भाषाशैली र बिम्ब प्रतीक प्रयोगलाई स्वीकारेका छन् । उपाध्याय (२०४९:१४४-५२)ले कथानक, चरित्र, देशकाल, वातावरण, विचार, कौतुहल, संवाद, शैली र उद्देश्यलाई उल्लेख गरेका छन् । थापा (२०५०:१६०)ले कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्यलाई स्वीकारेका छन् । शर्मा (२०५८:१९-४३) ले कथानक, चरित्र वा पात्र, परिवेश, विषयवस्तु, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दु गरी आठवटा तत्त्वलाई स्वीकारेका छन् ।

माथि उल्लेखित विद्वान्हरूका कथातत्त्वसम्बन्धी धारणालाई मध्यनजर गर्दै दयाराम श्रेष्ठ (२०६० : ८) द्वारा उल्लेखित कथा तत्त्वका आधारमा प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको अध्ययन एवम् विश्लेषण गरिएको छ । जुन यसप्रकार छन् :-

### ४.१.१ कथावस्तु वा कथानक

कथावस्तुमा प्रारम्भ, मध्य र अन्त्यको निर्वाह गर्न सक्षम तथा परस्पर सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुवन्धनलाई कथानक भनिन्छ (शर्मा, २०५९ : ६२) । स्वयं कथाकारको विचार, घटना वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति कथावस्तु हो (श्रेष्ठ, २०६० : ९) । जसमा लेखकको विचार, उद्देश्य र युगबोधले महत्त्वपूर्ण भूमिका खेल्दछ । कथावस्तुले पाठकमा जिज्ञासा, उत्कण्ठा तथा कौतुहल जन्माउन सक्नुपर्दछ । पाठकका मनोभावहरूलाई ब्यूझाइ प्रभावकारी ढङ्गमा पाठकलाई आफूतिर तान्न सक्ने क्षमता

कथावस्तुमा रहेको हुन्छ । कथामा घटनाहरू आदि, मध्य र अन्त्यको ढाँचामा रहेका हुन्छन्, जसलाई रैखिक ढाँचा पनि भनिन्छ । हाल आएर कथानकहीन, कथानक छिरलिएका वा विशृङ्खलित किसिमका नवीन एवम् प्रयोगशील कथाहरू पनि लेखेको पाइन्छ, जसलाई अकथा पनि भन्ने गरिन्छ (श्रेष्ठ,२०६०:१०) । यस्ता किसिमका कथाहरूलाई प्रायः वृत्तकारीय ढाँचामा लेख्ने गरिन्छ । कथामा स्रोतको रूपमा इतिहासमा घटेका घटनाहरू, कथाकारले देखेका, भोगेका, सुनेका विषयहरू, मानवीय वैराग्य वा निराशाजन्य विषय तथा मानवजीवनको यथार्थ परिवेशमा निहीत गुढतम रहस्यको उद्घाटनका लागि यथार्थ जीवनमा नपाइने घटना पात्र र परिवेशको प्रयोग गरी लेखिएका स्वैरकल्पनात्मक वस्तुहरूबाट पनि लिन सकिन्छ । वर्तमान समयमा द्वन्द्वप्रधान र समसामयिक विषयलाई कथावस्तुको रूपमा लिई व्यक्ति-व्यक्ति, जाति-जाति र वर्ग-वर्गबीच हुने संघर्षलाई कथावस्तु बनाउने प्रचलन बढी देखिन्छ । **काठमाडौँमा कामरेड** कथासङ्ग्रहका कथाहरूको कथानक यसप्रकार छ :-

'काठमाडौँको खुल्लामञ्चमा वरिष्ठ कामरेडको भाषण हुन गइरहेको थियो' भन्ने वाक्यांशबाट सुरू गरिएको प्रस्तुत काठमाडौँमा कामरेड कथामा आर्थिक असमानताको अन्त्य गरी समाजलाई सु-संगठित बनाई राष्ट्रिय हिततर्फ उन्मुख हुन वर्गीय, जातीय, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक संघर्ष मार्फत लडाइ गरिरहेको पार्टी विस्तृत शान्ति सम्झौतापछि राजनीतिक रूपान्तरणको लागि काठमाडौँको खुल्लामञ्चमा हुने सभाका लागि आर्थिक संकलन गरिएको छ । कथाको ऊ पात्र कम्मरमा पिस्तोल लिएर चन्दा उठाउनु कथाको प्रारम्भिक भाग हो । ऊ अर्थात् कनिष्ठ कामरेड उसको कमान्डरको निर्देशन अनुसार कार्य गरिरहेको छ । युद्धकालका सँगै बसेका साथीहरू आज उसकै अगाडि चिल्लाकारमा हिँडेको, गाउँका र उसका परिवारका द्वन्द्वपछि सँगै बस्ने सपना सँगै उसको कम्मरमा रहेको पिस्तोल हराउँदाको अवस्था कथाको मध्य भाग वा चरमोत्कर्षको अवस्था हो । हतियारविहीन भएर जनताको माझमा गइसकेपछि हतियार बोकेको अवस्थामा भन्दा अझ बढी सुरक्षित भएर युद्ध लड्ने नयाँ विधि भेट्याउनु कथाको अन्त्य भाग हो । यही युद्ध जित्ने नयाँ विचारका साथ कथाको कथानक पनि अन्त्य भएको छ ।

कथामा ऊ पात्रले कथाको कथानक सुरुदेखि अन्त्यसम्म अगाडि बढाएकाले यस कथाको कथानक ढाँचा चाहि रैखिक खालको रहेको छ ।

'ऊ पनि काठमाण्डू' यस कथा सङ्ग्रहभित्र संकलित दोस्रो कथा हो । "लभ यू डार्लिङ ...।' भन्ने अंग्रेजी वाक्यांशबाट सुरु गरिएको यस कथामा काठमाडौंको गर्ल्स होस्टेलमा बस्ने एउटी माध्यमबाट नारी संवेदना र मनोदशाको चित्रण पाइन्छ (गौतम : २०६५) । काठमाडौँमा आइसकेपछि मान्छेहरू यहाँको वास्तविकता नबुझी केवल रमझममा तल्लिन रहन्छन् । समयमै यस पक्षमाथि विचार नपुऱ्याए काठमाडौँ छोटो समयमै मुम्बई, दिल्ली र व्याङ्कक जस्ता बेश्यावृत्तिले युक्त सहर हुनेछ र यहाँका अधिकांश महिलाहरू नगरवधु बन्न पुग्ने कुरा यस कथाको कथावस्तु बनेको छ । कथामा होस्टेलका अन्य छात्राले जस्तै उसले पनि ब्वाईफ्रेन्डको पर्खाइमा बसेको, बाइकमा चढेर नगरकोट, मनकामना, दामन, ककनी ... जस्ता ठाउँमा घुम्न जाने, डिस्को, बार र रेष्टुराँहरूका मेनुहरूमा औला घुमाउँदै रम्ने कल्पनामा डुवेको अवस्था कथाको आदि भाग हो । अबेरसम्म पनि ऊ नआएपछि पहिले जस्तै ऊ पनि काठमाण्डू भएकाले उसले पनि माया मारेको र समयमै आफ्नो मनलाई नियन्त्रणमा राख्न नसके ऊ जस्तै अर्को काठमाण्डूले नगरबधु बनाइ छाड्ने छ भन्ने सचेततासँगै कथावस्तु चरमोत्कर्षमा पुगेको छ । उसकै प्रतिक्षामा बाहिर टोलाइरहँदा पल्लो घरको झ्यालबाट एउटा बूढो मानिसले इशारा गरिरहेको थियो । उसका गाडीहरू, फूलबारी, वुलडग लगायत अन्य सम्पत्तिहरू थिए । त्यसैले ऊ पात्र अर्थात् छात्रा पनि आँखा झिम्काउन पुग्छे किनकी ऊ पनि उसले खोजेको एउटा काठमाण्डू थियो । यस घटनासँगै कथानक पनि अन्त्य भएको छ ।

प्रस्तुत कथाको कथावस्तु सुरुदेखि अन्त्यसम्म ऊ अर्थात् होस्टेलकी छात्राको केन्द्रियतामा सरल तरिकाले अगाडि बढी अन्त्य भएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ ।

'म चिन्तित मनले झ्यालबाट बाहिर नियालिरहेको थिएँ ।' भन्ने वाक्यांशबाट सुरु गरिएको 'हराएको देश खोज्दै जाँदा' कथामा देशको पीरले हिँडिरहेको छोरो खोज्नुपऱ्यो भन्दा हाँसोको भावमा खिल्ली उडाइरहेको वर्तमान परिस्थिति, देशको अव्यवस्थित र लथालिङ्गपनको साह्रै सटिक र मर्मस्पर्शी व्याख्या गरिएको छ (घिमिरे, २०६५ : ४) । यस कथामा हराएको देश खोज्नका लागि देशभित्रै निस्किएको म पात्रको छोरो खोज्न ऊ पात्र हिँडिरहेको छ । साँझ पर्दासम्म पनि छोरो नफर्किएपछि छोराको पीरले बाटोघाटो तथा गल्ली-गल्लीमा हिँड्ने मानिस लगायत प्रहरी प्रशासन, दलका नेता तथा कार्यकर्तालाई सोध्दा हाँसोको भावमा खिल्ली उडाइदिन्छन् । म पात्रको छोराले देश हराएको छ भन्दा

आश्चर्य मान्ने मानिस आज सडकमा टायर बालेर, इटा फोडेर नारा घन्काउँदै तोडफोड गर्दा साँच्चिनै देश हराएको, देशका प्रशासक चीर निद्रामा रहेको अनुभव गर्दछ । खोज्दै सिंहदरबारको गेटमा पुग्दा सयौँ मानिस नारा घन्काउँदै चर्को स्वरमा उकेलीरहेका थिए । उसलाई कताकता आफ्नो छोरोको आवाज जस्तो पनि लाग्यो । राम्ररी हेर्दा उसको छोरोले सिंहदरबारको गेटमा फलामे छडीले हिर्काइरहेको थियो । यत्तिकैमा प्रहरीले भ्यानमा कोचेर छोरोलाई कता पुऱ्यायो तर निद्रामा रहेको कुम्भकर्ण सरकार अझैसम्म ब्यूँतिएन ।

कथामा म पात्रको छोरो देश हरायो भन्दै खोज्न निस्कनु कथाको आदि भाग हो । आफ्नो देश सिंहदरबारभित्र लुकाइ राखिएको छ भन्दै फलामे छडीले हिर्काउनु र प्रहरीले गिरफ्तार गर्नु कथाको चरमोत्कर्ष हो । चीर निद्रामा रहेको वाहना गरिरहेको प्रशासनको लाचाहारीपन सँगै कथानकको अन्त्य भएकमो छ । यस कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अडेकाले कथा रैखिक ढाँचामा लेखिएको छ ।

'गुलाबसिंह बन्यो विष्फोट सिंह' नेपालको राजनीतिक अस्तव्यस्तताको कथा बोकेको कथा हो । आफ्ना हितका लागि नेपालका राजनीतिक दल र तिनका कार्यकर्ता के सम्म गर्न तैयार रहेछन् भन्ने गम्भीर विषयको रहस्योद्घाटन कथामार्फत् गरिएको छ । गुलाबको फूल जस्तै शान्त स्वभाव भएको मान्छेलाई राजनीतिक आस्वासन दिएर मधेशमा हत्या, हिंसा, काटमार, गाऊँ निकाला, बुथ कब्जा जस्ता कार्यमा संलग्न गराई फसाउने र परेको समयमा रमिता हेर्ने कुटिल चालवाजीलाई कथाकार शाहले कथावस्तु बनाएका छन् । 'उसलाई हातमा हतकडी लगाएर जेलमा ल्याइएको थियो' भन्ने वाक्यांशबाट सुरु गरिएको कथामा गुलाबसिंह नामको व्यक्ति दलहरूको खेलौनाका लागि विष्फोट सिंह बनेको छ । भविष्यमा मन्त्री बनाइदिने आस्वासन दिएका दलका नेताहरू ऊ थुनामा परेपछि महिनौ दिनसम्म पनि निकाल्न त के भेट्न समेत आएका छैनन् । राजनीतिक दलका नेताहरूप्रति उसको विश्वास भने पूर्ण थियो की उनीहरू जेल पर्दाको अर्को दिन उसलाई छुटाउने छन् र भोलिका दिनमा मन्त्री बनाइदिनेछन् । कथाको अन्त्यतिर एक समूहले गुलाब सिंह जिन्दावाद भन्दै नारा लगाउँदै ऊ नजिक आउँछन् तर समूहको नेताले जेलरसँग यो त देखावटी रूप मात्र हो । ऊ भाग्दै छ रे भन्ने सुनेर आएको, उसलाई यहीँ सडाउनु पर्छ भन्ने रहस्य बताए सँगै कथाको कथानक पनि अन्त्य भएको छ ।

गुलाब सिंह हत्या, हिंसा, चोरी, लुटपाट जस्ता विविध कार्यमा संलग्न बनेपछि विष्फोट सिंह भएको र पक्राऊ परेको घटना कथाको प्रारम्भिक भाग हो । यसको रहस्योद्घाटन आफैले जेलर समक्ष गरेको छ । उसकी आमा र श्रीमती भेट्न आएको घटना, उसले म भोलि नै जेलबाट छुट्छु र दलका नेताहरू मलाई सहयोग गर्छन् भनी गरेको पूर्ण विश्वास, र नारावाजीसँगै समूहको नाइकेले जेलरसमक्ष गरेको रहस्योद्घाटन कथाको मध्य भाग हो । विष्फोट सिंहको अनिश्चित जेल बसाईसँगै कथाको अन्त्य भएको छ । कथामा गुलाब सिंहको गतिविधिलाई क्रमिक रूपमा प्रस्तुत गरिएकाले कथाको कथानक ढाँचा रैखिक रहेको छ ।

'हावाको झोक्का सरी ऊ पात्र आएर म बर्बाद भएँ इस्पेक्टर साब' भन्ने वाक्यांशबाट सुरु गरिएको 'बहुमूल्य चोरी' कथाको कथानक झिनो खालको रहेको छ । आफ्नो प्रतिष्ठालाई माथि उठाउन प्रहरी प्रशासनलाई नै निकम्बा तुल्याइएको छ । सर्वस्व गुमाएँ भन्दै म पात्रसँग निवेदन लिएर आएपछि कथाको प्रारम्भ हुन्छ । घटनास्थलमा गएर एक-एक रिपोर्ट लिँदा र धेरै अनुसन्धान गर्दा पनि केही पत्तो लगाउन नसकेको अवस्था कथाको मध्य भाग हो । पत्रपत्रिकाहरूमा चर्चा परिचर्चा भएपछि आफै सम्पत्ति रित्ताएर चर्चाको लागि निवेदन दिएको रहस्य खोलेपछि कथा चरमोत्कर्षमा पुगेको छ । यही घटनासँगै कथानकको अन्त्य हुन्छ । ऊ पात्रको प्रहरी कार्यालयमा निवेदन सहित भएको आगमन, घटनास्थलको रिपोर्ट र चोरीको रहस्योद्घाटनको क्रमबद्ध प्रस्तुति रहेकोले यस कथाको कथानक ढाँचा रैखिक देखिन्छ ।

छिमेकी-छिमेकी बीचको सम्बन्धलाई प्रस्तुत गरिएको 'छिमेकीको छाता र छाडा छोराहरू' कथाको सुरुमा छिमेकीले म पात्रलाई फोन गरेर घर जग्गाको नक्सा र लालपूर्जा लिएर आउन गरेको आग्रहबाट कथानक सुरू हुन्छ । छिमेकीको व्यवहारप्रति शङ्का लागेको म पात्रले आफ्ना छोराहरूलाई सँगै राखेर घर सल्लाह गर्न लाग्छ । छोराहरू चाहिँ छिमेकीको जुठोपुरो खान पल्केकाले कसैले ऊ विरुद्ध लाग्ने आँट गर्दैनन् । म पात्र भने उसको नियतप्रति खबरदार गर्नका लागि अर्को असल छोरो जन्माउने सुरमा लागे सँगै कथाको कथानकको अन्त्य भएको छ ।

निरङ्कुशतामा अडेको छिमेकी समाजको माध्यमबाट छिमेकी देशहरूले नेपालमाथि आफ्नो प्रभुत्व जमाउन खोजेको विषय यस कथाको कथावस्तु बन्न पुगेको छ । छिमेकी देश विशेष गरी भारतले नेपालका विभिन्न ठाउँबाट सीमा अतिक्रमण गरिरहेर आफ्नो

नक्कली चरित्रलाई देखाएको विषयलाई दुई छिमेकीको माध्यमबाट सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिएकाले यसको कथानक ढाँचा रैखिक नै देखिन्छ ।

'क्यान्टोनमेन्टमा छापामारहरू उत्सव मनाइरहेका थिए ।' भन्ने वाक्यांशबाट सुरु गरिएको 'क्यान्टोनमेन्ट' कथामा नेपालको समसामयिक समस्याको रूपमा रहेको माओवादीहरूका छापामारहरूको क्यान्टोनमेन्ट बसाईंलाई प्रस्तुत गरिएको छ । ०६२/६३ को आन्दोलन र विस्तृत शान्ति सम्झौता पश्चात द्वन्द्वको अन्त्य गरी शान्तिपूर्ण तरिकाले बाँच्न पाउने जनताको अधिकारप्रति मध्यनजर राख्दै सेना व्यवस्थापन गर्न खोजे पनि उचित कार्यशैलीका अभावमा सो कार्य अधुरो रहेको र शान्ति प्रक्रिया ओझेलमा परेकाले छापामारहरूको किंकर्तव्यविमूढको अवस्था देखाइएको छ । युद्धको अभिघातले विक्षिप्त छापामारको अन्यौलको अवस्थासँगै कथाको कथानक पनि अन्त्य भएको छ ।

छापामारहरू क्यान्टोनमेन्टभित्र आउँदा साह्रै रहमाइरहेका थिए । उनीहरूले राता तुल, झण्डा, फेटा, ध्वजा-पतका बाँधेर र मसालहरू बालेर उत्सव मनाइरहेका थिए । साथमा युद्धकालमा उनीहरू कसरी लडे यी विषयका गीतहरू गुञ्जायमान थिए । गीतमा अतीतको बलिदानले सुन्दर भविष्यको सिर्जना गर्ने भाव झल्कन्थ्यो । छापामारहरूको क्यान्टोनमेन्ट प्रवेश र विजयोत्सव कथामा आदि भाग हो । ऊ पात्र भने कोठाभित्रबाटै गीतको भावअनुसार जोसिन्थ्यो र आफू सहभागी हुन नपाएकोमा आँसु झार्दथ्यो । उसले आफ्नो अतित सम्झ्यो, बाबुआमा, घरपरिवार, शिक्षादीक्षा, समाजमा आफ्नो स्थान आदिले उसलाई बीचबीचमा झक्झकायो । आफूसँग पढाइ छैन, भाइहरू बी.ए., एम.ए. पढ्दै होलान् ! यी विविध विषयले उसलाई उसको भविष्यसँग साउती गर्न बाध्य बनाउँथे । बीचबीचमा छापामारहरू हतियार सहित क्यान्टोनमेन्ट बाहिर निस्कँदा उसले फेरि युद्ध चकर्ने हो की, फेरि दाजुभाइ मारिने हुन् की ! उसको मन भयले उद्वेलित हुन्थ्यो यो कथाको मध्य अर्थात् चरमोत्कर्षको अवस्था हो । छापामारसँगै विदेशी नेता तथा झण्डाहरू फहराउँदा नेपाल झण्डा नदेखेपछि आफ्नो झण्डाको खोजीमा जोडले चिच्यायो । बाहिर हाम फाल्न खोज्यो । तर युद्धको अभिघातले मानसिक रूपमा विक्षिप्त भएकाले उसलाई क्यान्टोनमेन्टभित्र कैद गरिएको थियो । यस घटनासँगै कथानकको अन्त्य हुन्छ । प्रस्तुत कथा आदि, मध्य र अन्त्यको क्रमबद्धतामा अडेकाले कथानक ढाँचा रैखिक खालको देखिन्छ ।

'म पनि कुकुर' एउटा प्रतिकात्मक कथा हो । कथामा कुकुर जस्तै लुतपुताएर ब्वाँसोले जस्तै धुले प्रवृत्तिलाई उदाङ्ग पारिएको छ । 'मान्छे रोग र भोकले ग्रस्त छ तर कुकुर भने बलिया, मोटाघाटा र रातापीरा हुन्छन् ।' भन्दै अहिलेको समाजमा जो धूर्त र पाइताला चाट्दै हिँड्ने हुन्छ उही उच्च तहमा पुगेको र जो सिधासाधा तरिकाले बाँच्न खोज्छ त्यो सधैँ भोक र रोगले ग्रस्त हुनुपर्दछ भन्दै नेपाली समाजको समसामयिक वास्तविकतालाई कथावस्तुमार्फत् प्रस्तुत गरिएको छ । म पात्रलाई उसको श्रीमती, छोरा, छोरीको इच्छा अनुसार कुकुर बन्न प्रेरित गरिन्छ । छिमेकीहरू कुकुर बनेर माथिमाथि पुगिसक्दा आफ्नो हालत सधैँ अभावमा गुज्रिएकाले कुकुरको नक्कल मात्र नगरी वास्तविक कुकुर बनेर रातारात छिमेकी सरह बन्ने उनीहरूको चाहना हो । कुकुर बन्ने प्रयासपछि स्वामीलाई भेट्न जाँदा आफूभन्दा विकसित कुकुरहरू (बक्सर, जर्मन सेफर्ड, डोभर म्यान, गोल्डेन रिटिचर, ल्याब्रोडो) पनि सोही लाइनमा देख्छ । आफ्नो पालो आएपछि स्वामीको पाइताला चाट्दा नङ्ग्रा गाड्न पुगेको म पात्र लात खाएर बाहिरिन्छ । उसलाई स्वामीभक्त मान्छे बन्न भन्दा स्वामीभक्त कुकुर बन्न झन् गाह्रो भएको अनुभव हुन्छ । कुकुर बन्ने अनन्त प्रयास कथाको आदि भाग, प्रयासपछि स्वामी समक्ष उपस्थित हुनु मध्य भाग र कुकुर बन्ने खेलमा असफल भएपछि तीतो अनुभवका साथ बाहिरिनु कथाको अन्त्य भाग हो, जुन रैखिक ढाँचामा प्रस्तुत गरिएको छ ।

'ऊ एक पात्र लोकतन्त्रको' कथामा सडकमा बढ्दो अराजकता र मनपरितन्त्रका कारण निर्दोष नागरिकले अनाहकमा बेहोर्नु परेको पीडालाई उतारिएको छ (गौतम, २०६५ : १०) । काठमाडौँको एउटा गल्लीमा चिया पसल गरेर बसिरहेको ऊ पात्रकी श्रीमती प्रसवपीडाले छट्पटाइरहेकी छे । उसको छोरो जनआन्दोलन-२ को एउटा सहिद थियो । लोकतन्त्रका लागि लड्दालड्दै सहिद बनेको कथा यसको पृष्ठभूमिको रूपमा रहेको छ । श्रीमतीको उपचार गर्ने खर्च जुटाउनका लागि चिया बेच्दै श्रीमतीको ख्याल गर्दै दिनभर बिताउने कार्यमा लागेको ऊ आधा दिन नहुँदै लोकतन्त्रको उपहार बोकेर आएका आन्दोलनकारीको दुर्व्यवहारबाट पीडित बनेको छ । 'श्रीमती मृत्युशैयामा छे उपचार गर्ने खर्च जुटाउन देऊ' भन्ने आग्रह गर्दा पनि आन्दोलनको शिकार हुन पुगेको ऊ अनन्त श्रीमतीको उपचार गर्न नपाएर श्रीमतीको मृत्युको शिकार बनेको छ । यो अवस्था कथामा चरमोत्सकर्षको अवस्था हो । ठेला गाडामा राखेर वीर अस्पताल लैजाँदै गर्दा चिसो भइसकेकी उसकी श्रीमतीलाई छेऊ लगाउँदै देशका नेता तथा प्रशासक भने

चिल्लागाडीमा हुइकिरहेका थिए । यो कारुणिक अवस्थासँगै कथानक अन्त्य भएको उक्त कथाको कथानक ढाँचा रैखिक देखिन्छ ।

मानव समाजको विकास द्रुततर गतीमा भइरहेको र समयले मारेको फड्कोलाई शाहले कथाको विषय बनाएका छन् । परिवर्तित समयसँगै नयाँ विचार पनि पुराना हुँदै जाने शताब्दीऔँ पछाडिको अवस्थालाई काल्पनिक ढङ्गले कथामा उतारिएको छ । म पात्रको छोरो चिल्ड्रेन पार्कमा रमाइलो गर्न बाबासँगै पुग्छ । त्यहाँ असंख्य बालबालिकाहरू रमाइरहेका थिए । ऊ पनि मिकी माउसलाई देखेर रमाउँछ, उफ्रन्छ, खितखिताउँछ, साह्रै पुलकित बन्दछ र बाबालाई पनि माउस बन्न आग्रह गर्दछ । समयको गतिसँगै छोरो ठूलो भएपछि छोराको पनि छोरो अझ बढी विकसित मानव भएर निस्कन्छ र उसको बुबालाई लिभिङ मेसिन बन्न आग्रह गर्दै आफ्नो रङ्गीबिरङ्गी शरीरबाट विकीकरणहरू फ्यालिदिन्छ । म पात्र भने मिकी माउसको खोलभित्र विगत, वर्तमान र भविष्यको आँकलन गर्दै ह्वाँ-ह्वाँ रुन थाल्छ र कथानकको पनि अन्त्य हुन्छ । कथामा आफू, आफ्नो छोरो र छोराको पनि छोराको विकसित रूप क्रमशः देखाइएकोले कथानक ढाँचा रैखिक खालको देखिन्छ ।

'सिंहदरबारको एउटा बन्द कोठा जहाँ नयाँ नेपालका नेताहरू बसिरहेका थिए' भन्ने वाक्यांशबाट सुरु गरिएको 'नयाँ राजाहरू' कथामा सहमति र सहकार्यको राजनीति गर्ने प्रतिबद्धता जाहेर गरेका ठूला दलका बीचको अर्न्तद्वन्द्वलाई बढो मीठास र पठनीय शैलीमा प्रस्तुत गरिएको छ । संघीयताका नाममा पृथ्वीनारायण शाहले एकीकरण गरेको राज्य टुक्र्याउँदै दलका नेताहरू आफूलाई नयाँ राजा बनाउने होडमा लागि परेकोमा कथाकारले असन्तुष्टि पोखेका छन् (गौतम, २०६५)। लोकतन्त्रको प्राप्ति सँगै ढलेको राजतन्त्र र एकीकरण नायक पृथ्वीनारायण शाहको श्रीपेच कसले पहिरिने भन्ने नेताहरूको सोचसँगै कथाको सुरुवात हुन्छ । सिंहदरबारको बन्द कोठाभित्र बसेका नेताहरू आ-आफ्नो प्रदेशको राजा हुने दिवा सपनामा परिरहेका छन् । आफू राजा भएको, मोजमस्तीमा लागेको, सुरा र सुन्दरी छेवैमा रहेको सपनामा डुविरहँदा बाहिरबाट जनताले ढुङ्गामूढा गरेको देख्दै ब्यूँतिन्छन् र श्रीपेचसँगै पछारिन्छन् । वर्षैपिच्छे चुनाव लड्न नपर्ने, रोग, भोक र अभावसँग जुध्न नपर्ने, सुरा, सुन्दरी आदिसँग मस्ती गर्न पाइने सपना देखेका नेताहरू एक आपसमा झगडा गर्दै हिमाल मेरो प्रदेश, पहाड मेरो, तराई, काठमाडौँ, मधेश... भन्दै श्रीपेच खोसाखोस गर्छन् । यो अवस्था यस कथाको चरमोत्कर्षको अवस्था हो ।

एकअर्कालाई गाली गर्दै मुड्की वर्षाउँदै लडेको र जनताको चाहना केवल कोरा चाहनामै सीमित भएसँगै कथानकको पनि अन्त्य हुन्छ ।

'थुप्तेन ग्याछो' बुद्ध धर्ममा आधारित भएर लेखिएको कथा हो । बुद्ध धर्मको मूल-मान्यता विपरित गएर वर्तमान समयमा देखावटी धर्मको नाटक गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै कथानक अगाडि बढेको छ । ऊ अर्थात् थुप्तेन ग्याछो बुद्ध धर्मको पाठ सिक्न अन्य बालकहरू (ढावा) सँगै गुम्बाको प्रार्थना कोठामा मुडुलो टाउको लिएर बसिरहेको छ । उनीहरूका अगाडि रहेका गुरु अर्थात् रेम्पोचेले पेचा अर्थात् पुस्तकका पाठहरू कण्ठस्थ पार्न निर्देशन दिन्छन् । ऊ पात्रलाई भने वर्तमान, अतित र भविष्यका विविध विषयले मनभित्रै तर्क वितर्क गर्न बाध्य पार्दछन् । बुद्ध धर्मको नीति विपरीतका कुराहरू देखिरहेको उसले रेम्पोचेप्रति असन्तुष्टि पोख्दछ किनभने रेम्पोचेको हातमा महङ्गा घडी, महङ्गा जुत्ता, चिल्लो आकर्षक गाडी, चालक र अगाडि-पछाडि पाइला सुँघ्दै हिँड्ने कुकुर देख्छ । पढाइमा जो अब्बल आउँछ, उही रेम्पोचे बन्छ भनेका गुरुका वचनलाई पालना गर्न ऊ पनि पेचाका पाठहरू कण्ठस्थ गर्नपट्टि लाग्दछ र कथानकको अन्त्य हुन्छ । थुप्तेनको भिक्षुरूप लिएर प्रार्थना कोठामा प्रवेशसँगै सुरु भएको कथा विभिन्न तर्क, वितर्क, अतित, वर्तमान र भविष्यका गतिविधिको आँकलनको उत्कर्षतासँगै पुनः रेम्पोचेको बाटोमा लाग्दै कथावस्तुको अन्त्य हुन पुगेकाले यसको कथानक ढाँचा रैखिक खालको रहेको छ ।

'ऊ, म र वण्डाईविच' नामक कथा कथाकार शाहको देशप्रेमले पलाएको मुना हो, अति सुन्दर नमूना हो । देश नहुनुको संवेदनशीलतालाई र आप्रवासी हुनुको बोधलाई यति मार्मिक ढङ्गले व्यक्त गर्ने कौशल शाहकै कलमलाई जिम्मा लगाइदिए जस्तो छ (**भृकुटी**, २०६५ : ११५) । 'नेपाल भन्ने देश कहाँ छ अड्कल ?' भन्ने वाक्यांशबाट सुरु गरिएको उक्त कथामा म पात्र र ऊ पात्रको कुराकानीलाई समेटिएको छ । म पात्र कामको सिलसिलामा अष्ट्रेलिया पुगेको छ भने ऊ पात्र चाहिँ काम खोज्न अष्ट्रेलिया नै पुगेका बाबुआमाबाट त्यही नै जन्मेकी हो । आफ्ना बाबुआमाले कुरा गर्दा नेपालबारे थाहा पाएकी ऊ पात्रले मपात्र सँग नेपालबारे विस्तृत बुझ्न चाहेकी छे । नेपाल सगरमाथाको देश हो, बुद्ध जन्मेको देश हो, नेपाल सानो देश हो, गरिब छ तर विश्वले खोजेको शान्ति र स्वर्ग छ त्यहाँ ... भनेपछि तपाईंहरू किन त्यस्तो देश छाडेर यहाँ आउनु भएको यहाँ म स्थायी बासिन्दा भए पनि यहाँको समाजले मान्न तैयार हुँदैन, म यो ठाउँमा जन्मेर गल्ती भएछ भन्दै पछुताउछे । म पात्रको ऊसँग भएका कुराले एक पटक बुढी गण्डकीको बगरमा पछारिदिन्छ र ऊ पात्र पनि आँखामा आँसुका

ढिका जम्मा गर्दै नेपाल बस्न नपाउनुको पीडा आँखामा सलबलाउँदै कथाको कथानकको पनि अन्त्य हुन्छ । म पात्र र ऊ पात्रको भेट र कुराकानीसँगै कथाको सुरुवात भएको छ । नेपाल र नेपालीको परिचयसँगै दुई पात्रका बीच भएका राष्ट्रियता र देशप्रेमका अल्लादपूर्ण वातचितले कथालाई उत्कर्षतामा पुऱ्याएका छन् । नेपाली हुन नपाउनुको पीडाको आँसुसँगै कथानकको पनि अन्त्य भएको छ । अष्ट्रेलियाको वण्डाईविचमा विक एण्ड मनाउन गएको दिनमा ऊ र म पात्रको कथाको कथानक ढाँचा रैखिक खालको देखिन्छ ।

## ४.१.२ पात्र वा चरित्र चित्रण

कथाकारले कथालाई अगाडि बढाउनका लागि उपस्थित गराइएका मानव वा मानवेत्तर प्राणीलाई पात्र भनिन्छ । पात्रहरूको व्यक्तित्व र उनीहरूका कार्य व्यापारलाई घटनासँग सम्बन्धित संयोजित गराउने पद्धति नै चरित्र चित्रण हो । कथाका चरित्र वा पात्रलाई लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख, सहायक र गौण, वर्गका आधारमा उच्च, मध्यम र निम्न, स्वभावका आधारमा अनुकूल र प्रतिकूल, आबद्धताका आधारमा बद्ध र मुक्त, जीवनचेतनाका आधारमा प्रतिनिधिमूलक र व्यक्तिगत, गहिराइका आधारमा बहिर्मुखी र अन्तर्मुखी, स्वभावका आधारमा स्थिर र गतिशील गरी वर्गीकरण गर्न सकिन्छ ।

विषय, भावना र घटना प्रकाशित गर्ने माध्यम र कथाको सञ्चालक चरित्र हो । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । पात्रका क्रिया व्यापारले द्वन्द्व जन्माउँछ र कथाले निश्चित गति हासिल गर्छ । कथामा पात्र भन्नासाथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु अति आवश्यक छ (श्रेष्ठ, २०६० : १०)। बाह्य परिस्थिति र सामाजिक घात प्रतिघातको चापमा परेको मान्छेको मानसिक क्रियाप्रतिक्रियाले छोएको जीवन जगतका बाह्य सामाजिक संघर्षहरूका चापमा खारिएका मानव मनको समुद्घाटन गर्नु सर्वोत्कृष्ट चरित्र हो । कृष्णप्रसाद पराजुलीले चरित्र चित्रण गर्ने तीनवटा विधि रहने धारणा व्यक्त गरेका छन् । वर्णनात्मक विधिमा लेखकले पात्रको विशेषता, गुण-दोष, भेषभूषा तथा आकारप्रकार र स्वरूपको परिचय दिन्छ । नाटकीय विधिमा कथाकार तटस्थ बसेर संवाद, बादविवाद आदिका माध्यमबाट चरित्रचित्रण हुन्छ । आत्मकथनात्मक विधिमा पात्रले स्वयं आफ्नो विचार, अनुभव, जीवन वृत्तान्त, आत्मकथा वा पात्रका माध्यमबाट व्यक्त गर्दछ । यी

विधिहरूमध्ये चरित्र चित्रणका लागि नाटकीय विधिलाई सर्वोत्कृष्ट विधि मानिन्छ । **काठमाडौंमा कामरेड** कथासङ्ग्रहभित्रका कथाको पात्र वा चरित्र चित्रण यस प्रकार छः-

'काठमाडौंमा' कामरेड कथामा ऊ पात्र मुख्य पात्रको रूपमा रहेको छ भने वरिष्ठ कमाण्डर, कनिष्ठ कमाण्डर, ट्याक्सि ड्राइभर लगायतका व्यक्तिहरू सहायक पात्रका रूपमा आएका छन् । सशस्त्र युद्धपछि शान्तिको बाटोमा आएको पार्टीले काठमाडौंको खुल्ला मञ्चमा गर्ने कार्यक्रम र ऊ पात्रले अनुभव गरेका विषयहरूलाई ऊ पात्रकै केन्द्रियतामा अगाडि बढाइएको छ । युद्ध र हतियारको बाटो अँगालेको व्यक्ति अन्ततः हतियारविहीन भएर सर्वसाधारण सरह भएको छ । यही बाटो नै उसलाई युद्ध जित्ने सर्वश्रेष्ठ बाटो लाग्दछ । ऊ पात्र द्वन्द्व काल पश्चात् संक्रमणकालीन नेपाली समाजको प्रतिनिधि पात्र हो । शान्तिपूर्ण र सुरक्षित भएर बाँच्न पाउनु सम्पूर्ण नेपाली समाजकै चाहना हो । ऊ पात्र यस कथामा लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, वर्गका आधारमा निम्न, आबद्धताका आधारमा बद्ध र स्वभावका आधारमा गतिशील ठहर्दछ ।

'ऊ पनि काठमाण्डू' कथामा म पात्र, ऊ पात्र, मोना, गीता, साथीहरू, बूढो लोग्ने मानिस आदि पात्रका रूपमा आएका छन् । यहाँ म पात्र प्रमुख पात्र हो भने अन्य पात्रहरू सहायक पात्र हुन् । म पात्रको वरिपरि कथानक घुमेकाले म पात्र बद्ध पात्रका रूपमा रहेकी छ । उचित र अनुचित के हो भन्ने विषय छुट्याउन सके पनि सही मार्गमा लाग्न नसक्नु म पात्रको कमजोरी हो । चेतन मनले कु-मार्गबाट समय समयमा, झक्झकाइरहे पनि ऊ परिवर्तन हुन सकेकी छैन । जस्तै :- 'काठमान्डूलाई साथी बनाएर आफू पनि काठमाण्डू बन्ने रहरमा तँलाई धेरै काठमाण्डूले धोका दिए, तर अझै तैँले चेतेकी छैनस् । काठमाण्डू फास्ट छ, तँ अझै पनि उसको पछि लागिरहे एक दिन तँलाई यस काठमाण्डूले नगरवधू बनाएर दिल्ली, मुम्बई र व्यङ्ककका कोठीहरूमा समेत घुमाउने छ । फर्की, फर्की आफ्नो धरातलमा फर्की ! मेरो सचेत मन मलाई झकझकाउँदै थियो । कथामा प्रमुख पात्रका रूपमा आएकी म पात्र विकसित काठमाडौं सहर लगायत समसामयिक नेपाली समाजकी प्रतिनिधि पात्र हो । विकासको क्रमसँगै बढेका पश्चिमा प्रवृत्तिहरूलाई फेसनका रूपमा अंगाली कु-संस्कार तर्फ उन्मुख वर्तमान नेपाली सहरिया समाजको चित्रण म पात्रले गरेकी छ ।

'हराएको देश खोज्दै जाँदा' कथामा म पात्र, छोरो, सुरक्षाकर्मी, दलका नेता तथा कार्यकर्ता आदि पात्रका रूपमा आएका छन् । जसमध्ये छोरो प्रमुख पात्र हो । म पात्र चाहिँ

कथावस्तुलाइृ अगाडि बढाउने पात्र हो । हराएको देश खोज्न हिँडेको छोरो घर नफर्केपछि छोरोको खोजीमा म पात्र हिँडिरहेको छ । देशको विकास गर्नका लागि शासक बनेका व्यक्तिहरू कुम्भकर्ण जस्तै नतमस्तक भएर निदाइरहेका छन् । ठूलो भीडमा सिंहदरबारको गेट अगाडि निदाइरहेको प्रशासनलाई उठाउन लाठी हानिरहेको छोरोलाई प्रहरीले पागलको संज्ञा दिदै भ्यानमा कोचिरहेका छन् । नेपाल र नेपाली प्रशासनको वर्तमान अवस्थाको चित्रण कथामार्फत गरिएको छ । सुतुवाहरूलाई झकझकाउन सफल नेपाली समाजको एक मात्र छोरो नै यस कथाको गतिशील पात्रका रूपमा रहेको छ । लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, वर्गका आधारमा मध्यम, आबद्धताका आधारमा बद्ध, जीवन चेतनाका आधारमा प्रतिनिधिमूलक, गहिराईका आधारमा बर्हिमुखी पात्र रहेको ऊ चाहिँ लोकतन्त्र प्राप्ति पछिको नेपाली समाजको प्रतिनिधि पात्र हो ।

'गुलाव सिंह बन्यो विष्फोट' सिंह कथामा विष्फोटसिंह, उसको आमा, स्वास्नी, छोराछोरी, कैदीहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू पात्रका रूपमा आएका छन् । विष्फोट सिंह यस कथाको केन्द्रीय पात्र हो । जेलरले कथावस्तुलाई अगाडि बढाउन सहयोग गरेको छ । अपराधिक समूहको नाइके बनेर मारकाट गर्दै भविष्यमा कुनै दलको सहयोगबाट मन्त्री बन्ने इच्छा विष्फोट सिंहमा देखिन्छ । मार्नु, कुट्नु, हतियार ओसारपसार तथा अन्य चालबाजी खेल्नु उसका दिनचर्या थिए । समग्रमा वि.सं. २०६३/६४ साल वरिपरीको तराईको समग्र समाजकै प्रतिनिधि पात्रको रूपमा विष्फोट सिंह वर्णित छ । राजनीतिक दलका लागि अनुकूल पात्र भए पनि सम्पूर्ण तराईको समाजको लागि एउटा प्रतिकूल पात्र हो ।

'बहुमूल्य चोरी' कथाको प्रमुख पात्र बूढो मान्छे अर्थात् डा. विश्वमान हो । म पात्र भने कथावस्तुलाई अगाडि बढाउनका लागि सहायक पात्रका रूपमा प्रस्तुत भएको छ । डा. विश्वमान कुल घरानको मान्छे देखिन्छ किनभने उसको सम्बन्ध राजपरिवार, अमेरिकी राष्ट्रपति आदिसँग देखिन्छ । उसको खानपान, लबाईखवाई, चातुर्यता एवम् कुटनीतिक शैली आदिले यस कुराको पुष्टि गर्दछ । उसले प्रारम्भिक जीवनमा मानसम्मान पाएको थियो तर हाल कसैले पनि नचिन्ने भए पछि ऊ नाटकीय शैलीमा यो घटनामा संलग्न हुन्छ । त्यसैले यस कथाको बूढो मान्छे अर्थात् डा. विश्वमान एक चातुर्य एवम् कुटनीतिज्ञ पात्र भएर पनि आफ्नो प्रतिष्ठाका लागि सिङ्गो प्रहरी प्रशासनतर्फ नै बेकम्बा बनाउने प्रतिकूल पात्र ठहर्दछ ।

'छिमेकीको छाता र छाडा छोराहरू' कथामा म पात्र, श्रीमती छोरा नं. १, २, ३, ४, ५, ६, ७ छिमेकी र उसका गार्डहरू, शुकबहादुर आदि पात्रहरूको प्रयोग भएको छ । यस कथाको मुख्य पात्रको भूमिका म पात्रले खेलिरहेको छ । म पात्र अरूको दमन सहन नसक्ने एउटा सच्चरित्रवान पात्र हो । उसले छोराहरू र बूढी मार्फत छिमेकीको हडप्ने शैली माथि प्रतिक्रिया देखाउन चाहन्छ । छोराहरू १, २, ३, ४, ५, ६, ७ छिमेकीप्रति कुनै प्रतिक्रिया नदेखाई पेण्डुलम बन्न पुग्छन् । छिमेकी चाहिँ आफ्नो प्रभुत्व जमाई बस्न चाहने पात्र हो । शुकबहादुर चाहिँ त्यही छिमेकीबाट घर जग्गा खोसिएको व्यक्ति हो । कथावस्तुअनुसार देशको समसामयिक परिस्थितिलाई हेर्दा यहाँ म पात्र नेपाल र छिमेकीले भारत र चीनलाई संकेत गर्दछ । भारत र चीनले नेपाललाई गर्ने व्यवहारलाई पात्रका माध्यमबाट छर्लङ्ग पारिएको छ ।

'क्यान्टोनमेन्ट' कथामा ऊ पात्र मुख्य पात्रको रूपमा आएको छ । अन्य छापामारहरू, वरिष्ठ कामरेड, राजनीतिक दलका नेता, विदेशी व्यक्तिहरू सहायक पात्रका रूपमा आएका छन् । ऊ पात्र वर्तमान नेपाली समाजको प्रतिनिधि पात्र हो । अहिले पनि सशस्त्र युद्ध पश्चात लडाकुहरू क्यान्टोनमेन्टमा बसिरहेका छन् । उनीहरूको भोलिको भविष्य के हुने भन्ने निश्चितता केही छैन । कैयन छापामार साथीहरूको प्रतिनिधि विचार बोकेको ऊ पात्र उक्त कथाको बद्ध पात्र हो ।

'म पनि कुकुर !' कथामा प्रतिकात्मक रूपमा पात्रको चयन गरिएको छ । पात्रका नामहरू कुकुरका नामबाट राखिएको छ । म पात्र पनि अन्तसम्म पनि कुकुर बन्ने प्रयत्न गरिरहेको छ । अन्य पात्रहरूमा बक्सर, स्वामी, स्वामिनी, श्रीमती, छोरा, छोरी, डोभरम्यान, गोल्डेन रिटिचर, ल्याब्राडोर ... आदि रहेका छन् । स्वामी र स्वामीनी उच्चस्तरका पात्र हुन् । उनीहरूले आलिसन महलमा सानदार जीवन बिताइरहेका छन् । उनीहरूको सेवाका लागि बुलडग, डोभरम्यान, ल्याब्राडोर जस्ता कुकुरहरू पिछा परिरहेका छन् । मानविकीकरण गरेर हेर्दा उनीहरू सामन्त, उच्च घरानका भ्रष्ट व्यक्तिहरू देखिन्छन् । म पात्र कुकुर बन्ने प्रक्रियामा रुमलिएको समाजको सिको गरेर तलुवा चाट्न खोज्दै हिँड्ने एउटा बद्ध तर प्रतिकूल पात्र हो ।

'ऊ एक पात्र लोकतन्त्रको' कथामा ऊ मुख्य पात्रको रूपमा आएको छ । यहाँ लोकतन्त्रको प्राप्तिका लागि सहिद भएको छोरो र उसको बुबा दुवै ऊ पात्रको रूपमा वर्णित छन् । श्रीमती, पसलमा आउने अन्य व्यक्तिहरू अन्य पात्रका रूपमा प्रयोग भएका

छन् । ऊ पात्र एउटा गरिब पृष्ठभूमिमा बाँचिरहेको पात्र हो । उपचार गर्ने पैसा समेत नभएको उसले दैनिक चिया पसलमा काम गरेर खानबस्नका लागि गुजारा चलाइरहेको छ । उसलाई देशमा स्थायित्व होस्, योगदानको कदर होस् भन्ने इच्छाले पिरोलिरहन्छ । देशमा शान्ति, समानता, निष्पक्षता र कानुनी राज्यका माध्यमबाट जनताले ढुक्कसँग काम गरेर खाने वातावरण पाउनुपर्छ भन्ने चाहना राख्ने ऊ कथाको एक अनुकूल, बद्ध, मुख्य, बर्हिमुखी एवम् प्रतिनिधिमूलक पात्र हो । उसको छोरो लोकतन्त्र प्राप्तिका क्रममा सहिद भएको पात्र हो भने श्रीमती अर्थात बलेकी आमा लोकतन्त्रमा पनि उपचार पाउन नसकेर मृत्युको मुखमा पुगेकी पात्र हो ।

'मिकी माउस' कथामा म पात्र, म पात्रको छोरो र म पात्रको छोराको पनि छोरा, मिकी माउस, स्पाइडरम्यान आदि पात्रको प्रयोग भएको छ । म पात्र बीसौँ शताब्दीको नमुना हो । छोरा चाहिँ एक्काइसौँ र छोराको पनि छोरा बाइसौँ शताब्दीको मान्छेको प्रतीक हो । यहाँ समयको परिवर्तन सँगसँगै मान्छे पनि परिवर्तन हुनुपर्ने वास्तविकता पात्रहरूले देखाएका छन् । म पात्र छोराको एक्काइसौँ शताब्दीको आकांक्षा पूरा गर्न मिकी माउस बन्न बाध्य भएको छ । त्यस्तै गरी म पात्रको छोरा आफ्नो छोराको बाइसौँ शताब्दीको आकांक्षा पूरा गर्न लिभिङ मेशिन बन्न बाध्य हुनु परेको छ । समयको गतिशीलतासँगै मानिस र समाज पनि गतिशील बन्नु पर्दछ भन्ने सन्देश पात्रका माध्यमबाट पाउन सकिन्छ ।

'नयाँ राजाहरू' चरित्रप्रधान कथा हो । यस कथामा पर्याप्त मात्रामा पात्रहरू भेट्न सकिन्छ । नयाँ नेपालका नयाँ राजाहरू बन्न आएका दलका नेताहरू नै पात्रका रूपमा प्रयोग भएका छन् । कोही अग्ला, गोरो लाम्चो अनुहारका त कोही होचा, मोटामोटा, कोही कपाल सेतै फूलेका, श्यामवर्णी, कोही अग्ला, मोटाघाटा र रातारात गाला भएका पात्रहरू समावेश छन् । यहाँ सबै पात्रहरू आफ्नो भलो चाहने प्रतिकूल स्वभावका छन् ।

'थुप्तेन ग्याछो' कथामा ऊ अर्थात् थुप्तेन नै मुख्य पात्रको रूपमा आएको छ । कथाका अन्य पात्रहरूमा रेम्पोचे, खेम्पो, ढावाहरू आदि हुन् । रेम्पोचे सबैका महागुरु हुन् । उनी कालो प्राडोमा चढ्ने, सुनौलो घडी बाँध्ने, मोबाइल बोक्ने सम्पन्नशाली व्यक्तित्व हुन् । खेम्पो ढावाहरूलाई पिचा अर्थात् पुस्तकका विषयमा सिकाउने गुरु हुन् । ऊ पात्र चाहिँ बुद्ध धर्म र दर्शन अनुसार समग्रलाई नियाली वास्तविकताको उजागर गर्ने व्यक्तित्व हो । उसले अन्ततः रेम्पोचे बन्नुपर्ने विचार अँगालेको छ, किनभने बुद्ध धर्मअनुसार पालना

गर्नुपर्ने अनुशासन कसैले पनि पालन गरेको उसले देख्दैन । बौद्ध धर्म दर्शनअनुसार धर्म, संस्कृति र समग्र समाज नै विचलन भएको देख्ने पात्र हो ।

'ऊ, म र वण्डाईविच' कथामा ऊ, म, ऊ पात्रका बाबा, आमा, अल्बा, अल्बाकी मम्मी आदि पात्रहरू रहेका छन् । ऊ र म मुख्य पात्र हुन् भने अन्य पात्रहरू सहायक पात्र हुन् । ऊ पात्र कामको सिलसिलामा आएको समयमा अष्ट्रेलियामा नै जन्मेकी हो । उसका बाबुआमा नेपाली हुन् । उनीहरू वास्तवमै देशभक्त अर्थात् स्वदेशप्रेमी पात्र हुन् किनकी सुत्ने समयमा हरेक दिन उनीहरूले स्वदेशी गीतहरू सुन्छन् र आफू विदेशिन परेकोमा दुःखित हुन्छन् । म पात्र पनि कामकै लागि अष्ट्रेलिया आएको सत् पात्र हो । उसमा स्वदेशप्रतिको माया अगाध रहेको छ । अरूले स्वदेशका कुरा गरे पनि मन प्रफुल्लित हुन्छ । नेपाली समाजले विश्व समाजसँग जुध्नुपर्दा बेहोर्नु परेको दुःख सुन्दा उसको मन भक्कानो छाड्न थाल्छ । स्वदेशप्रति सच्चा माया देखाउने म पात्र उक्त कथाको एउटा अनुकूल र मुख्य पात्र हो ।

'नारायणहिटीका चमेराहरू' एउटा प्रतिकात्मक कथा हो । यस कथाका पात्रहरू पनि प्रतिकात्मक खालका छन् । यहाँ नारायणहिटी भन्नाले राजा बस्ने ठाउँ र चमेराहरू भन्नाले राजासँग नजिक रहने अर्थात् राजाको निगाहामा जीवन चलाउने व्यक्ति सम्झनु पर्दछ । यस कथामा प्रयोग भएका चमेराहरूले राजाले नारायणहिटी छाडेसँगै मुखमा माड लगाउन गाह्रो भएको भन्दै नयाँ राजाहरू जन्मन सक्ने ठाउँतर्फ बसाइ सरेका छन् । यस कथामा म पात्र कथाको व्याख्याता हो । उसले यताउता हेर्दा चमेरा देख्ने गरेको र तिनीहरूको हालत आजकल नराम्रो भएको देखेको छ । सोझो अर्थमा हेर्दा चमेराहरू मानवेत्तर पात्र हुन् । जसको अनुपस्थितिमा कथाले गति लिन नसक्ने हुनाले यिनीहरू बद्ध पात्र पनि हुन् ।

'कामरेड ! अब ती दिन पुराना भए' कथामा कामरेडका दिनचर्याको विश्लेषण गरिएको छ । यस कथामा मन्त्रीज्यू अर्थात क. आदर्श, उसकी श्रीमती विलासिता, छोरा शक्ति, छोरी सम्पत्ति, क. सङ्घर्ष, क. बलिदान, क. क्रान्ति र उसको पि.ए.आदि पात्रहरू रहेका छन् । पात्रहरूको विविधता भए पनि मन्त्री नै यस कथाको मुख्य पात्र हो । ऊ क्रान्तिको एक योद्धा हो तर समयको गतिसँगै फड्को मारेर पदलोलुप मन्त्री हुन सफल भएको छ । सुरुमा सच्चा कामरेड भए पनि पछि सुविधाभोगी, घुसखोरी, विलासिता आदि प्रवृत्ति अँगालेकाले पछि गएर प्रतिकूल पात्र बन्न पुगेको छ ।

'पुतलीचोर' कथाकी मुख्य पात्र पुतली हो । पुतलीकै केन्द्रियतामा अन्य पात्रहरू सञ्चालित छन् । यहाँ पुतली माहुरीको रानी जस्तै बनेकी छे । कथामा पुतलीबाहेक बक्सिङ, गुह्ये, घैँटे, भूडे राम, बाबुकाजी वैजु, पुलिस खैरे आदि पात्रहरू छन् । यहाँ खैरे, बाबुकाजी, रामे आदिको खासै भूमिका छैन । पुलिसहरू घैँटेलाई समाउन प्रयोग भएका छन् । बक्सिङ, घैँटे र गुह्ये चोरीसँग सम्बन्धित मुख्य पात्र हुन् । जसमध्ये बक्सिङ चोरीको नायिके जस्तो देखिन्छ । घैँटे पुतलीको वर्तमान श्रीमान् हो, जुन गुह्ये जेल परेपछि पुतलीलाई आफ्नी बनाएको थियो । बक्सिङ चतुर र बढी जालझेल गर्न जान्ने पात्र देखिन्छ किनकी हरिया डलरका मुठा दिएर घैँटेलाई फसाउन ऊ सफल भएको छ । पुतली कथाकी मुख्य तथा बद्ध पात्र भए पनि चरित्रका दृष्टिले प्रतिकुल पात्र बनेकी छे । जुनसुकै वा जतिसुकै पति भए पनि हुने छाडापन उसमा भेट्न सकिन्छ ।

'रोजर, सेन्ड ओभर !' कथा बहुपात्र भएको कथा हो । यसमा मुख्य भूमिका ऊ अर्थात् प्रहरी अधिकृतको रहेको छ । अन्य पात्रहरूमा गार्ड, सि.डि.ओ., कमाण्डरहरू क्रमशः अल्फा, ब्रेभो, चार्ली, डेल्टा, इकोलिमा, विपक्षी दलका नेता आदि रहेका छन् । ऊ पात्र प्रहरी अधिकृत भएकाले जिल्लाभित्रका सुरक्षाका सूचनाहरू ऊ समक्ष आइरहन्छन् । उसले सबैलाई स्वविवेकमा काम गर्नु भन्ने आदेश दिन्छ । सि.डि.ओ.ले समेत स्वविवेकमा काम गर्नु भन्ने आदेशपछि ऊ समेत रनभुलमा परेको छ । फलस्वरूप उसकै कार्यालय अगाडि मान्छेको हत्या हुन पुगेको छ । स्वभावका दृष्टिले हेर्दा अनुकूल पात्र भए पनि समयमा काम लगाउन नसकेकाले अन्त्यमा असफल प्रायः भएको छ । कथामा ऊ एउटा बद्ध पात्र हो । अन्य पात्रहरू सबै कथावास्तुलाई अगाडि बढाउन आएका सहायक पात्रहरू हुन् ।

'मापुतोकी मेरी' कथामा म पात्र र ऊ गरी दुई मुख्य पात्रहरू रहेका छन् । सहायक पात्रहरूमा त्यहाँ कार्यरत रहेका कर्मचारीहरू, मेरीकी आमा आदि छन् । म पात्र एउटा अनुकूल तथा गतिशील र सत् पात्र हो । उसले सयौँ कर्मचारीले मौकाको फाइदा उठाउँदा पनि आफ्नो घरमा छोराछोरी, श्रीमती भएको भन्दै कुनै अनुचित कार्यमा लागेको छैन । ऊ पात्र अर्थात मेरी पनि यस कथाकी बद्ध पात्र हो । उसको चरित्र भने समाज सापेक्ष छैन । गरिबी तथा भोकमरीबाट बाँच्न देहव्यापारमा लागे पनि उसले अर्को बाटो नअँगाल्दा पाठकको नजरमा घृणित पात्र बन्न पुगेकी छे । म पात्र र मेरीकी आमाले समय समयमा यो बाटो नअपनाऊ भनी सल्लाह दिँदा आफ्नो बाटो परिवर्तन

गर्न सकेकी छैन । यस कथामा प्रयोग भएका अन्य कर्मचारी पात्रहरू मुक्त तथा प्रतिकूल पात्र हुन् । देशमा सहयोग गर्नका लागि खटाइँदा पनि ब्वाँसोको जस्तो व्यवहार उनीहरूले देखाइरहेका छन् ।

### ४.१.३ परिवेश वा वातावरण(मानसिक /भौतिक परिवेश)

कथाको समस्या वा घटना उत्पन्न हुने परिस्थिति, त्यसलाई मद्दत गर्ने सामाजिक, आर्थिक र जैविक परिवेशहरू, त्यसबाट उब्जिएको पात्रको मानसिकता यी सबै परिवेश वा वातावरणअन्तर्गत पर्दछन् । परिवेश वा वातावरणलाई देश, काल र परिस्थिति पनि भन्ने गरिन्छ । देश भनेको स्थान र काल भनेको समय हुन्छ । कथामा आउने घटनाहरू निश्चित स्थान र समयमा घटित हुन्छन् । वातावरण वा परिस्थिति भौतिक वा मानसिक दुवै हुन्छ । **काठमाडौँमा कामरेड** कथासङ्ग्रह भित्रका कथाहरूको परिवेश वा वातावरण समग्रमा यस प्रकार छ ।

'म संक्रमणकालीन नेपालका कथाहरू लेख्छु' भन्ने कथाकार शाहको 'मेरो भन्नु' भन्ने शीर्षकको उद्घोषबाट यस कथा सङ्ग्रहको लेखन तथा प्रकाशन ०६० को दशकको समय भएकाले विशेष गरी सशस्त्र द्वन्द्व र त्यसपछिको लोकतन्त्र प्राप्तिको समय एवम् संक्रमणकालीनता नै समग्रमा यस सङ्ग्रहको परिवेश हो । उनका अधिकांश कथाहरू काठमाडौँमा केन्द्रित भएकाले सहरिया परिवेशको चित्रण भेट्न सकिन्छ । यसका अलावा अफ्रिकन मुलुक मापुतो, अष्ट्रेलिया जस्ता मुलुकको परिवेश पनि यस सङ्ग्रहमा समेटिएको छ ।

'काठमाडौँमा कामरेड' कथा काठमाडौँको खुल्लामञ्चमा वि.सं. २०६२/०६३ को जनआन्दोलन र विस्तृत शान्ति सम्झौता पछि सभाको विषयमा आधारित भएकाले समसामयिक परिवेश उल्लेख छ । 'ऊ पनि काठमाण्डू', 'हराएको देश खोज्दै जाँदा', 'ऊ एक पात्र लोकतन्त्रको', 'नयाँ राजाहरू', 'नारायणहिटीका चमेराहरू', 'कामरेड ! अब ती दिन पुराना भए', 'पुतली चोर', 'रोजर सेन्ड ओभर !' आदि कथाहरू काठमाडौँको परिवेशमा आधारित भएर लेखिएका कथाहरू हुन् । यिनीहरूमा समसामयिकता भेट्न सकिन्छ ।

'गुलावसिंह बन्यो विष्फोट सिंह' कथा विशेष गरी तराईंको परिवेशमा आधारित भएर लेखिएको कथा हो । चोरी, लुटपाट, राजनीतिक दलको समर्थन र विरोध, संविधान सभाको निर्वाचन आदिका प्रसङ्गले साठीको दशकको समसामयिकतालाई समेटेको पाइन्छ । बहुमुल्य चोरी, व्यक्तिको घटनामा आधारित कथा हो । कथाको ऊ पात्रको सम्बन्ध बी.पी. कोइराला, रोनाल्ड रेगन, एलिजावेथ, जवहरलाल नेहरू जस्ता नेताहरूसँग भएकाले यस कथाको परिवेश २०६७ साल पछिको देखिन्छ ।

'ऊ, म र वण्डाईविच', 'मापुतोकी मेरी' विदेशी पृष्ठभूमिमा लेखिएका कथा हुन् । 'ऊ, म र वण्डाईविच'मा अष्ट्रेलियामा रोजगारीका लागि विदेशिनु र 'मापुतोकी मेरी' कथा मोजाम्बिक देशमा सन् १९९५ तिरको गृह युद्धमा आधारित छ । 'क्यान्टोनमेन्ट' कथा ०६२/६३ को आन्दोलन र विस्तृत शान्ति सम्झौतापछि माओवादी लडाकुहरू क्यान्टोनमेन्टमा रहिरहेको विषयमा आधारित छ । 'थुप्तेन ग्याछो' बुद्ध धर्म र सोही धर्मअन्तर्गत गर्नुपर्ने कर्म आदिका विषयमा लेखिएको कथाको परिवेशमा एउटा गुम्बा, त्यहाँको शिक्षण अभ्यास, खेम्पो र रेम्पोचेका कार्यकलाप आदि दृश्यहरू समावेश गरिएको छ । कथावस्तु एकदिनको भए पनि कथाले ऊ पात्रको बाल्यकाल, वर्तमान समय र भविष्यको अठोट आदि समावेश छ । बुद्ध धर्म र सो धर्म मान्ने सम्पूर्ण समाजमा भए गरेका परिवर्तनहरू नै यथार्थमा यस कथाको परिवेश बनेको छ ।

'मिकी माउस' कथामा बाबु, छोरा र नाती गरी तीन पुस्ताको समयको चित्रण गर्ने प्रयास देखिन्छ । यहाँ बाबुले बीसौँ, छोराले एक्काइसौँ र नारीले बाइसौँ शताब्दीको परिवेशको प्रतिनिधित्व गरेका छन् । म पात्र र छोरो पार्कमा घुमेको, खाना खाएको, मिकी माउस किनेको, बाबु नै रियल मिकी माउस भनि लिभिङ्ग मेशिन भई छोरालाई सन्तुष्ट पारेका परिदृश्यहरू कथामा समावेश गरिएकाले यी सबै कथाको परिवेशअन्तर्गत आएका छन् ।

### ४.१.४ दृष्टिबिन्दु

कथामा कथायिताले कथावचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरा बुझाउँछ (बराल र एटम, २०५८ : ३९) । दृष्टिबिन्दुको प्रयोगले कथामा प्रयुक्त कार्यव्यापार चरित्रचित्रण, सारवस्तु आदिमा सजिवता आउँछ । कथामा म वा त्यो जुनसुकै दृष्टिबिन्दुको पनि प्रयोग हुन सक्छ । दृष्टिबिन्दु पात्र म अर्थात प्रथम पुरुष रहेको

अवस्थामा वा त्यो अर्थात तृतीय पुरुष रहेको अवस्थामा कथाको संरचनात्मक स्वरूप नै फरक फरक हुन जान्छ । कति यस्ता कथा सामग्रीहरू हुन्छन् जसलाई कथाको आकार प्रदान गर्दा दृष्टिबिन्दु पात्रलाई 'म' को स्थानमा नराखी हुन्न र त्यसलाई त्योको स्थानमा राख्दा त्यसले कलात्मक आकार वा संरचना प्राप्त गर्न सक्दैन । तसर्थ कथामा कुन दृष्टिबिन्दुको प्रयोग गर्ने भन्ने कुरा कथा सामग्रीको प्रकृति र कथाकारको उद्देश्यमा भर पर्छ (श्रेष्ठ, २०६० : ११) ।

कथामा आन्तरिक र बाह्य गरी दुई किसिमका दृष्टिबिन्दु रहेका हुन्छन् । आन्तरिक दृष्टिबिन्दुका पनि केन्द्रीय र परिधीय गरी दुई प्रकार हुन्छन् । बाह्य दृष्टिबिन्दुमा सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकार भेट्न सकिन्छ । स्वयं कथाकार वा अरू कुनै पात्र म को रूपमा मुख्य पात्र रही त्यस पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत भएमा आन्तरिक केन्द्रीय दृष्टिबिन्दु हुन्छ भने म पात्रको स्थान गौण वा तटस्थ भई मुख्य कथाको केन्द्र अर्कै पात्र रहेमा आन्तरिक परिधीय दृष्टिबिन्दु हुन्छ । कुनै कथामा दृष्टिबिन्दु पात्र तृतीयपुरुष रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । बाह्य सीमित दृष्टिबिन्दुमा एउटा पात्रको मात्र मानसिक संसारको विचरण गरिएको हुन्छ । बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा सबै प्रकारका पात्रका भावना, विचार र प्रतिक्रिया समाविष्ट भएका हुन्छन् । त्यस्तै बाह्य वस्तुपरक दृष्टिबिन्दुमा कुनै पात्रको पनि मानसिक संसारको विचरण नगरी कथाको सारवस्तुलाई स्पष्ट पार्न खोजिएको हुन्छ । **काठमाडौँमा कामरेड** कथासङ्ग्रहका कथामा प्रयुक्त दृष्टिबिन्दु निम्नानुसार रहेको छ ।

'काठमाडौँमा कामरेड' कथामा ऊ पात्रको माध्यमबाट कथावस्तु अगाडि बढाइएकाले बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएका अन्य कथाहरूमा 'गुलावसिंह बन्यो विष्फोट सिंह', 'क्यान्टोनमेन्ट', 'थुप्तेन ग्याछो', 'कामरेड अब ती दिन पुराना भए', 'ऊ एक पात्र लोकतन्त्रको र 'रोजर सेन्ड ओभर' आदि रहेका छन् । 'ऊ पनि काठमाण्डू', 'म पनि कुकुर' कथामा म पात्रको आन्तरिक स्थितिको सूक्ष्म चित्रण गरिएकाले आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । 'हराएको देश खोजदै जाँदा', 'बहुमूल्य चोरी', 'मिकी माउस', 'ऊ, म र वण्डाईविच', 'नारायणहिटीका चमेराहरू' र 'मापुतोकी मेरी' कथाहरूमा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'छिमेकीको छाता र छाडा छोराहरू' कथामा मिश्रित खालको दृष्टिबिन्दुको प्रयोग

भएको देखिन्छ । 'नयाँ राजाहरू' र 'पुतली चोर' कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.१.५ भाषाशैली

जीवनका गुढतम भावना र सूक्ष्मतम अनुभूतिलाई प्रभावशाली बनाएर अभिव्यक्ति गर्ने साधन नै शैली हो (पोखेल, २०५९ : २३३) । भाषा कुनै वस्तुको आवरण हो भने त्यस आवरणको प्रकार नै शैली हो, अर्थात् विचारलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो र भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढाँचा, तरिका र पद्धति नै शैली हो । सुदृढ संगठन, विद्युतसमान चपल, गतिमयता, सरल-सरस, सुबोध र स्पष्ट भाषा एवम् छोटा-छोटा वाक्य शैलीका विशिष्ठ गुण हुन् (उपाध्याय, २०५९ : १२४) । कथालाई रोचक, आकर्षक वा अनाकर्षक तुल्याउनमा शैलीको भूमिका महत्त्वपूर्ण रहन्छ ।

कथामा अर्थ अथवा प्रभावलाई सम्प्रेषण गर्नका लागि प्रतीक विधानलाई रोजिन्छ । सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मिठासपूर्ण तरिकाले प्रतिक मार्फत भन्न सकिन्छ बिम्ब शब्दको प्रयोग साहित्यमा मानसिक तस्वीर भन्ने अर्थमा प्रयुक्त हुन्छ । कुनै वस्तुको रूप, रङ्ग, गुण वा आकारको इन्द्रियग्राह्य अनुभूतिको सञ्चरण पाठकमा पर्नु नै बिम्बको मुख्य धर्म हो । कथाको सौन्दर्य पक्षअन्तर्गत पर्ने शैली बिम्ब, प्रतिक आदि तत्त्वलाई **काठमाडौँमा कामरेड** कथा सङ्ग्रहका कथाका आधारमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

'काठमाडौँमा कामरेड' कथामा ऊ पात्रको मानसिक अवस्थाको चित्रण गरिएको कथाको भाषाशैली केही मात्रामा संवादात्मक र बढी मात्रामा मनोवादात्मक रहेको छ । कामरेड, कमाण्डर, पिस्तोल, फुटपाथ मिनिष्टर, ट्याक्सि, ड्राइभर, मोटर, स्कुल जस्ता आगन्तुक शब्दहरू र मुर्मुरिन्थे, च्याँठिन्थे, क्वाँ-क्वाँ, मुसुमुसु जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ । दश वर्षे सशस्त्र युद्ध लडेको छापामारको भाषा भएकाले थप शक्तिशाली एवम् दम्भ सहितको भेटिन्छ । युद्ध र द्वन्द्वको प्रतिक पिस्तोल हुँदा र नहुँदाको फरक देखाइएकाले कथा प्रतिकात्मक रहेको छ ।

लभ यु डार्लिङ ...!, मी टू डियर ! भन्ने संवादबाट सुरु गरिएको 'ऊ पनि काठमाण्डू' कथाको शैली संवादात्मक र मनोवादात्मक देखिन्छ । म पात्रले ऊ पात्रसँग मोटर चढ्ने, घुम्न जाने, आनन्द लिने, यी विविध विषयले उसको मन द्वन्द्वमय बनेको छ । बूढो मानिसको घरको फूलबारीमा भएका फूलहरू प्रेमको प्रतिकका रूपमा आएका छन् । कथामा प्रयोग भएका फोन, मोटर, ह्याण्डसम, ब्वाइफ्रेण्ड ... जस्ता शब्दको प्रयोगले कथामा आगन्तुक शब्दहरूको बाहुल्यता देखिन्छ ।

'हराएको देश खोज्दै जाँदा' कथा आफैमा देशप्रेमले ओतप्रोत भएको कथा हो । कथामा वर्णित म पात्रको छोरो देश खोज्न निस्किएकाले यहाँ केही आक्रामक, उत्तेजनात्मक एवम् देशभक्ति खालको भाषा प्रयोग भएको कुरा निम्न वाक्यांशले पुष्टि गर्दछ । जस्तैः-

'देश खोज्नलाई लाठी चाहिन्छ, लाठी ।'

'मुख शब्दहरू होइन मानौ ज्वाला ओकेलिरहेका थिए ।'

'टायर बलेन भने लोकतन्त्र संकटमा पर्छ ।'

'तिमी पनि एउटा टायरमा आगो झोंस ।'

'ऊ लाठीले सिंह दरबारको फलामे गेट हिर्काइरहेको थियो ।'

'मेरो हराएको देश यस पर्खालभित्र कैद गरिएको छ ।' आदि ।

'गुलाब सिंह बन्यो विष्फोट सिंह' कथाको भाषाशैली मिश्रित खालको देखिन्छ । तराई मूलको व्यक्ति भएकाले उसले तराईंमा प्रचलित भाषाको प्रयोग गरिरहेको छ । कथाको बीच बीचमा क्वाँ-क्वाँ, सुँक-सुँक, खितखित जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कथालाई थप कारुणिक बनाएको छ । कार्यकर्ताको नाम नै विष्फोट सिंह भएकाले यस कथामा प्रयोग भएको भाषा पनि आतंकित खालको छ । जस्तैः-

'कतिका गर्धन छिनालैं, कैयौँका हातखुट्टा भाँचैं त कैयौँलाई आतंकित पारैं ... बम पड्काएँ ।' आदि ।

'बहुमूल्य चोरी' कथाको भाषाशैली वर्णनात्मक खालको छ । पूर्वदीप्ती शैलीमा लेखिएको कथामा बूढो मान्छेले म सुरुमा यस्तो थिएँ, मेरो इज्जत, प्रतिष्ठा यस्तो थियो, धन सम्पत्ति र अन्य विषयहरूलाई वर्णन गरिएको छ । बूढो मान्छेले प्रस्तुत गरेको नाटकीय शैलीले कथा थप रहस्यमय र कौतुहलपूर्ण बनेको छ ।

'छिमेकीको छाता र छाडा छोराहरू' कथाको भाषाशैली वर्णनात्मक, संवादात्मक एवम् प्रतिकात्मक रहेको छ । यहाँ छाता साम्राज्य एवम् शोषणको प्रतिक हो । म पात्र र छोराहरूको अनन्त संवादले कथालाई थप रोचक बनाएको छ । ठाकठुक, पुलुक्क, खङ्रङ, मुसुक्क, खितखित, घम्साघम्सी आदि अनुकरणात्मक शब्दको प्रयोग भएका छन् । 'तिम्रो घरबाट आउने आवाजले गर्दा मेरो घरको सिंह राम्ररी सुत्न पनि पाउँदैन, तिमीहरू सुध्रिएनौ भने राम्रो हुँदैन है' भन्ने वाक्यांशले कथामा प्रयोग भएको भाषा धम्की दिने खालको भएको संकेत मिल्दछ ।

'क्यान्टोनमेन्ट' कथाको रैखिक खालको छ । वर्णनात्मक शैलीमा लेखिएको उक्त कथामा क्याटोनमेन्ट, कम्ब्याड ड्रेस, बी.ए.एम.ए., गेट, कामरेड आदि अंग्रेजी शब्दहरू प्रयोग भएका छन् । छापामारसँग सम्बन्धित भएकाले मसाल, राता ध्वजापतका, झण्डा, बलिदानीपूर्ण गीतसंगीतहरू तथा युद्ध सामाग्रीहरू आदिको प्रयोग भएका छन् । घरीघरी, क्वाँ-क्वाँ, खितखित बुँदबुँद, उकुसमुकुस, बुङबुङ्ती जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथालाई थप आकर्षक तुल्याएको छ ।

प्रस्तुत 'म पनि कुकुर' कथा रैखिक ढाँचामा लेखिएको प्रतिकात्मक नाटकीय र ब्यङ्ग्यात्मक कथा हो । यहाँ स्वामी तथा स्वामीनी सामन्तका प्रतीक हुन् । म पात्र, वुलडग लगायतका पात्र त्यही सामन्तका पछि लागि चाकडी गर्ने व्यक्ति हुन् । कथामा म पात्र, उसकी स्वास्नी, छोरा, छोरी, स्वामिनी आदिबीच नाटकीय अभिनयको अनुभव गर्न सकिन्छ । कथामा 'नाउ यु विकेम अ डग', 'मम्मी ड्याड विकेम अ रियल डग', बक्सर, जर्मन सेफर्ड, डोभरम्यान, गोल्डेन रिटिचर, हयाव्राडोर जस्ता अंग्रेजी शब्दहरूको प्रयोगले कथा केही जटिल बनेको छ भने खितखित, ढिंगमिग, बुद्रुक-बुद्रुक, स्याँ, स्याँ, लल्याकलुलुक, ह्वाङ-ह्वाङ ... आदि अनुकरणात्मक शब्दको उचित प्रयोगले कथा थप रोमाञ्चक बनेको छ ।

'ऊ एक पात्र लोकतन्त्रको' कथा नेपालमा आएको लोकतन्त्र र लोकतन्त्रमा विकसित भएको मनपरितन्त्रको विषयसँग सम्बन्धित छ । जीवन निर्वाहका क्रममा चिया बेचेर बसेको ऊसँग श्रीमतीको उपचार गर्ने पैसा छैन । उसको बोलीमा दया, याचना र गरिबीका शब्दहरू सुन्न सकिन्छ जस्तै :-

'साँझसम्म तीन चार सय भइहाल्छ की ! त्यसपछि अस्पताल जाऔँला ।'

'जति दुखे पनि सहने कोशिस गर बलेकी आमा !'

यस कथामा आन्दोलनका भाषाहरू पनि प्रयोग भएको छ । जस्तै :-

'तँलाई पो आएछ लोकतन्त्र हँ ! लौ साथीहरू यसको पसल फोड !'

'युवाहरूको एक हुल सडकमा टायर बाल्दै र रेलिङ भत्काउँदै आयो ।'

कथामा प्रशस्त अंग्रेजी शब्दका साथै अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ ।

'मिकी माउस' कथा परिवर्तित समाज र समयको मिही हो । जसमा म पात्रले प्रयोग गर्ने भाषा, छोरोले प्रयोग गर्ने भाषा र नातीले प्रयोग गर्ने भाषा भिन्न देखिन्छ । बूढो बाजेको बूढो शरीर, मान्छेका पूर्खाहरू बाँदर हुन् जस्ता शब्दहरूको प्रयोगले आदिम समाजलाई प्रयोग गरिने भाषा र मिकी माउस, आउट डेटेड, सुपर मार्केट, डी.भि.डी.प्ले, स्क्रिन, डोनाल्ड डक, पुँ , पप्पिज, कोला, विअर ... आदि शब्दले अंग्रेजी एवम् आगन्तुक विकसित समाजको परिचय दिने भाषाको प्रयोग भएको छ । खितखित, फऱ्याक-फुरुक, ह्वाँ-ह्वाँ, लुसुक्क, बुँदबुँद जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथा रोचक बन्न पुगेको छ ।

'नयाँ राजाहरू' कथा पृथ्वीनारायण शाहले एकताबद्ध गरेको देश नेपाललाई विभिनन संघमा टुक्र्याएर आफू राजा बन्ने खराब सोचाईसँग आधारित रहेकाले कथाकारले यसको भाषा पनि अनादर खालको प्रयोग गरेका छन् । जस्तै :- 'सबैभन्दा पहिले पाको र बुज्रुक देखिने नेता उठ्यो ।'

'ऊ श्रीपेच सहित भुइँमा लड्यो ।'

राज्यका लागि दलका नेताले गर्ने सिनाझपटीलाई हुबहु र यथार्थपरक शैली प्रयोग गरी समसामयिक नेपाली समाजको चित्रण नाटकीय शैलीमा गरिएको छ ।

'थुप्तेन ग्याछो' कथा बुद्ध धर्ममा आधारित भएकाले तत्सम्बन्धी भाषाको प्रयोग बढी मात्रामा गरिएको छ । थुप्तेन ग्याछो, खेम्पो, ढावा, साङ्गे छुयढाङ छोगी छाक्नाम्ला, रिम्पोचे, पेचा, छिरिङ जस्ता शब्दहरूको प्रयोगले यस विषयलाई पुष्टि गर्दछ । ऊ पात्रले वर्णनात्मक शैलीमा आफ्नो अतीत, वर्तमान र भविष्यको बारेमा मनन गरेको छ ।

'ऊ, म र वण्डाईविच' देशप्रेमले ओतप्रोत भएको कथा हो । देशप्रेमलाई आकर्षक, संवादात्मक एवम् वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । एउटा सच्चा देशभक्त नेपालीलाई यी वाक्यांश अनमोल लाग्दछन् ।

'नेपाल शब्दले मलाई बण्डाई बिचबाट हुत्याएर बूढीगङ्गामा ल्याई पछारेको थियो ।'

'अङ्कल, यति सुन्दर आफ्नो देशलाई छोडेर मेरो ड्याडी किन विदेश आउनु भएको ?' आदि ।

ऊ पात्र र म पात्रबीचको संवादले कथालाई थप रोचक एवम् पठनीय बनाएको छ ।

'नारायणहिटीका चमेराहरू' कथा प्रतिकात्मक शैलीमा लेखिएको छ । यहाँ चमेराहरू राजाका सुसारेका रूपमा आएका छन् । राजा र राजसंस्थाको वैधानिक अन्त्य भएपछि त्यहाँ रहेका सुसारेहरू अर्थात कथाअनुसार चमेराहरूले बोलेका भाषामा दयनीयपन भेटिन्छ । उनीहरू संवादात्मक शैलीमा अभावको भाषा बोलिरहेका छन् । जस्तै :-

'खिचडी पाक्दैछ होइन की कसरी खिचडी पकाउने चिन्ताले सताएको छ ।'

'हाम्रो आहाराको मुहान सुकिसक्यो ।'

यस कथामा फटफट, ठक्ठक्, ङिच्च, याँहु-याँहु, फर्र-फर्र, भट्याक-भट्याक, मगमग, जगमग, भुन-भुन जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथालाई कौतुहलपूर्ण तथा रमणीय तुल्याएको छ ।

प्रस्तुत 'कामरेड ! अब ती दिन पुराना भए ...' कथा नाटकीय शैलीमा लेखिएको छ । यसमा मन्त्रीज्यूको परिवर्तित एवम् रवाफिलो व्यवहारलाई व्यङ्ग्यात्मक र नाटकीय शैलीमा प्रस्तुत गरिएको छ । मन्त्रीलाई प्रयोग गरिएको भाषा अतिउच्च खालको छ । जस्तै :-

'वाथरुममा होइसिन्छ ।'

'अनि त्यसपछि ब्रेकफास्ट लिइसिन्छ परिवारसँग ।'

'म अहिले वाथटजमा तातो पानीमा आफूलाई चुर्लुम्म डुवाइराखेको छु रानी !' आदि ।

'पुतलीचोर' कथा एउटा चरित्रप्रधान र घटनाप्रधान कथा हो । यसमा विभिन्न पात्रका चरित्रलाई वर्णनात्मक तर नाटकीय शैलीमा प्रस्तुत गरिएको छ । कथाकी प्रमुख पात्र पुतली कुनै फिल्मकी नायिका हो कि जस्तो लाग्छ । सुकुम्बासी टोलका व्यक्ति चोरीमा संलग्न रहेकाले कथाको भाषा, व्यवहार तथा बोल्ने शैली पनि सोही अनुरूपको छ । जस्तै :-

'नकरा साले हराम, तँ पाजीले त झन् पुतलीलाई अगाडि पछाडि ब्यान्ड बाजाको लस्कर लगाएर भित्र्याउन खोजेको थिइस् नि !'

'ए फुच्चे एक बोतल भोड्का अरू थप, अँ दुई प्लेट कुखुराको पाङ्ग्रा पनि लिएर आइज ।' आदि ।

'रोजर, सेन्ड ओभर !' कथा कथाकारको जागिरको अनुभवको एक अंश हो भन्ने अनुमान गर्न सकिन्छ । कथाकारले जागिरको अनुभवमा सिकेको भाषालाई उक्त कथामा अंशतः प्रयोग गरिएको छ । यस कथाको भाषा संवादात्मक खालको छ । कमाण्डरहरूबीच भाषाको आदानप्रदान गर्दा सो शैलीको प्रयोग हुन गएको हो । यस कथामा प्रयोग भएको भाषा साधारणतया नेपाली समाजसापेक्ष नभएर प्रहरी प्रशासन अनुकूलको देखिन्छ । जस्तैः-

'रोजर, सेन्ड ओभर !'

'किलो वन अल्फा, डेल्टा, ब्रेभो, चार्ली, इको लिमा ' आदि ।

प्रहरी प्रशासनमा प्रचलित छाडापनका साथै पाठकलाई सो भाषा बुझ्न केही जटिलता आउने देखिन्छ ।

प्रस्तुत 'मापुतोकी मेरी' कथा वर्णनात्मक शैलीमा लेखिएको छ । यस कथामा सन् १९९५ तिर अफ्रिकन मुलुक मोजाम्बिकमा चर्किएको गृहयुद्ध र यसले निम्त्याएको विकराल अवस्थालाई सरल भाषाका माध्यमबाट प्रस्तुत गरिएको छ । कथाकारले स्वयं आफू र उक्त देशकी मेरी नामक पात्रसँग उठबस गरेका दृश्यहरू र सयौँ मेरीले भोगेका भोगाइलाई रोचक शैलीमा पस्किएका छन् । कथामा सिन्योर (श्रीमान्) पोर्चुगिज तथा गर्लफ्रेन्ड, अनमोज, ब्वाईफ्रेन्ड जस्ता अंग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । 'जङ्गलका सिकारीहरू चिडियाखानामा धाउन लागेका थिए' जस्ता प्रतिकात्मक वाक्यहरूको प्रयोग गरिएको छ । एक वाक्यका अनुच्छेद धेरै देखिने उक्त कथामा म पात्र र मेरीको रोचक संवादले पनि पाठकलाई नाटकीय शैलीमा पढे जस्तो लाग्छ ।

### ४.१.६ उद्देश्य

सामान्यतया कथामा उद्देश्य भन्नाले कथाकारले कथामा दिन खोजेको सन्देश भन्ने बुझिन्छ । उद्देश्य कथाको सूक्ष्म तत्त्व भए पनि एउटा महत्त्वपूर्ण तत्त्व मानिन्छ । उद्देश्यविहीन कृतिको कल्पना नै व्यर्थ हुन जान्छ । प्राचीन कथाहरूमा नीति, उपदेशलाई उद्देश्यको रूपमा लिइन्थ्यो तर आधुनिक कथाहरूमा सामाजिक सन्देश, व्यक्तिका मनोदशाको चित्रण, यथार्थ पक्षमा जोड र समसामयिक तथा संक्रमणकालीनताको उजागर गर्नु आदि उद्देश्यको मूल धर्म मानिन्छ ।

कथाकार शाहको **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा देशको द्वन्द्वग्रस्त अवस्था, सामाजिक, आर्थिक विकृति र विसङ्गतिहरू, मनमा चुलिएका चाइनाहरूले उत्पन्न गरेको अन्तर्द्वन्द्व, नारीका विवशताहरूको मनोविश्लेषण, गरिबी, धार्मिक विकृति र संक्रमणकालीनताको अवगत गराई सकारात्मक सोचका साथ अगाडि बढ्न प्रेरित गर्नु यस सङ्ग्रहको उद्देश्य देखिन्छ । 'काठमाडौँमा कामरेड' कथामा काठमाडौँको सडकमा कार्यक्रमका लागि अर्थको जोहो गर्दै हिँडेको पूर्व छापामारको विगत र वर्तमानको मानसिक अवस्थाको चित्रण गरी बन्दुकको दम्भप्रति वाण हान्दै बन्दुकविहीन कानुनी राज्यको वकालत गर्दै समतामूलक समाजको निर्माण गर्नु यस कथाको प्रमुख उद्देश्य रहेको छ ।

'ऊ पनि काठमाण्डू' कथामा आधुनिक विश्वका रूपमा सहर बजारमा भइरहेका रमझम लगायत अस्वाभाविक सामाजिक क्रियाकलापप्रति तीव्र व्यङ्ग्य गर्दै नेपालको राजधानी काठमाडौँलाई दिल्ली, मुम्बई, बैङ्कक जस्ता बेश्यावृत्तिमा चिनिएका सहर हुनबाट बचाउन सबै सचेत रहनुपर्ने सन्देश रहेको छ । 'हराएको देश खोज्दै जाँदा' कथामा शासन, सत्ता सञ्चालनको नाममा सत्तामा बसेर नतमस्तक रहने वर्तमान नेपालको शासन शैलीप्रति सचेत रहँदै सु-शासन र लोकतन्त्रलाई सुदृढ गर्न हरेक नेपाली जाग्नुपर्ने सन्देश पाइन्छ ।

'गुलावसिंह बन्यो विष्फोट सिंह' कथामा नेपालको विशेष गरी तराई क्षेत्रमा सञ्चालित दलहरूले गुलावसिंह जस्ता अनेकौँ व्यक्तिलाई आफ्नो स्वार्थका लागि विष्फोट सिंह बन्न बाध्य पारिरहेका छन् । क्षेत्रीयता र जातीयताका नाममा जनताको बाँच्न पाउने अधिकारलाई कुण्ठित गर्दै पहाडीया मूलका व्यक्ति तथा समाजलाई नै धपाउँदै त्यहाँको सामाजिक संरचना नै बदल्ने कुप्रयासको यथार्थ चित्रण गर्नु यस कथाको मुख्य उद्देश्य देखिन्छ । योगदानको अवमूल्यन भएको गुनासो गरी प्रतिष्ठा खोज्ने व्यक्ति पात्रको षड्यन्त्रमा आधारित कथा 'बहुमूल्य चोरी' हो । नेपाली समाजमा यस्ता प्रकृतिका कार्यहरू

दोहोरिरहन्छन् । यी र यस्ता कार्यबाट सधैँ सचेत रहनुपर्दछ र योगदानको मूल्याङ्कन राज्यले गर्न सिक्नुपर्दछ भन्ने सन्देश यस कथाले दिन्छ ।

सेवा र सुविधाको नाममा अर्काको पछि लाग्नुभन्दा आफ्नै मिहिनेत र स्वतन्त्र अस्तित्वमा रमाएर बाँच्नु उचित हो । गुलिया बचन र क्षणिक रमझममा लागेर आफू, आफ्नो देश, घर-परिवार, समाज आदिको अस्तित्व मेटाउनु हुँदैन । स्वाधिनता र आत्मसम्मानका लागि अर्काको अधिनताका विरुद्ध सधैँ लड्न सिक्नु पर्दछ भन्ने सन्देश दिनु 'छिमेकीको छाता र छाडा छोराहरू' कथाको उद्देश्य देखिन्छ । दशकौँ वर्षदेखिको सशस्त्र द्वन्द्व पछि माओवादी छापामारहरू क्यान्टोनमेन्टमा रहेका छन् । सहयोग र व्यवस्थापनका नाममा विदेशीहरू आ-आफ्नो झण्डा फहराइरहेका छन् यसको बीचमा नेपाली झण्डाको अस्तित्व खोज्दै राजनीतिक जटिलता हटाई समस्या समाधानमा जुट्नुपर्ने सन्देश 'क्यान्टोनमेन्ट' कथामा पाइन्छ ।

कुकुर झैँ लुत्पुताएर चाकडी गर्दै उच्च जीवन यापन गर्न चाहने मानिसको कु-प्रवृत्तिप्रति सचेतता जगाउँदै उचित बाटोमा लाग्न र त्यस्तो मानसिकता बोक्नेप्रति खबरदार गर्दै समतामूलक समाजको निर्माण गर्न सहयोग पुऱ्याउनु 'म पनि कुकुर' कथाको उद्देश्य रहेको छ । २०६२/६३ को जनआन्दोलनको उपलब्धि स्वरूप प्राप्त लोकतन्त्रमा बढिरहेको मनपरितन्त्र र यसको उचित व्यवस्थापनमा लागिपर्नुपर्ने प्रस्तुत 'ऊ एक पात्र लोकतन्त्रको' कथाले दिन खोजेको सन्देश हो । सिङ्गो नेपाललाई थरुहट, मधेसी, पहाडी, हिमाली जस्ता विविध क्षेत्र एवम् समाजको कल्पना गरी सोही ठाउँमा आफ्नो अनन्त राज चलाउने राजनीतिक दलका नेताको कु-दृष्टिप्रति व्यङ्ग्य गर्नु 'नयाँ राजाहरू' कथाको उद्देश्य देखिन्छ ।

परिवर्तित समयले सम्पूर्ण व्यक्ति, परिवार, समाज, राष्ट्र एवम् विश्व नै परिवर्तन भइरहेको हुन्छ । सूचना तथा सञ्चारले विश्वको हरेक कुनामा प्रगतिलाई समान्य बनाइरहेको छ । अहिलेको समाज र पहिलेको समाजमा निकै फरक छ । हरेक परिवारले आफ्ना बच्चाको इच्छा र चाहनाअनुसार उचित कदम चाल्नु पर्दछ भन्ने सन्देश 'मिकी माउस' कथामार्फत् दिन खोजिएको छ । भगवान गौतम बुद्धले गरेको त्याग, तपस्या र बलिदानको आधारमा स्थापना भएको बुद्ध धर्मका मुलभूत मान्यतालाई कुल्चेर धर्मको मान्यता विपरित ऐस, आराम तथा विलासिता गर्ने तर्फ ध्यान दिई धर्मको नाममा हुँदै गरेका कुसंस्कारहरूको पर्दाफास गरी धर्मको सोही बाटोतर्फ लाग्ने सन्देश दिनु 'थुप्तेन ग्याछो' कथाको उद्देश्य देखिन्छ ।

आर्थिक अभाव भन्दै आफ्नो देश र देशको माटोमा पसिना बगाउनुको सट्टा सधैँभरि विदेशी गल्ली चाहार्ने नेपाली नभई आत्मनिर्भर र सम्वृद्ध नेपाल निर्माण गर्न सक्ने एक सच्चा नागरिक भएर बाँच्न सिक्नु पर्दछ । जसले सधैँभरि अभावै अभावमा बाँच्ने समाज होइन एक सम्वृद्धशाली नयाँ नेपालको निर्माण गर्न सहयोग पुग्नेछ भन्ने सन्देश 'ऊ, म र वण्डाईविच' कथाले दिन खोजेको छ । पूर्वराजा नारायणहिटीबाट हटे पनि नयाँ नेपालमा अरू दरबारहरू रहेका, ती दरबारले पनि राजाले जस्तै आफ्नो औकात देखाउन शिर उठाउन सक्ने समसामयिक यथार्थता र भोलिका दिनमा हुने तिनीहरूको अवस्था (जुन नारायणहिटीका चमेराहरूको भइरहेको छ) को चित्रण 'नारायणहिटीका चमेराहरू' कथामा गरिएको छ । 'कामरेड अब ती दिन पुराना भए' कथामा मन्त्री बनेपछि सम्पूर्ण जिम्मेवारी बिर्सेर मोजमस्तीमा लाग्ने कामरेडको कार्यशैलीको पर्दाफास गरिएको छ ।

'पुतलीचोर' कथामा कथाकारले एउटा सुकुम्बासी समाजको आर्थिक अवस्थाको मार्मिक चित्रण गरेका छन् । एक छाक खान र एकसरो लगाउनका लागि बाध्य भएर चोर्न हिँड्नु परेको नेपाल र नेपालीको दयनीय अवस्था, भोक, रोग, जलस्रोत र छलकपट गर्ने सुकुम्बासी समाजको चित्रण एंव यस समस्याको समाधानतर्फ चाल्नुपर्ने कदमको आधारविन्दु यो कथा वन्न सक्छ । सेवाको क्रममा तल्लो तहका कर्मचारीले माथिल्लो तहका कर्मचारीबाट हुने व्यवहारको निरन्तर सामना गर्नुपर्ने, आफ्नो नियन्त्रण भन्दा वाहिरको विषयको दोष पनि अकैले वहन गर्नु पर्ने र जागिरको क्रममा सवैलाई  समानरूपले सन्तोष पार्न नसकिने यथार्थताको उद्घाटन 'रोजर सेन्ड ओभर ! 'कथामा गरिएको छ ।

देशमा शान्ति र स्थिरता रहिरहनु आवश्यक छ । देशमा अशान्ति र अस्थिरताले द्वन्दलाई बढवा दिन्छ । जसले अशान्ति, अशिक्षा भोकमारी, वेश्यावृत्ति, लडाई झगडा तथा विनाश निम्त्याउँछ । यसको दिगो व्यवस्थापनका लागि स्वयं देश र जनता सचेत रहनुपर्दछ, अन्यथा देशले कथामा वर्णित मापुतो र यहाँका मेरी जस्ता हजारौँ व्यक्तिको पीडा बहन गर्नु पर्दछ । अफ्रिका मुलुक मापुतोका माध्यमबाट नेपाल र नेपालीलाई सधैँ सचेत रहन आग्रह गर्नु यस कथाको प्रमुख उद्देश्य देखिन्छ ।

प्रस्तुत **काठमाडौँमा कामरेड** एउटा संक्रमणकालीन अवस्थालाई प्रस्तुत गर्ने कथासङ्ग्रह भएकाले देशमा विकसित राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक परिवर्तन र यसबाट जन्मिएको संक्रमणकालीनताको अन्त्य गरी देश र यहाँका जनताको उन्नती र प्रगतिको कामना गर्नु यस कथासङ्ग्रहको उद्देश्य देखिन्छ ।

# परिच्छेद-पाँच

# समाजशास्त्रीय चिन्तनका आधारमा महेशविक्रम शाहको 'काठमाडौँमा कामरेड' कथासङ्ग्रहको अध्ययन

**काठमाडौँमा कामरेड** कथासङ्ग्रह वि.सं. २०६५ सालमा प्रकाशित भएको हो । युद्ध र द्वन्द्वले आजित भएको मुलुकभित्र भएको राजनैतिक परिवर्तन र यसको संक्रमणशिलतालाई रोचक शैलीमा प्रस्तुत गरिएको यस सङ्ग्रहमा स्वदेशदेखि विदेशसम्मका कथाव्यथा, राजनीतिक खिचातानीका कारण नेपाली समाजले खेप्नुपरेका पीडा, छिमेकी देशको हेपाहा प्रवृत्ति, धार्मिक, सामाजिक, राजनैतिक, आर्थिक, भाषिक, लैङ्गिक तथा प्रस्तुत अन्य विषयलाई परिच्छेद ३ मा निर्धारण गरिएका मानदण्डका आधारमा समाजशास्त्रीय अध्ययन गरिएको छ ।

## ५.१ द्वन्द्ववादी मान्यताको वर्णन एवम् प्रस्तुती

जर्मन नागरिक कार्ल मार्क्सको साहित्यका सन्दर्भमा छुट्टै धारणा नभए पनि आर्थिक विश्लेषणका क्रममा यसबारे चर्चा गरेको पाइन्छ । उनले उत्पादन प्रणाली, समाज विकास र सामाजिक परिवर्तनसम्बन्धी विशेष चर्चा गरेका छन् । समाजमा पुँजीपति वर्गको शोषणबाट श्रमजीवि वर्गहरू शोषणमा परेको तथ्य उल्लेख गर्दै पुँजीपति वर्गले निर्माण गरेका आर्थिक, सामाजिक संरचनाहरू शोषणको अखडा भएको र परिवर्तनका विरुद्ध यथास्थितिवादलाई प्रश्रय दिने खालका हुन्छन् भन्ने बारे गहिरो विश्लेषण गरेका छन् (आचार्य: २०६०, ३५५) । वर्तमान समाज विगतको समाजको परिणति भएकाले समाजविकासको प्रक्रियालाई ऐतिहासिक द्वन्द्ववादी दृष्टिकोणबाट व्याख्या गरिएको छ । मार्क्सका अनुसार उत्पादनका स्रोत र साधनमाथि पुँजीपतिहरूको आधिपत्य रहँदै जाँदा पुँजीवादी अर्थव्यवस्थामा पुँजीपति वर्ग धनी हुँदै जाने र श्रमजीवि वर्ग झन्-झन् गरिबीमा परिणत हुँदै जाने अवस्था आउँछ । अतिरिक्त मूल्यबाट पुँजीपतिहरूले लाभ उठाउँदै लगानीलाई थप मजबुत बनाउँदै आफू संगठित हुन्छन् । यस्तो अवस्थामा श्रमिक वर्गहरू

पनि आफ्नो हितका लागि संगठित हुँदै क्रान्ति गर्न पुग्दछन् । यस क्रान्तिमा बहुसंख्यक श्रमिक वर्गको अधिनायकत्व स्थापना भएपछि साम्यवादी समाजको घोषणा गरिन्छ यो समाजविकासको उच्चतम बिन्दु हो ।

वर्तमान नेपालको समाज विकासको अवस्था न त पूर्व आदिम साम्यवादी अवस्था हो, न त पूर्व विकसित साम्यवादी समाज नै हो । यहाँको समाजको विकास सामन्तवादी र विकसित पुँजीवादी समाजको मिश्रण हो । मार्क्सका अनुसार पुँजिवादी अवस्थामा पुँजीपति र श्रमिक वर्गबीच अधिकारका लागि वर्गसंघर्ष हुने हुँदा नेपालको परिवेशमा पनि सर्वहारा वर्गको नेतृत्वको दावी गर्ने माओवादी र सरकारका बीच वर्गद्वन्द्वका अवस्थाहरू विगत २०५२ सालदेखि निरन्तर देखिइरहेका छन् । पचासको दशकदेखि आफ्नो अधिकारका लागि भएका युद्ध र द्वन्द्व तथा यसबाट समाजमा पारेको प्रभाव तथा यसको संक्रमणशिलतालाई कथाकार शाहले **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा उतारेका छन् । जंगल तथा गाउँबाट युद्ध सुरु गरेका माओवादीहरू युद्धको रणनीति तय गर्दै अन्ततः काठमाडौँमा आइपुगेको कुरा यस सङ्ग्रहको शीर्षक **काठमाडौँमा कामरेड**बाट प्रष्ट हुन्छ । प्रस्तुत कथासङ्ग्रह भित्रका कथामा व्याप्त मार्क्सवादी चिन्तन निम्नानुसार रहेको छ :-

'काठमाडौँमा कामरेड' कथामा वर्णित ऊ पात्रमा युद्ध र क्रान्तिका ताजा लक्षणहरू देख्न सकिन्छ । वरिष्ठ कामरेडले भनेझैँ युद्धको रूपमात्र फेरिएकोले हातमा पिस्तोल बोकेर राजधानीमा हुने क्रान्ति र कार्यक्रम सफल पार्न चदा उठाउँदै संघर्षको मैदानमा दौडिरहेको छ । माओले भनेका छन्-'युद्धका अन्तिम हतियार भनेका जनता हुन्' भन्दै अन्ततः बन्दुकविहीन भएर वैचारिक द्वन्द्वमार्फत् युद्ध जित्ने सकारात्मक बाटो हिँड्नुपर्ने विचार ऊ पात्रमा देखाइएको छ ।

'क्यान्टोनमेन्ट' कथामा ऊ पात्र युद्धपति किंकर्तव्यविमूढको अवस्थामा देखाइएको छ । सर्वहारा वर्गको नेतृत्व गर्दै बाह्र वर्षसम्म सशस्त्र युद्ध लडेको पार्टी र उसका कार्यकर्तालाई सामाजिक रूपान्तरणको नाममा बन्द शिविरभित्र राखिएको छ । उनीहरूको भविष्य के हुने भन्ने कुरा अन्योलमा परेको यी वाक्यांशबाट प्रष्ट हुन्छ :-

'के युद्ध फेरि सुरु हुन्छ ? युद्ध फेरि सुरु भयो भने फेरि बन्दुकहरू पड्किने छन्, फेरि लासहरू पुरिने छन् ... मेरा सपनाहरू पनि मेरो लाससँगै माटोले पुरिनेछन् ...।' (पृ. ४९)

'ऊ, म र वन्डाइविच' कथा राष्ट्रप्रेमले ओतप्रोत भएको कथा हो । सरकार र माओवादीबीच भएको युद्ध र द्वन्द्वका कारण सयौं व्यक्तिहरू विदेशिनु परेको व्यथा यस कथामा देख्न सकिन्छ । जस्तैः-

'विश्वकै शान्त र सुरम्यभूमि अशान्त र आक्रान्त बनेपछि ऊ आफ्नो गाउँ बस्ती जस्ताको तस्तै चटक्क छोडी भक्कानिँदै विदेश हानिएको थियो । (पृ.८६)

'कामरेड ! अब ती दिन पुराना भए' कथामा माओवादीको सशस्त्र युद्धपछि दलका नेता मन्त्री बन्न सफल भएको उसले मन्त्रीपश्चात् युद्धकालीन त्याग, तपस्या र बलिदानलाई बिर्संदै गएर सुविधाभोगी बनेको, सर्वहाराको मुक्ति गर्नुको सट्टा आफू र आफ्नो परिवारको मुक्तिका लागि ध्यान दिएको विषय उठान गरिएको छ । मन्त्रीपात्रले युद्धनीति र सिद्धान्त छोडे पनि कामरेड बलिदान, संघर्ष, क्रान्ति, ज्वाला जस्ता पात्रहरू युद्ध, क्रान्ति र परिवर्तनका लागि तैयार रहेको कुरा उक्त वाक्यांशले प्रष्ट पार्दछ ।

मन्त्रीविहीन क्वार्टरमा निन्याउरो अनुहार लिएर धेरैबेरसम्म ट्वाल्ल परेर उभिइरहे कामरेड संघर्ष, बलिदान, क्रान्ति, ज्वाला जो उसका युद्धकालीन अभिन्न मित्रहरू थिए र जोसँग काँधमा काँध मिलाएर ऊ जनताको मुक्तिका लागि भनेर दर्जनौं सशस्त्र युद्ध लडेको थियो । (पृ.१०५) ।

'मापुतोकी मेरी' कथामा अफ्रिकन मुलुक मोजाम्बिकमा भएको गृहयुद्ध र यसले पुऱ्याएको असरलाई देखाइएको छ । कथाकी पात्र ऊ अर्थात् मेरीका बाबुको द्वन्द्वमा परेर मृत्यु भएको छ । गगनचुम्बी भवनहरू बम र गोलीले छेडेर ध्वस्त पारेका छन् । मेरीको घर पनि भत्किएर भुइँतलामा बस्नुले त्यहाँको सशस्त्र युद्ध र द्वन्द्वबाट सारा समाज नै पीडित देखिन्छ । जस्तैः-

आफ्नो देशमा चलेको सशस्त्र गृहयुद्धबाट आफ्ना बाबु, काका, अन्य आफन्त सहित लाखौं मान्छेहरू मृत्युको बलिवेदीमा चढे पनि मेरी भने बाँच्न सफल भएकी थिई (पृ.१२१) ।

'हराएको देश खोज्दै जाँदा' र 'ऊ एक पात्र लोकतन्त्रको' कथामा पनि आफ्नो अधिकार प्राप्तिका लागि राज्यसँग भएको संघर्षलाई देखाइएको छ । 'हराएको देश खोज्दै जाँदा' कथामा ऊ पात्रले आफ्नो अधिकारलाई सिंहदरबारभित्रै कुण्ठित गर्ने नेताहरूबाट अधिकार खोस्न लाठी चाहिन्छ भन्दै अधिकारका लागि संघर्ष अपरिहार्य भएकाले सिंहदरबारको गेट हिर्काउन पुगेको छ । 'ऊ एक पात्र लोकतन्त्रको' कथामा आर्थिक रूपले

पिरोलिएको ऊ पात्र श्रीमतीको उपचारको लागि पैसा नभएर चिया बेच्दै पैसाको जोहो गर्ने वर्गीय पात्र हो । उसको छोरो यही वर्गीय मुक्तिका लागि सहिद भएको देखाइएको छ । समयमै उपचार गर्न नसकेर ज्यान गुमाएकी ऊ पात्रकी श्रीमतीलाई ठेलागाडामा लैजाँदा मन्त्रीज्यूहरू भने स्कटिङ्ग गर्दै चिल्ला गाडीमा सयर गरेको देखाइएकाले मालिक र श्रमिक बीचको खाडल कथामा भेट्न सकिन्छ । जुन मार्क्सको वर्गीय द्वन्द्वको अवधारणाको एउटा कारण हो ।

'पुतलीचोर' कथामा काठमाडौँको एउटा सुकुम्बासी टोलमा बस्ने धेरै, रामे, गुह्ये, पुतली जस्ता पात्रको आर्थिक विपन्नता भेट्न सकिन्छ । एक छाक खान र लगाउनका लागि चोर्न बाध्य सुकुम्बासी समाज र आर्थिक रूपमा सम्पन्न खैरेको वर्णनले स्पष्ट दुई वर्गको चित्रण भेटिन्छ । खैरे रूपी पुँजीपतिमा भएको शक्तिलाई सुकुम्बासी पात्रहरूले अन्ततः आफ्नो हातमा पारेर छाडेका छन् । 'छिमेकीको छाता र छाडा छोराहरू' कथामा पनि धनाढ्य र मध्यमखालका दुई छिमेकीको स्पष्ट दुई वर्ग देख्न पाइन्छ । 'नारायणहिटीका चमेराहरू' कथामा राजा सामन्तीको प्रतीक र चमेराहरू अथवा कामदरहरू साँझ बिहान के खाने भन्ने पीडामा बसेका सर्वहारा वर्ग हुन् । समग्रमा यस सङ्ग्रहमा वर्गीय समाजको चित्रण पाइन्छ । नेपाली समाजमा देखा परेको वर्तमान वर्गसंघर्ष र परिवर्तनको यो समय मार्क्सवादी दर्शनको द्वन्द्ववादसँग मेल खान्छ ।

## ५.२ लेखक, कृति र पाठकको अन्तर्सम्बन्ध

कुनै पनि साहित्य र साहित्यकार समाजबाटै प्रेरित हुने हुँदा साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिले सामाजिक सन्दर्भको धरातलमा साहित्य र साहित्यकारको अध्ययन गर्दछ । समाजले साहित्यकारलाई के कति प्रभाव पाऱ्यो, साहित्यकारले समाजलाई के-कति अभिव्यक्ति गर्न सक्यो, अनि साहित्यकारले समाजलाई साहित्य सिर्जनाका माध्यमबाट के कस्तो प्रभाव पार्न सक्यो भनी विभिन्न कोणबाट गरिने साहित्यिक अध्ययन, विश्लेषण वा मूल्याङ्कन नै समाजशास्त्रीय अध्ययन प्रणाली हो (श्रेष्ठ, २०५८:२१७) । समाजशास्त्रीय अध्ययन पद्धतिले समाज, साहित्य र साहित्यकारका बीचको घनिष्ठ सम्बन्धमाथि जोड दिन्छ । यस प्रणालीले साहित्यकार र उसका चेतनाको सामाजिकता माथि जोड दिनुका साथै साहित्यकृतिको विषयवस्तु, भाषा, शैली, शिल्प आदिका आधारमा कृतिको सामाजिकता माथि जोड दिन्छ । यसका अतिरिक्त कृतिमा पर्ने

र कृतिले पार्ने सामाजिक प्रभावमाथि पनि जोड दिन्छ । साहित्य भनेको सामाजिक जीवन भोगाईको अभिव्यक्ति वा प्रतिच्छाया भएकाले यस्तो साहित्यको सिर्जना गर्ने साहित्यकारको चेतनाको निर्माण पनि सामाजिक जीवन भोगाईबाट हुने भएकाले साहित्यकार, पाठक र कृतिबीचको अन्तर्सम्बन्धलाई अध्ययन गर्नु जरुरी देखिन्छ ।

कथाकार महेशविक्रम शाहको जन्म सुदुरपश्चिम नेपालमा पर्ने अछाम जिल्लाको वैजनाथमा भएको हो । उनको बाल्यकाल नजिकैको थारू समाजमा बितेको कुरा अन्तर्वार्तामा उल्लेख पाइन्छ । बाल्यकालमा थारू समाजमा बिताएका क्षणहरू, थारूबस्तीमा अनुभूत र अनुभव गरेका विविध घटनाहरू मानसपटलमा सलबलाउन थालेपछि पात्रका माध्यमबाट सजिव रूप दिएको जसबाट साहित्य यात्रा सुरू भएको कुरा कथाकार शाहसितको अन्तर्वार्ता (परिशिष्ट-क) मा उल्लेख छ । यसैगरी विद्यालय आउँदा जाँदा थारू युवतीले पानी पिलाउने घटनालाई उनले तृष्णा कथाको रूपमा लेखेको उल्लेख गरेकाले उनको कथालेखनको पृष्ठभूमि समाज अर्थात् थारू समाजको हो । यसको प्रतिबिम्ब स्वरूप शाहले **सटाहा** कथासङ्ग्रहका सटाहा, संस्कार, चम्पी जस्ता कथामा थारुरू समाजको दिनचर्या, सामाजिक परिवेश, संस्कार, रहनसहन, आर्थिक स्थिति, नारी वेदना तथा मानवीय जीवनमा भोग्नुपर्ने यथार्थ घटना आदिको सूक्ष्म चित्रण गरेका छन् । कैलालीको थारू, बाँकेको अवधीपछि पूर्वी तराईको मैथली र भोजपुरी संस्कृति बुझ्ने रहर शाहमा रहेको कुरा 'नवावगञ्ज' (**कान्तिपुर,** २०६७:८) भन्ने शीर्षकमा उल्लेख छ ।

कथाकार शाह पेशाको दृष्टिले हाल प्रहरी उपरीक्षक छन् । वि.सं. २०४६ सालमा प्रहरी सेवामा प्रवेश गरेका शाहले जागिरको क्रममा स्वदेशदेखि विदेशसम्मको अनुभव बटुलेका छन् । नेपालभित्र हिमाल, पहाड र तराई तीनै क्षेत्रमा घुमेका शाहले फरक समाज, संस्कृति र रहनसहन तथा सशस्त्र द्वन्द्वलाई नजिकैबाट नियालेका छन् । यसकै कारण **सटाहा, सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो, छापामारको छोरो**सम्म आइपुग्दा २०६३ सालको मदनपुरस्कार प्राप्त गरेपछि कृति लेखनमा समसामयिकताले ठूलो अर्थ राख्दो रहेछ (मेरो भन्नु) भन्दै समसामयिक तथा संक्रमणकालीन कथाहरू लेख्न पुगेका छन् । प्रहरी पेशामा कार्यरत रहेकाले माओवादीका विपक्षमा कथा लेख्नुपर्दछ भन्ने विपरित सोंचाई उनलाई कहिल्यै लागेन बरु युद्ध र द्वन्द्वका साथै आफ्नो कार्यक्षेत्रका उचित र अनुचित विषयलाई यथार्थपरक शैलीमा संग्रहित गरेर सफल कथाकार हुने मौका पाए । **काठमाडौंमा**

**कामरेड** सङ्ग्रहमा पनि 'पुतलीचोर', 'बहुमूल्यचोरी', 'रोजर, सेन्ड ओभर', 'मापुतोकी मेरी' जस्ता कथाहरूलाई आफ्नो जागिरको अनुभवको संगालोको रूपमा उतार्न पुगे ।

दैनिक कार्य गर्दा देखेका भोगेका विषयहरू, आफ्नो बाल्यकाल, बाह्र वर्षे सशस्त्र युद्ध, शान्ति स्थापनाको विदेश जाँदा देखेका भोगेका विषयहरू, समाजसापेक्ष रहेका विभिन्न आर्थिक, धार्मिक, राजनीतिक विषय र राष्ट्रिय अन्तर्राष्ट्रिय सिमाना, विश्व मानवता, उत्तरआधुनिकीकरण जस्ता विषयलाई कथासङ्ग्रहको रूप दिएर पाठकसामू ल्याउने शाहका कथामा समाज र सामाजिक विषयहरू यथार्थपरक ढङ्गबाट वर्णित छन् । कृति सामाजिक परिवर्तनका लागि भन्ने शाहका 'काठमाडौंमा कामरेड' कथामा अन्ततः ऊ पात्र हतियारविहीन अवस्थामा पुगेर युद्ध जित्ने सफल बाटो भेटाएको देखाएका छन् । 'ऊ पनि काठमाण्डु' कथामा म पात्रलाई सुधारको बाटो देखाउने प्रयत्न कथाकारमा देखिन्छ । यदि तैंले समयमा उचित कदम चालिनस् भने एक दिन नगरवधु भएर निस्किनेछस् भन्दै सुधारको बाटो समात्न आग्रह गरिएको छ । 'हराएको देश खोज्दै जाँदा 'कथामा कथाकारले अन्ततः देश खोज्न लाठी चाहिन्छ लाठी भन्दै ऊ पात्रलाई कटबाँसको लामो लाठी समात्न बाध्य बनाएका छन् । किनकी यो कथा लेखनको समय भनेको लोकतन्त्र प्राप्तिको चरमोत्कर्षको समय थियो । त्यसैले यस कथामा तत्कालीन समाजको प्रभाव भेट्न सकिन्छ । 'गुलावसिंह बन्यो विष्फोटसिंह' कथा अवधि भाषाको अधिक प्रयोग गरेर लेखिएको कथा हो । वर्तमान अवस्थामा तराईको क्षेत्रमा बढिरहेको जालझेल, कुटपिट, मारकाट, बन्द, तोडफोड आदि विषयलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको छ ।

'छिमेकीको छाता र छाडा छोराहरू' कथामा वर्णित छिमेकीको हेपाहा र मिचाहा प्रवृत्ति भारत र चीनले नेपालको सिमानामाथि गरेको ज्यादतीसँग मेल खान्छ । 'क्यान्टोनमेन्ट' कथा सारा नेपालीले अहिलेसम्म भोगिरहेको समस्यामा आधारित छ । 'ऊ एक पात्र लोकतन्त्रको' कथामा वर्णित ऊ पात्र लोकतन्त्रको एउटा  सहिद हो । ऊ जस्तै नेपालीहरूले बलिदानीपूर्वक देखाएको वीरता र सारा नेपालीका रोइरहेका आँखामाथिको उपहासको रूपमा उक्त कथालाई लिन सकिन्छ । समग्रमा यस सङ्ग्रहका सम्पूर्ण कथाहरू समसामयिक विषयमा लेखिएकाले नेपाली समाजको प्रभाव कथाकार मार्फत कृतिमा देख्न सकिन्छ ।

कथाकार शाहका कथाको प्रस्तुतीकरण मौलिक छ भने शैली मन छुने खालको छ भनी साहित्यकार मनुब्राजाकीले यस सङ्ग्रहको भूमिकामा उल्लेख गरेका छन् । लेखनशैली

वर्णनात्मक भए पनि विविध प्रतीक र बिम्बद्वारा सजिएका कथाहरू दुर्वोध्य खालका छैनन्, जसले गर्दा पाठकहरू टाउको दुखाउनुपर्ने र अल्मलाउनुपर्ने हुँदैन । कथाकार शाहले मेरो भन्नुमा -'आफूले जति राम्रो लेखे पनि पाठकले त्यो बुझ्न सकेनन् भने कथा लेख्नुको औचित्य हुँदैन, जसले मलाई कथा लेख्न बस्दा सधैं झक्झकाउने गर्दछ' भनी उल्लेख गरेका छन् । जसले कथालेखनमा सजगता अपनाउन सहयोग मिल्छ । रमण घिमिरेले **नेपाल** वर्ष ९, अंक २६ मा 'उनका कथामा पाइने मौलिक सार मानिस हो' भन्ने उल्लेख गरेका छन् । **छापामारको छोरो** कृतिले मदन पुरस्कार पाउनुमा पाठकमञ्चको भावनालाई कदर गरी दिएको उपहार हो भन्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा समसामयिक विषय समेटिएकोले गोठालेले भनेझैँ शाहले नेपाली कथाको युग हाँक्लान् जस्तो छ ।

समग्रमा आफू जन्मेको वातावरण एवम् थारू समाज र संस्कृतिको पदचिन्हमा हुर्केका शाहको जागिरे अनुभवले जन्माएका युद्ध र द्वन्द्वका कथा र यसको संक्रमणलाई पाठकले सुरूचिपूर्ण तरिकाले बोध गरेकाले लेखक, कृति र पाठकबीचको अन्योन्याश्रित सम्बन्ध स्थापित भएको देखिन्छ ।

## ५.३ उद्विकासवादी दृष्टिकोण

उद्विकासवादी दृष्टिकोणका प्रवर्तक चार्ल्स डार्विन हुन् । सन् १८५९ मा डार्विनले आफ्नो अध्ययन र अनुसन्धानका आधारमा वंशज र वातावरणको प्रभाव मानवमाथि पर्ने विचार सार्वजनिक गरेपछि यसको प्रभाव कला र विज्ञानका क्षेत्रमा देखिन थालेको हो ( दाहाल, २०४४:२८) । यस सिद्धान्तअनुसार मानिस र मानव समाजको विकास विभिन्न जाति, प्रजाति र तिनीहरूका अनुवंशिकता, प्राकृतिक वातावरण, व्यवहार र परिवर्तनशील समयको उपज हो । हरेक जीवित प्राणीले बाँच्नका लागि संघर्ष गर्नुपर्दछ भन्ने डार्विनको मान्यतालाई हेर्दा यस सङ्ग्रहभित्रका अधिकांश कथाहरू वर्गसंघर्षमा आधारित देखिन्छन् । समयको परिवर्तनलाई स्वीकार्दै आफू र समग्र समाजको हितको लागि ज्यानको बलिदानी दिने कथाका पात्रहरू वर्तमान र भविष्यमा आफ्नो अस्तित्व खोजिरहेका छन् । 'ऊ एक पात्र लोकतन्त्रको' कथाको ऊ पात्र मृत्युको मुखमा पुगेकी श्रीमतीको उपचारार्थ दिनभर चिया बेच्ने संघर्षमा उत्रेको छ । काठमाडौँको गल्लीमा ढुङ्गामूढाको प्रवाह नगरी जुठा भाँडा माझेर बस्नु उसको रहरको विषय नभई केवल बाँच्नैका लागि एउटा संघर्ष मान्नु

पर्दछ । ऊ पात्रको छोरो मानव जातिको हितकै लागि सहिदको उपाधि प्राप्त गर्न बाध्य छ । जस्तैः-

'साँझ उसलाई अस्पताल लग्नुपर्छ । साँझसम्म दुईचार पैसा आइहाल्छकी भनेर पसल खोलेको हुँ, हात जोड्दै हातमा लाठी र ढुङ्गा बोकेको हुलतिर हेर्दै ऊ गिड्गिडायो ।' (पृष्ठ-६४)

'सहिदहरूले यस धरतीका लागि बगाएको रगतको स्मरण हुनेछ ।'

'बलिदानीहरूको लाभमा उसको एकमात्र छोरो पनि थियो ।' (पृष्ठ, ६०)

कथाकार शाहको 'मिकी माउस' कथा डार्विनको विकासवादी दृष्टिकोणसँग नजिक देखिन्छ । टेलरले संसारका सबै मानव समाज र संस्कृतिले अनिवार्य रूपमा समाजको विकासका निश्चित चरणहरू पार गर्छन् (अधिकारी र अन्य : १८४) भन्ने धारणा राखेका छन् । यी धारणालाई आधार मान्दा तीनपुस्ताको विकासलाई देखाइएको कथा 'मिकी माउस'मा आफूभन्दा छोरो, छोरोभन्दा नाति र नाति भन्दा  पनाति अझ विकसित मानव भएर निस्किएका छन् । जुन डार्विनले भनेझैँ वंश, जाति, प्रजाति र विकसित एवम् परिवर्तनशील समयको उपज हो । जस्तैः-

तपाईं लिभिङ मेसिन बन्नोस् न ड्याड । मेरो ग्रायन्ड फादर एक्काइसौँ शताब्दीका लागि मिकी माउस बन्न सक्नुहुन्छ भने तपाईं बाइसौं शताब्दीको स्वागतमा लिभिङ मेशिन किन बन्न नसक्ने ड्याड ? लेट्स गेट रेडी ड्याड । यति भन्दै मेरो नातिले आफ्नो शरीरबाट बाबुको शरीरमा रङ्गीविरङ्गी विकिरणहरू फाल्यो (पृष्ठ : ७१) ।

'काठमाडौंमा कामरेड' कथाको विषयमा आधारित भएर हेर्दा छापामारहरूको पूर्ववस्था दमनात्मक थियो । उनीहरू यसको प्रतिकार स्वरूप युद्ध र संघर्षमा उत्रन बाध्न भए । अन्ततः परिवर्तित समय र समाज विकासका कारण खुल्ला मञ्चको वैचारिक लडाइँमा देखिएका छन् । हिजोसम्म हतियार प्यारो लाग्ने लडाकुहरू आज हतियारविहीन जनताको साथ प्यारो मानेका छन् । हतियारविहीन हुँदा अझ बढी सुरक्षित र आनन्दित भएको देखिन्छ । जस्तै  आवाज बोकेर हिँडिरहेका निःशस्त्र मान्छेहरूको भीडमा हराउँदा उसलाई नौलो अनुभूति भयो । उसलाई के आभास भयो भने पिस्तोल बोकेर जनताको माझमा हिँड्नुभन्दा निःशस्त्र भएर हिँड्नुको आनन्द र गरिमा भिन्नै हुादो रहेछ (पृष्ठः ५) ।

अष्ट्रेलियाको वण्डाइविचमा बिक एण्ड मनाउन गएका सुखी र उनाका बा, आमा हुन् वा म पात्रजस्ता सयौं प्रतिनिधि पात्र हुन् तिनीहरू एक छाक खान र लगाउनका लागि संघर्षरत छन् । मातुतोकी मेरी कथाकी मेरी समाजमा घृणित मानिने बेश्यावृत्ति पेशा अँगालेर बाँच्नैका लागि संघर्ष गरिरहेकी देखिन्छ ।

रातदिन पसिना काढेर कमाएको डलरको केही हरिया नोटहरूले तिनीहरू आफ्नो पीडामा मलम लगाइरहेका थिए (पृष्ठ-८४) ।

उसले गोराहरूलाई आफ्नो यौवन दिएर तिनीहरूबाट हरिया डलरका नोटहरू प्राप्त गर्ने व्यापार सुरु गरी (पृष्ठ:१२५) ।

चार्ल्स डार्विनको उद्विकासवादी सिद्धान्तका आधारमा हर्वट स्पेन्सरले पनि समाज र संस्कृति सरलताबाट जटिलतामा वृद्धि हुँदै जान्छ भन्नेबारे व्याख्या गरेका छन् (अधिकारी : ६५) । **काठमाडौँमा कामरेड** कथासङ्ग्रह मूलतः राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक आदि परिवर्तनले समाज र सामाजिक व्यवस्थामा परिवर्तन ल्याउन सकिन्छ भन्दै गरिएका आन्दोलन र यसबाट विकसित भइरहेको संक्रमणकालीन जटिलतालाई उजागर गर्ने प्रयासमा लागेकाले उद्विकासवादी मान्यतासँग नजिक देखिन्छ ।

## ५.४ कृतिमा समाजको प्रतिबिम्बन र लेखकीय चेतनाको भूमिका

साहित्य र समाजबीच गहिरो सम्बन्ध रहेको हुन्छ । साहित्यको समाजशास्त्रअनुसार साहित्य शून्यमा उत्पन्न हुँदैन । यसको मूल आधारमा समग्र मानव समाज हो । समाजबाट कच्चापदार्थ संकलन गरिसकेपछि लेखकले कथाको फ्रेममा उतार्न पुग्छ । लेखनको सम्पूर्ण स्रोत समाज हो वा साहित्यकारको प्रतिभा, व्युत्पत्ति वा अभ्यास-त्यसको खोजी गरिनुपर्ने साहित्यकारहरूको मान्यता छ । दर्पण सिद्धान्तले साहित्यलाई समाजको दर्पणको रूपमा हेर्ने डा. नागेन्द्र (सन् १९८२:११) ले उल्लेख गरेका छन् । **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा चित्रित समाज देश, काल, परिस्थिति र त्यसमा लेखकीय चेतनाको भूमिकाको अध्ययन अपरिहार्य ठहर्दछ ।

**काठमाडौँमा कामरेड** कथासङ्ग्रहले स्वदेशदेखि विदेशसम्मका कथावस्तुलाई समेटेको छ । 'ऊ, म र वण्डाइविच' र 'मापुतोकी मेरी' कथा विदेशी पृष्ठभूमिमा अडिएका छन् । अन्य अधिकांश कथाहरू सहरकेन्द्रित देखिन्छन् । आञ्चलिक कथाकारको रूपमा

परिचित शाहका धेरैजसो कथाहरू काठमाडौँ उपत्यकामा घटित छन् । 'गुलाबसिंह बन्यो विष्फोट सिंह' तराईको परिवेशमा मिल्दोजुल्दो कथा हो । 'बहुमूल्य चोरी' कथाले नेपालदेखि भारतका प्रधानमन्त्री जवहरलाल नेहरू, बेलायतकी महारानी एलिजावेथ, इजिप्टका राष्ट्रपती, अमेरिकी राष्ट्रपतिसम्म विषयलाई कथावस्तुको स्रोतको रूपमा लिएको छ । यस सङ्ग्रहभित्रका अधिकांश कथाहरूको लेखन समय समसामयिकतामा अडेको छ । अफ्रिकी मुलुक मापुतोमा सन् १९९५ तिर भएको युद्धले पुऱ्याएको असर नेपालको बाह्र वर्षे युद्धसँग मिल्दो पक्ष हो । सशस्त्र युद्ध विधिवत् अन्त्यपछि फैलिएको लोकतन्त्रमा विकसित मनपरीतन्त्र र यसले उब्जाएको संक्रमणशिलता समेटिएकोले पचासको दशकदेखि हालसम्मको समयावधी समेटिएको देखिन्छ । जस्तैः-

'ऊ घरमा एकै पटक २०६२-६३ को सफलता पश्चात् मात्र फर्क्यौं ।' (पृ : २)

'तिमीलाई थाहा छैन, देशमा लोकतन्त्र आएको छ ।'(पृ:१४)

'क्यान्टोनमेन्टमा छापामारहरू उत्सव मनाइरहेका थिए ।'(पृ:४५)

'मेरो छोरोलाई पनि सहिद घोषणा गर्नुपऱ्यो हजुर ।'(पृ:६४)

'शीतल निवास गणतासन्त्रक नेपालका राष्ट्रपतिको निवास हो ।' (पृ.९५) आदि

यस सङ्ग्रहमा संकलित 'मिकी माउस' कथाको सुरुवात म पात्र र म पात्रको छोरोसँगै भए पनि अन्ततः बाइसौँ शताब्दीको कल्पनासम्म पुगेर कथावस्तु टुंगिएको छ । 'बहुमूल्य चोरी' कथामा वि.सं. २००७ सालदेखिको घटनाक्रम देखाइए पनि अन्य कथाहरूको लेखन र वर्णित समय पचासको दशकदेखि हालसम्मको देखिन्छ । यस कथासङ्ग्रहका कथाहरूको विषयवस्तु र लेखकीय चेतनाको प्रभाव यसप्रकार देखिन्छ :-

यस सङ्ग्रहभित्रका कथाहरूमा युद्धपछि माओवादी पार्टी र यसका क्रियाकलाप नारी मनोविज्ञान, नेपाली समाजमा बढ्दै गएको बेश्यावृत्ति, तराई क्षेत्रमा बढिरहेको आतंक, नेपालको सिमानामा बढ्दै गएको हेपाहा दृष्टि, माओवादी छापामारहरूको अनिश्चित क्यान्टोनमेन्ट बसाई, नातावाद र कृपावादको बिगबिगी, लोकतन्त्रमा बढिरहेको मनपरीतन्त्र, नेपाललाई सिंहदरबार भित्र कैद गरी राख्ने नेताहरूको कार्यशैली, मानव विकासको प्रवृत्ति, राजा बन्ने दाउपेच, धार्मिक विचलन, कामको खोजमि विदेशिनुपर्ने नेपालीको कथा, राजतन्त्रको अन्त्यपछि यसमा आश्रित हुनेहरूको विचल्ली, नेपालको सुकुम्बासी समस्या, प्रशासनिक कार्यशैली र मापुतोको गृहयुद्ध र यसले निम्ताएका असरहरू आदि विषयहरू समेटिएका छन् । अधिकांश कथाहरू राजनीतिक विषयलाई

समेटेर लेखिएका छन् । कथाकार शाहले कथा लेखन गर्दा पाठकले कथा बुझेनन् भने अर्थपूर्ण हुँदैन त्यसैले सदैव सचेत र सजग रहन्छु (मेरो भन्नु) भन्ने उल्लेख गरेकाले कथालेखनमा लेखकीय चेतनाको प्रभाव रहेको अनुमान गर्न सकिन्छ । साहित्यको समाजशास्त्रका मीमांसावादी चिन्तकले साहित्यिक कृतिलाई सामाजिक दस्तावेज अथवा युगको दर्पण मानेर त्यसमा व्यक्त समाजको खोजी गर्छन् (पाण्डेयः १९८९:१०) । यस अर्थमा शाहले मूलतः वर्तमान संक्रमणकालीन नेपाली समाजका गतिविधि, क्रिया, प्रतिक्रिया, आँसु-हाँसो, विकास-विनाश, धर्म, संस्कृति, राजनीति आदि विषयलाई पाठक सामु पस्किएका छन् । रहस्यवादी चिन्तनमा लेखकको प्रतिभालाई दैवी सत्तासँग जोडिन्थ्यो तर भौतिकवादी टेनले यस्तो प्रतिभा शिक्षा, इतिहासका दृष्टान्त र जातीय चरित्रबाट निर्मित हुने मान्यता अघि सारेका छन् । यही प्रतिभाको प्रस्तुतिकरण नै लेखकको साहित्यकारिकता हो ।

**काठमाडौँमा कामरेड** कथाको कथावस्तुलाई शाहले आफ्नो चेतनाको प्रयोग गर्दै चलाखीपूर्ण तरिकाले अन्ततः हतियारविहीन अवस्थामा पुऱ्याएका छन् । जनताको चाहना र मर्मलाई मनन गर्दै युद्ध लड्ने नयाँ तरिका सुल्झाएर समग्र विश्व समाजको मनोभावना बुझ्ने कोशिस गरिएको छ । 'ऊ पनि काठमाण्डू' कथाकी म पात्रलाई समाज निरपेक्ष रहेर आफ्ना कुकार्य गर्नलाई सचेत गराउने प्रयत्न देखिन्छ । 'तँ अझै पनि उसको पछि लागिरहे एकदिन तँलाई यस काठमाण्डूले नगरवधु बनाएर दिल्ली, मुम्बई र ब्याङ्कककका कोठहिरूमा समेत घुमाउने छ । फर्की-फर्की, आफ्नो धरातलमा फर्की !' भन्ने वाक्यांशको प्रयोगबाट कथा लेखनमा उनको चेतनाको प्रभाव व्याप्त देखिन्छ । 'रोजर, सेन्ड ओभर !', 'बहुमूल्य चोरी', 'मापुतोकी मेरी', 'पुतली चोरी' कथाहरू उनको जागिरको अनुभवका प्रतिच्छाँया मान्न सकिन्छ । 'रोजर, सेन्ड ओभर !' कथामा प्रहरी अधिकृतको मानसिकता र विद्यमान चुनौतीलाई देख्न सकिन्छ । 'बहुमूल्य चोरी' कथामा जस्तो आधारहीन विषयले प्रहरी प्रशासनले खेल्नु परेका मानसिक दवावलाई शाहले कथावस्तुको रूप दिएको देखिन्छ । वर्तमान नेपाली समाजमा बढ्दै गइरहेको चोरी तथा बेइमानीलाई 'पुतली चोर' कथामार्फत् उजागर गरेको देखिन्छ । 'मापुतोकी मेरी' कथामा शाहले आफूलाई बढो बुद्धिमताका साथ सचेत अवस्थामा उभ्याइरहेको देखिन्छ । अफ्रिकी मुलुक मोजाम्बिकमा सोह्र वर्षसम्म चलेको गृहयकुद्धबाट तहसनहस बनेको परिस्थितिलाई समाल्न युनाइटेड नेसन्स अप्रसन इन मोजाम्बिक सुरु भएपछि यू.एन.का कर्मचारी र अन्य व्यक्तिका बद्मासीले थुप्रै स्त्रीहरू आफ्नो भूँडी छोप्दै क्वाँ-क्वाँ रोइरहेका थिए भन्ने उल्लेख गरेका

छन् । आफू भने केवल एउटा शुभचिन्तकको कित्तामा उभिएर एउटा प्रत्यक्षदर्शीको रूपमा चित्रित गर्दै कथा लेखनमा लेखकीय चेतनाको सही प्रयोग गरेका छन् ।

कथाकार शाह पेसाले प्रहरी उपरीक्षक भएकाले उनको कर्तव्य शान्ति सुरक्षा राख्नु, राष्ट्रिय हितप्रति सदैव सचेत रहनु, राष्ट्र र राष्ट्रियतालाई सदैव उँचो राख्नु हो । यस क्रममा उनको पेशागत चेतले कथालाई राष्ट्रियताको मुद्दातर्फ मोडेको देखिन्छ । 'छिमेकीको छाता र छाडा छोराहरू' कथामा छिमेकीको रवाफप्रति असन्तुष्टि पोख्दै दम्पत्तिलाई देशभक्त र आफ्नो अधिकारका लागि सचेत रहने नयाँ सन्तानको जन्मदिने विचारमा पुऱ्याएका छन् । जुन विषय छिमेकी देशको नेपालप्रति गर्ने व्यवहारसँग मेल खान्छ । 'ऊ, म र वन्डाइविच' कथामा राष्ट्रियतालाई प्रस्तुत गर्न सुसी नामकी बाल पात्रलाई प्रयोग गरिएको छ । ऊ, एक पात्र लोकतन्त्रको कथामा देशको लथालिङ्गपन बिर्से गाडी सयर गर्ने मन्त्रीज्यूका कार्यशैलीलाई उदाङ्गो पारेका छन् । 'हराएको देश खोज्दै जाँदा' कथामा अन्ततः देशको शासन गर्न जिम्मा लिएका नेतागणको कार्यशैलीप्रति असन्तुष्टि पोख्दै सिंहदरबार गेट हिर्काउन बाध्य बनाएका छन् । प्रस्तुत कथासङ्ग्रह सामाजिक यथार्थतामा आधारित रहेकाले कथा लेखनमा समाज र लेखकीय चेतनाको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

## ५.५ समाज र सामाजिक सम्बन्धका सूचकहरू

सामाजिक अनुभूतिलाई अभिव्यक्त गर्ने क्रममा साहित्यकारले साहित्यको सिर्जना गर्दछ । त्यसैले साहित्य केवल कलाकारकै अभिव्यक्ति मात्र नभएर उसको देश, काल, वातावरण, संस्कृति, परम्परा र समग्र परिवेशको कलात्मक प्रस्तुति पनि हो (त्रिपाठी, २०५८:५६८) । सामाजिक वातावरण र शक्तिहरूको प्रेरणा लिएर साहित्य जन्मन्छ । यसरी जन्मिएको साहित्य व्यक्तिगत सम्पत्ति मात्र नभएर सामाजिक सम्पत्तिको एकमुष्ट ढुकुटी हुन आउँछ । साहित्यकारको समसामयिक वातावरणअन्तर्गत उसको समाज, संस्कृति, अतितका अनुभूति र भविष्यका आकांक्षा, वर्तमान सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक मूल्य र मान्यताका साथसाथै समाजले स्वीकारेका नैतिक मान्यताहरू पनि पर्न आउँछन् । यी तथ्यहरूलाई हेर्दा टेनले भनेजस्तै साहित्य व्यक्ति साहित्यकारको व्यक्तित्वको अभिव्यञ्जना मात्र नभएर उसको सामाजिक परिवेशको अभिव्यक्ति पनि देखिन आउँछ (त्रिपाठी : २२१)। समाजका विविध विषयहरूको प्रयोग र परीक्षण साहित्यकारले उसका

कृतिमार्फत् गर्ने हुँदा साहित्यकार सामाजिक संरचनाको प्रयोगशील वैज्ञानिक हो भन्ने एमिल जोलाको दृष्टिकोण (त्रिपाठी : ५६९) सार्थक देखिन्छ । साहित्यका अरू विधाको तुलनामा कथा र उपन्यास यस विषयका निकटस्थ मानिन्छन् ।

कुनै पनि समाजको अध्ययन गर्दा व्यक्ति, परिवार, स्वरूप वा ढाँचा, सामाजिक, साँस्कृतिक, धार्मिक, राजनीतिक, शैक्षिक, वैज्ञानिक, लैङ्गिक आदि विशेषताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । यी विशेषताहरूले कृतिमा कुनै न कुनै रूपमा प्रभाव पारिरहेका हुन्छन् । प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन गर्दा पनि ग्रामीण तथा सहरिया समाज, लैङ्गिक अवस्था, धर्मसंस्कृति तथा चालचलनहरू, राजनीतिक अवस्था, संक्रमणशील नेपाली राजनीति, द्वन्द्व र यसको प्रभाव, दलका नेताप्रति जनताको मानसिकता, मनोविज्ञान, भाषा, पेसा एवम् आर्थिक पक्ष आदिजस्ता सामाजिक सम्बन्धका परिसूचकलाई आधार मानिएको छ ।

### ५.५.१ 'काठमाडौँमा कामरेड' कथासङ्ग्रहमा समाज

कथाकार महेशविक्रम शाह नेपाली कथा साहित्यका वर्तमान संक्रमणकालीन परिवेशलाई कथामा उतार्न सक्ने क्षमतावान् व्यक्तित्व हुन् । उनको कथालेखनको पृष्ठभूमि ग्रामीण परिवेश अर्थात् जन्मस्थानको थारू समाज हो (**शब्द संयोजन**, २०६४ : १०) । वर्तमान समयमा भने ग्रामीण, सहरिया, आञ्चलिक हुँदै विदेशी पृष्ठभूमिका कथामा सफलता प्राप्त गरिसकेका छन् । **काठमाडौँमा कामरेड** कथा सङ्ग्रहमा अधिकांश कथाहरू काठमाडौँको परिवेशका छन् । जसमध्ये 'काठमाडौँमा कामरेड', 'ऊ पनि काठमाण्डू', 'हराएको देश खोज्दैजाँदा', 'बहुमूल्य चोरी', 'ऊ एकपात्र लोकतन्त्रको', 'मिकी माउस', 'नयाँ राजाहरू', 'थुप्तेन ग्याछो', 'नारायणहिटीका चमेराहरू', 'कामरेड अब ती दिन पुराना भए ...,' 'पुतलीचोर', 'रोजर ! सेन्ड ओभर' आदि पर्दछन् । 'ऊ, म र वन्डाईविच' र 'मापुतोकी मेरी' विदेशी पृष्ठभूमिका र 'गुलाबसिंह बन्यो विष्फोट सिंह' चाहिँ तराईको परिवेशलाई लिएर लेखिएका कथा हुन् ।

#### ५.५.१.१ 'काठमाडौँमा कामरेड' कथासङ्ग्रहमा प्रयुक्त सहरिया समाज

'काठमाडौँमा कामरेड' यस कथासङ्ग्रहको पहिलो कथा हो । 'काठमाडौँको खुल्ला मञ्चमा वरिष्ठ कामरेडको भाषण हुन गइरहेको थियो' भन्ने वाक्यांशबाट सुरु गरिएको उक्त कथा सहर अर्थात् काठमाडौँमा नै केन्द्रित रहेर लेखिएको छ । काठमाडौँको खुल्ला मञ्चमा हुने कार्यक्रमका लागि हतियार सहित चन्दा उठाउनबाट सुरु गरिएको कथा अन्ततः हतियारविहीन भएर युद्ध जित्ने नयाँ तरिका सुल्झाउँदै अन्त्य भएको देखाइएको छ । जस्तै :-

'काठमाडौँको खुल्लामञ्चमा कार्यक्रममा सम्बोधन गर्नका लागि वरिष्ठ कामरेड 'कालो गाडीमा ट्राफिक जाम छिचोलदै हुँइकिँदै आइरहेका थिए ।'(पृ.१)

'आफ्नो कामरेड सहित ऊ ट्याक्सीमा खुल्लामञ्चतिर लाग्यो ।'(पृ.४)

'यी सहरका मान्छेहरू त नेप्रेका हुँदा रहेछन् कामरेड !' (पृ.१)

माथिका वाक्यांशबाट सहरका मान्छेहरू गाउँघरका तुलनामा टाठा-बाठा र प्रतिवाद गर्न सक्ने र अरूको हितभन्दा व्यक्तिगत स्वार्थका लागि मरिमेट्ने प्रवृत्तिका देखाइएको छ ।

'ऊ पनि काठमाण्डू' कथा पनि सहरी परिवेशमा नै लेखिएको कथा हो । यस कथामा काठमाडौँको विकसित तर छाडा एवम् अनियन्त्रित समाजको यथार्थ चित्रण गरिएको छ । 'लभ यू डार्लिङ... ।' भन्ने अंग्रेजी वाक्यबाट कथा सुरु गरिएकाले कथामा पशिचमा संस्कृति एवम् विकसित समाजका लक्षणहरू देख्न सकिन्छ । 'मेरो मन अहिले नै उसको मोटर वाइकमा चढेर काठमाडौँको सडकहरूमा चिप्लेटी खेल्न उद्वेलित थियो' भन्ने सपनामा परेकी म पात्र कहिले मनकामना, नगरकोट, धुलिखेल, ठमेल, झोंछैं गल्ली जस्ता सहरी एवम् विकसित ठाउँमा घुम्ने, मोबाइल चलाउने तथा कारमा चढ्ने आशा गर्नु विकसित समाजको उपज हो । रातभर डिस्कोरेकमा रेड वाइनको चुस्की लिँदै नाँच्न चाहन्छे । फाइभस्टार होटलका मेनुमा औला नचाउँदै भी.आई.पी.लन्च र डिनर पार्टीहरू अटेन्ड गर्ने, प्रेमीसँग डेटिङमा जाने चाहनामा डुबेकी म पात्र काठमाडौँकै प्रतिक्षामा नगरवधु बन्न बाध्य बनेकी छ । जसले गर्दा काठमाडौँ, मुम्बई, दिल्ली र बैंङ्कक जस्ता बेश्यालयका अखडा जस्तै बनिरहेको देखाइएको छ, जुन विकसित सहरी समाजको नराम्रो गन्ध हो । यस गन्धले काठमान्डू जस्ता सहरलाई दूषित पार्ने प्रायः निश्चित छ । जस्तैः-

'काठमाण्डू धेरै फास्ट छ । तँ अझै पनि उसको पछि लागिरहे एक दिन तँलाई यस काठमाडौँले नगरवधु बनाएर दिल्ली, मुम्बई र ब्याङ्कककका कोठीहरूमा समेत घुमाउने छ ।' (पृ.१०)

'हराएको देश खोज्दै जाँदा' एउटा देशप्रेमले ओतप्रोत भएको कथा हो । आफ्नो अधिकार पाउनका लागि सधैँ आन्दोलन गर्नुपर्ने र आन्दोलनकारीका माग उपर सुनुवाइ नगर्ने सरकार एवम् हराएको देशको खोजीमा निस्किएको छोरो खोजीदिनु पऱ्यो भन्दा गल्ल हाँस्ने प्रहरी प्रशासनको कार्यशैली लगायत वर्तमान नेपाली समाजको यथार्थ चित्रण यस कथामा छ । सिंहदरबारको कार्यकक्षभित्रै हराएको देश 'नेपाल' र अधिकार एवम् स्वामित्वको खोजीमा भिडिरहेको वर्तमान लोकतान्त्रिक नेपाली समाजको चित्रण यस कथामा गरिएको छ । यस सङ्ग्रहका सबै कथा अभि सुवेदीले भनेझैँ मानिसभन्दा पर छैनन्, उनका कथामा पाइने मौलिक सार नै मानिस हो (घिमिरे, २०६५) ।

'बहुमूल्यचोरी' कथा आफ्नो हराउँदै गएको इज्जत एवम् प्रतिष्ठालाई लिएर लेखिएको कथा हो । ऊ पात्रको घरायसी वातावरणलाई हेर्दा केही प्रतिष्ठित भएको भान हुन्छ । उसको सुन्दर बगैँचा, खाइलाग्दो उमेर र जीवनशैली, राजपरिवारसँगको हिमचिम र सँगैको तस्वीर, अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनसँग चियर्स गरिरहेको तस्वीर, 'असलकामको सम्झनामा' लेखिएको सुनको प्लेट (जसलाई महारानी एलिजावेथले उपहार दिएकी थिइन्), एकजोर स्वीस घडी, ब्ल्याकस्पेनद्वारा निर्मित स्पेनको साँढे तथा यूरोप भ्रमणमा गएको बेला ल्याएका ब्रान्डेड ह्विस्कीहरू आदिले यो पात्र सहरी क्षेत्रमा बस्ने एवम् सानदार जीवन व्यतित गर्ने व्यक्ति हो भन्न सकिन्छ । जस्तैः-

'मसँग जब सत्ता, शक्ति र सम्पत्ति थियो, सबैजना मसँग थिए । जब मेरो हातबाट सत्ता गुम्यो, बत्ति निर्भर पुतलीहरू हराएझैँ भयो मेरो शक्ति र सम्पत्ति पनि ।' (पृष्ठ ३५)

सहरिया परिवेशमा लेखिएका कथाहरूमध्ये 'छिमेकीको छाता र छाडाछोराहरू' कथा पनि एक हो । सम्पन्नशाली एवम् बुज्रुक खालको छिमेकी र आफ्नो स्वविवेक र इमानदारीतामा चल्ने म पात्रले यस कथालाई अगाडि बढाएका छन् । छिमेकीको व्यवहारले साम्राज्यवादी तथा विस्तारवादी नीति अँगाल्ने अमेरिकी एवम् भारतीय समाजको कार्यशैलीको परिचय दिन्छ । कथामा वर्णित म पात्रका छोराहरूका माध्यमबाट भारत र चीन जस्ता मुलुकले नेपालको सीमा हडप्दा पनि लाहाचार भएर हेरिरहने नेपाली आमाका कुपात्र तथा भारतप्रति लुप्त अधिकांश नेपाली नेताहरूप्रति व्यङ्ग्य प्रहार छ ।

कथामा वर्णित छिमेकीको आलिसन महल, बगैँचा, कम्पाउन्ड, महात्माको सालिक, टेलिस्कोप, टावर, कम्प्युटर, बस, स्वीमिङ्ग प्यालेस, स्किडिङ प्यालेस, पार्लर राखेको सिंह आदि विविध विषय हो । यस कथामा सहरीया समाजको प्रतिबिम्ब देख्न सकिन्छ । जसले रवाफिलो शैली र विस्तारवादी नीतिलाई प्रष्ट्याउँछ । जस्तैः-

'तिम्रो घरबाट आउने आवाजले गर्दा मेरो घरको सिंह राम्ररी सुत्न पनि पाउँदैन, तिमीहरू सुध्रिएनौ भने राम्रो हुने छैन ।' (पृ.३८)

'यो मेघ आएपछि ओढ्ने छाता नभएर सुरक्षा छाता हो ! मालिकले पठाउनु भएको ।' (पृ.४२)

'म पनि कुकुर !' कथा विकसित एवम् सहरिया समाजमा आधारित भएर लेखिएको कथा हो । हिजोसम्म फूटपाथमा हिँड्ने मानिसहरू केही व्यक्तिका पछि लुतपुत्याएर छोटो समयमा नै मालामाल भएको विषयलाई रोचक एवम् प्रतिकात्मक शैलीमा प्रस्तुत गरिएको छ । कथामा प्रयोग भएका बक्सर, डोभर म्यान, गोल्डेन रिटिचर, ल्याब्राडोर, सेफर्ड, जापानिज स्पिज जस्ता विकसित कुकुरको प्रयोगले शाब्दिक अर्थमा विशेष गरी सहरिया समाजमा पालिने पाल्तु कुकुरहरू बुझिन्छ भने प्रतिकात्मक अर्थमा नाम चलेका भनिने व्यक्तिहरू पनि आफ्नो दुनो सोझाउन स्वामीसँगै लुतपुताउँदै हिँड्ने प्रवृत्तिलाई बुझाउँछ । जस्तैः-

'जब तिनीहरूले समयअनुसार कुकुर अवतार धारण गर्न सिके तब तिनको स्तरमा रातारात परिवर्तन भएर छिट्टै नै स्वामीमा रूपान्तरण भएका थिए ।' (पृ.५४)

'जीवनमा सफल बन्न कुकुर बनेका मेरा स्वामीहरूका जीवनचर्याले नै मलाई कुकुर बन्न प्रेरित गरेको थियो भन्ने कुरामा कुनै शङ्का थिएन ।' (पृ.५४)

'ऊ एक पात्र लोकतन्त्रको' कथामा काठमाडौँको परिवेश रहेको छ । काठमाडौँको बागबजारमा चिया पसल गरी बसेको ऊ पात्रको छोरा लोकतन्त्र प्राप्तिका लागि गरिएको जनआन्दोलनमा सहिद बनेको थियो । नेपालको राजधानी काठमाडौँको पनि मुटु मानिने बागबजारमा दिनभरि चिया बेचेर प्राप्त भएको पैसाले पेट पाल्ने, नाङ्गो ढाक्ने र औषधीउपचार गर्ने पैसा जुटाउनुपर्ने ऊ जस्ता हजारौँ व्यक्तिहरूको सामूहिक कथा भएकाले सहरी क्षेत्र भए पनि अभावको पीडामा बाँच्नु पर्ने नेपाली समाजको यथार्थ चित्रण यस कथामा गरिएको छ । जस्तैः-

'काठमाडौँको बागबजार, त्यसभित्रको सानो गल्ली, गल्लीको छेऊमा रहेको एउटा सानो चिया पसल । कोठाभित्र उसकी स्वास्नी प्रसव वेदनाले छट्पटाइरहेकी थिई । कित्लीको टुटीबाट निस्किएको बाफलाई हेर्दै ऊ सोचिरहेको थियो- यस पटकको बन्द र चक्का जामले उसकी स्वास्नीलाई खाने त होइन ? (पृ.५९)

'साँझसम्म तीनचार सय भइहाल्छ की ! त्यसपछि अस्पताल जाऔँला ।' (पृ.६१)

'मिकी माउस' कथाको शीर्षक नै आधुनिकता झल्काउने प्रकृतिको छ । डार्विनको विकासवादको मान्यतासँग मेल खाने उक्त कथामा विकसित समाजको प्रतिनिधित्व छोराहरूले गरेका छन् । पाँच/छ वर्षको उमेरसम्म क-ख, A-B सिक्न नसक्ने वर्तमान नेपाली समाजमा कथाकारले समयको गतिसँगै छोराछोरीहरूले विश्वका अनौठा गतिविधिहरूको देखासिकी गरिरहेको र समय बित्दै जाँदा समयको गतिको मर्म वर्तमान बाबुआमाले बुझ्नुपर्ने सन्देश दिएका छन् । मुखमा माड लगाउन नसक्ने वर्तमान नेपाली समाजको अवस्था विपरित मिकी माउसको चाहना राख्नु, चिल्ड्रेन पार्क चाहर्नु, बच्चाको इच्छाअनुसारका सरसामानको जोहो गरिदिनु, बच्चाको मनोविज्ञानअनुसार चल्ने प्रयास गर्नु, सुपरमार्केटदेखि रेष्टुराँसम्मको पहुँच, टि.भी., डि.भी.डी.देखि भिडियोपार्लरसम्मको प्रयोग आदिको महत्त्वाकांक्षी कल्पना गर्दै कथावस्तु अगाडि बढाउनु, सहरी, विकसित एवम् शिक्षित समाज सापेक्ष रहेको कुरा निम्न वाक्यांशबाट प्रष्ट हुन्छ :-

'मिकी माउसको पछिपछि थिए एक्काइसौँ शताब्दीका हाम्रा बच्चाहरू र तिनको पछिपछि कुँदिरहेका थियौँ हामी बीसौँ शताब्दीका आउटडेटेड बा आमाहरू ।' (पृ.६६)

'मेरो ग्राण्डफादर एक्काइसौँ शताब्दीका लागि मिकी माउस बन्न सक्नुहून्छ भने तँपाई बाइसौँ शताब्दीको स्वागतमा लिभिङ मेशिन किन बन्न नसक्ने ड्याड ? लेट्स गेट रेडी ड्याड ! यति भन्दै मेरो नातीले आफ्नो शरीरबाट बाबुको शरीरमा रङ्गी बिरङ्गी विकिरणहरू फाल्यो ।' (पृ.७१)

'सिंहदरबारको एउटा बन्द कोठा जहाँ नयाँ नेपालका नेताहरू बसिरहेका थिए' भन्ने वाक्यांशबाट सुरु गरिएको 'नयाँ राजाहरू' कथामा राजनीतिक दलको नृत्य देखाइएको छ । 'नारायणहिटीका चमेराहरू' कथा नेपालको राजधानी काठमाडौँको परिवेशलाई लिएर लेखिएको कथा हो । कथा प्रतिकात्मक भएकाले नारायणहिटी भन्नाले राजा र चमेराहरू भन्नाले राजासँग आश्रित भएर बस्ने व्यक्ति, परिवार र समुदाय भन्ने बुझिन्छ । ठाउँ सहरी भए पनि राजा र राजसंस्था होउञ्जेलसम्म मालामाल भएको र

राजा हटेपछि पेटमा माड लगाउन अप्ठ्यारो भएको उल्लेख छ । राजा र राजसंस्थामा आश्रित समुदाय राजा अधिकारविहीन भएपछि विचल्लीमा परेको र उनीहरूले अर्को दरबारमा फेरि नयाँ राजा आउन सक्ने आशामा चलखेल गर्न थालेको कुरालाई रोचकशैलीमा प्रस्तुत गरिएको छ । जस्तैः-

'नारायणहिटीको जूठोपूरो त तिमीहरू सबैले नै खाएका हौ, अहिले उसलाई मात्र किन दोष दिन्छौ हँ ? बरु अब भोलिका दिनहरूमा के खाने भन्ने सोच । हिजो दरबारमा उब्रेको चौरासी व्यञ्जन खाएर मोटाएका कीरा फट्याङ्ग्रा चपाएर हामी बाँचेका थियौँ ।' (पृ.९२)

'कामरेड ! अब ती दिन पुराना भए ...' कथा गाउँले जीवन व्यतित गरिसकेपछि सहर अर्थात् काठमाडौँमा आएर मन्त्री पद पड्काउने पूर्व छापामारको दिनचर्यामा आधारित छ । जीवनशैली परिवर्तन भएर बाथरुममा बस्न पनि घण्टौँ लगाउने, बिहानै ब्रेकफाष्ट चाहिने, पूजापाठमा एकडेढ घण्टा लगाउने, आइसिन्छ, गइसिन्छ जस्ता राजपरिवार तथा उच्च घरानमा प्रयोग गरिने अतिउच्च आदरभाव प्रयोग गर्नुपर्ने, छोराछोरीले पर्याप्त धन खर्च गर्न सक्ने र रातो प्राडो चढ्न सक्ने, यी विविध पक्षले सहरिया जीवनशैलीको झलक पाइन्छ । जस्तैः-

'चुडीदार कुर्ता-पाइजामामा सजिएर ऊ तल झर्नै लागेको थियो कि एउटा चमचमाउँदो रातो प्राडो मन्त्री क्वाटरमा छिऱ्यो ... रातो प्राडो गाडी धुँवा फाल्दै गेटबाट बाहिरियो ।' (पृ.१०४)

शाहको जागिरको प्रतिछायाँ मानिने 'रोजर, सेन्ड ओभर' काठमाडौँ उपत्यकाभित्रको विषयवस्तुमा केन्द्रित भए जस्तै यो कथा पनि त्यस विषयभन्दा टाढा छैन । काठमाडौँ उपत्यकाका सहर मानिने कलंकी, स्वयम्भू, रत्नपार्क, सुन्धारा ... चाहविल आदि ठाउँको प्रत्यक्ष घटनाक्रम देखाइएकाले काठमाडौँ उपत्यकाकै सचित्र पाठकसामू नाचिरहेको हुन्छ । आफ्नो अधिकारका लागि केही समययता प्रायः जसो राजधानी र देशका प्रमुख सहरहरूमा चक्काजाम गर्ने, नाराबाजी गर्ने, तोडफोड गर्ने जस्ता क्रियाकलाप भइरहेका र त्यसको रोकथामका लागि अधिकार प्राप्त अधिकारीले भरपर्दो जवाफ तथा आदेश नदिँदा प्रहरी अधिकृतहरू रनभुल्लमा परेको विषयले पनि प्रवेश पाएको छ । आफ्नो अधिकार प्राप्तिका लागि व्यक्ति, परिवार, छिमेक, समाज, संघ-संस्था तथा अन्य समूहहरू लागि परिरहेका छन् । अधिकारका लागि गरिने आन्दोलन र आन्दोलनको सुनुवाइ गर्ने नेपाल सरकार मौन

रहँदा नेपाली जनताहरू मारमा परेको र विभिन्न व्यक्ति तथा समाजले दुःख व्यहोर्नु परेको यथार्थता यस कथामा पाइन्छ । आफ्नो सुरक्षाका लागि पटक-पटक प्रहरी प्रशासन समक्ष हारगुहार गर्दा पनि चाँसो नदेखाउनुले एकादिउँसै राजधानीको प्रहरी कार्यालय अगाडि भाला खाएर व्यक्तिले ज्यान गुमाएकाले अहिले काठमाडौँ लगायत सहरी तथा ग्रामीण क्षेत्रको समाज पनि असुरक्षित रहेको स्पष्ट हुन्छ । जस्तैः-

'एकजनाले उसको छातीमा हुरी रोप्यो, दोस्रोले खुकुरीले हात छिनायो, तेस्रोले खुँडाले उसको टाउकोमा प्रहार गऱ्यो । (पृ.१२०)

'घटनास्थलमा भर्खर क्रूरतापूर्वक मारिएको मान्छेको लास थियो ... हत्याराहरू क्षणभरमा गायभ भइसकेका थिए, अशान्त काठमाडौँलाई झन् अशान्त पार्दै ।' (पृ.१२०)

कथाकार महेशविक्रम शाहका अधिकांश कथा सहरिया परिवेशमा घटेका विषयका आधारमा लेखिएका छन् । सहरिया समाजको चित्रण गर्दा राजनीतिक घटनाहरूले ठाउँ पाएका छन् । वर्तमानकालीन राजनीति र यसले सहरीया परिवेशमा पारेको प्रभाव र यसबाट समाजले बेहोर्नु परेका कष्टहरूलाई यस सङ्ग्रहले पाठकसामू पुऱ्याउन सफलता पाएको छ ।

### ५.५.१.२ 'काठमाडौँमा कामरेड' कथासङ्ग्रहमा प्रयुक्त ग्रामीण समाज

**काठमाडौँमा कामरेड** कथासङ्ग्रहका अधिकांश कथाहरू सहरी परिवेशमा लेखेर सहरिया यथार्थता प्रष्ट भए पनि लेखक स्वयं ग्रामीण परिवेशमा हुर्किएको र कथामा ग्रामीण जनजीवनले प्रभाव पार्दछ भन्ने स्वयम् कथाकारको अभिव्यक्तिले कथाहरूमा ग्रामीण जनजीवनका संकेतहरू भेटिन्छन् । 'काठमाडौँमा कामरेड' शीर्षकको कथाको ऊ पात्र काठमाडौँको खुल्ला मञ्चमा भए पनि समय-समयमा ग्रामीण परिवेश, परिवार, साथीभाई तथा समाजले झक्झकाइरहेको देखिन्छ । जस्तैः-

> 'ऊ छिनभरमा भावुक बन्यो । उसका आँखा अगाडि आफ्नो गाउँ नाच्यो, आफ्नो घर नाँच्यो र नाचे युद्धकालीन दिन र रातहरू ।' (पृ.२)
>
> 'ऊ भने युद्धको समाप्ति पश्चात् आफूले काठमाडौँका लागि गाउँ छोड्दादेखिको दृश्य झल्झली सम्झिरहेको थियो ।' (पृ.४)

तराईमा क्रियाशील राजनीतिक दल र तिनीहरूको क्रियाकलापले तराईकै समग्र समाजमा पारेको असर, बेहोर्नु परेका दुःख-पीडा, त्रास, आतंक एवम् त्यहाँका जनतालाई स्वार्थ पूरा गर्न हतियारको रूपमा प्रयोग गर्ने र परिआउँदा राम हेर्ने प्रवृत्तिलाई 'गुलावसिंह बन्यो विष्फोट सिंह' कथामार्फत् देखाइएको छ । कथामा वर्णित गुलावसिंह तिनै राजनीतिक दलका कारण विष्फोट सिंह बनेको र त्यहाँका मानिसलाई हातखुट्टा भाँचिदिने, मार्ने, पहाडिया समाजका मानिसहरूलाई निकालिदिने, आगो लगाउने, बम पड्काउने जस्ता कार्यकलापमा संलग्न छ । यस्ता क्रियाकलापले सम्पूर्ण तराईको समाज नै भयवित बनेर बाँच्नु परेको यथार्थता झल्कन्छ । जस्तै :-

> 'चुनाव मे विष्फोट सिंह चाहिँ त सर ! विष्फोट सिंह बिनाके चुनाव कथी चुनाव ? उमेद्वारके हत्या, अपहरण, बुथकब्जा नै करवै ।' (पृ.२३)

> 'के काङ्ग्रेसवला, कम्युनिष्टवाला, प्रजातन्त्रवादी, गणतन्त्रवादी, मधेशवादी, चुरेवादी, अरू के-के पार्टी छन् नि यस देशमा तिनीहरू सबै आउनुपर्ने हो मलाई भेट्न । विहारीबाबु त झनै छुट्नै नपर्ने हो । म नभई कसरी चल्छ तिनीहरूको राजनीति यो मधेशमा ?' (पृ.१९)

'क्यान्टोनमेन्ट' कथा एउटा बन्द शिविरभित्र बसेका छापामारहरूको क्रियाकलाप र उनीहरूको मानसिकता एवम् भोलिको स्थितिको विषयमा लेखिएको कथा हो । माओवादी पार्टी एउटा सर्वहारा, भूमिहीन, गरिब, दुःखी, उत्पीडित अल्पसंख्यक आदि जातिहरूको हितका लागि संगठित भएर लड्ने उद्देश्यले स्थापित भएको कुरा उसका विभिन्न दर्शन तथा सिद्धान्तहरूमा पाइन्छ । गरिब, दुःखी, सर्वहारा, भूमिहीन, उत्पीडित जस्ता प्रवृत्तिहरू प्रायः सहरिया भन्दा ग्रामीण समाजको परिवेशमा व्याप्त रहेको देखिन्छ । माओवादी छापामारहरू सोही असमानता तथा वर्गीय समाजबीचको खाडललाई पूरा गर्न युद्धमा होमिएको र वर्षौंको संघर्ष पश्चात हाल क्यान्टोनमेन्टमा रहेकाले भोलिको अनिश्चित भविष्यले कथाको रूप लिएको छ । नयाँ नेपाल निर्माणको लागि मैले घर छोडें, परिवार त्यागें, टाउकोमा कात्रो बेरेर युद्धमा होमिएँ, रातविरात गाउँबस्ती, फाँट, उकाली, ओराली, नदीनाला, जंगलहरू चहारें, लडाइँमा मारिएका साथीहरूका लास देखेर झण्डै आफै लास बनिनँ ... अब फेरि लास बनेर ढल्ने छन्, गाउँबस्ती उजाडिने छन्, उसले आफ्नो घर सम्झ्यो, आफ्ना आमा-बुबा, भाइबैनीहरू र साथीहरू, आफूले लडेका युद्धहरू आदि

वाक्यांशहरूको प्रयोगले यो कथा ग्रामीण परिवेश एवम् ग्रामीण समाजबाट प्रेरित भएको पुष्टि हुन्छ ।

'ऊ, म र वण्डाईबिच' कथा विदेशी पृष्ठभूमिमा लेखिएको कथा भए पनि यसभित्र समग्र नेपाल चित्रित हुन पुगेको छ । ऊ पात्र अष्ट्रेलियामा जन्मे पनि त्यहाँको समाजले स्वीकार नगर्दा उसको अहम्मा चोट पुगेको छ । विदेशमा कामको खोजीमा पुगेका म पात्र जस्ता अनेकौं पात्रलाई त्यहाँको समाजको व्यवहारले समय-समयमा बुढीगङ्गाको बगर, आफ्नै गाउँ, पाखा-पर्वत, वन, पहाड, हिमाल आदि ठाउँमा पुऱ्याउँछ । विदेशका दुःख बिर्सिन नेपालीहरू सगरमाथा, लुम्बिनी, दशैं, तिहार जस्ता चाडपर्व र नेपाली समाजलाई अंगालिरहन्छन् । जसले गर्दा उनीहरूको शरीर त्यहाँ भए पनि मन मस्तिष्क आफ्नै समाज, रीतिरिवाज, चालचलन र समग्र नेपालप्रति तल्लिन रहने कुरा तलका वाक्यांशबाट पुष्टि हुन्छ ।

'मान्छे आफू जति टाढा हुन्छ, आफ्नो देश त्यति नै नजिक र प्यारो हुन्छ । ब्याबीले बालुवामा कोरेको नेपालले मलाई वण्डाईविचबाट हुत्याएर बूढीगङ्गाको बगरमा ल्याई पछारेको थियो ।' (पृ.८३)

'ऊ नेपालका पहाडी वनमा फूलेको सुनखरी फूलझैँ थिई स्निग्ध, शान्त, सुरम्य र सौम्य । समुद्रका लहरहरूमाथि तैरिरहेकी थिई ऊ, तर म के कल्पना गरिरहेको थिएँ भने ऊ फेवा र राराको नीलो पानीमा डुबुल्की मारिरहेकी छ ।' (पृ.८५)

'कामरेड ! अब ती दिन पुराना भए ...' कथा कामरेडको परिवर्तित जीवनशैलीमा आधारित भएर लेखिएको कथा हो । कामरेड मन्त्री बनिसकेपछि मन्त्री क्वाटरमा भोज मस्ती र सहरिया शैलीमा बसेको छ तर उसको यस अघिको सम्पूर्ण पृष्ठभूमि ग्रामीण परिवेशसँग सम्बन्धित छ । मन्त्री बन्नु अघि ऊ एउटा छापामार हो । युद्धकालीन समयमा गाउँका कुनाकाप्चा, भीरपाखा, वनजंगलमा समय व्यतित, अन्य कमरेडले जस्तै एकछाक खाने र एकसरो लगाउने, वनजंगलकै दिसापिसाब गर्ने, पुलिसचौकीमा आक्रमण गर्ने जस्ता कार्य ग्रामीण परिवेश र त्यहाँको समाजसँग सापेक्ष थिए । मन्त्री बने पनि उसले ग्रामीण परिवेश, समाज र जीवनशैली भने बिर्सन सकेको छैन । पत्रिकामा छापिएको गाउँको तस्वीरले उसलाई बेचैन बनाएको थियो । तस्वीरमा धुरी भाँच्चिसकेको, लिउन उप्केका, जीर्ण घरहरू, बतासले फोहोर थुपारेको आँगन, रित्ता गाईगोठ र बाख्राका खोरहरू, बाँझो खेतका कालना र पानीविहीन सुख्खा नालाहरू देखिइरहेका थिए । जसले

गर्दा उसलाई कवि सिद्धिचरणको 'मेरो प्यारो ओखलढुङ्गा' कविताको स्मरण गराएको थियो । सशस्त्र द्वन्द्व प्रायः गाउँ केन्द्रित भएकाले विपक्षीबाट बँच्न क. आदर्श, बलिदान, हिम्मत, ज्वाला जस्ता ट्याकनेम प्रयोग गरिएकोले कथा पढ्दा पाठकले तिनै ग्रामीण समाजमा हिडिरहने माओवादी छापामारहरूलाई सम्झन बाध्य गराउँछ । जस्तैः-

'उसले आफ्नो तस्वीर हेर्‍यो, यो ओडारको छेवैमा थियो मेरो घर । बिहान दौड्दै ओढारभित्र छिर्थ्यौं र निमेषभरमा ढुङ्गाको कापमा मलमूत्र त्याग गरेर ढुङ्गाले चाक रगड्दै घर फर्कन्थ्यौं ।' (पृ.९८)

'उसले स्मरण गर्‍यो आफ्ना गरिब बाबुआमालाई जो दिनभर काम गरेर पनि दुईछाक जुटाउन सक्दैन थिए । ... झोपडी जुन हल्का बतासमा पनि हल्लने र जाडोले कठ्याङ्ग्रिएर लुगलुग काँप्ने गर्थ्यो । उसको मन विचरण गर्न थाल्यो गाउँका प्रत्येक घर, आँगन, गोठ, खर्क, बँसी, जंगल, खोलानाला र बगरहरूमा शताब्दीयौँदेखि पिछडिएको एक गाउँ जहाँ एकछाक खानका लागि अन्न हुँदैन, पिउनका लागि पानीको धारो छैन ।' (पृ.९)

'पुतलीचोर' कथा एउटा काठमाडौँ उपत्याकाको गरिब तथा सुकुम्बासी टोलको घटनामा आधारित भएर लेखिएको छ । काठमाडौँ उपत्यकाभित्र पनि अविकसित गाउँहरू रहेको बत्ती, खानेपानी जस्ता सुविधा तथा खान लगाउन नपुग्ने स्थिति भएका ग्रामीण क्षेत्र भएको यस कथामा वर्णित परिवेशले देखाउँछ । यस कथामा सुकुम्बासी समाजको यथार्थपरक शैलीमा चित्रण गरिएको छ । कथामा जीवन व्यतितको भरपर्दो आधार नभएपछि समाज छिन्नभिन्न भएको, समाजमा वेश्यावृत्ति बढेको, चोरी, लुटपाट आदि घटनामा वृद्धि भइरहेको जसले गर्दा समाजमा अशान्ति फैलिएको  देखाइएको छ । यस कथामा वर्णित पात्रहरू घैटे, पुतली, रामे, गुह्ये, बक्सिङ आदि ग्रामीण परिवेश तथा समाजसँग मेलखाने खालका छन् ।

'मापुतोकी मेरी' विदेशी पृष्ठभूमिमा लेखिएको कथा हो । म पात्र जागिरको शिलशिलामा अफ्रिकी मुलुक मापुतोमा कार्यरत छ । युद्धको विभिषिकाले आहात भएको देशको घाउमा मलमपट्टि लगाउन जम्मा भएका संघसंस्थाका प्रतिनिधिहरू उल्टै बेश्यावृत्ति जस्ता डर लाग्दा निको हुन समय लाग्ने घाऊ पारेर छाडेको यथार्थता कथामा देखिन्छ । रोग, भोक, शिक्षा-दीक्षा अर्थजस्ता आधारभूत आवश्यकताबाट वञ्चित अफ्रिकी मुलुक मापुतोको निम्नवर्गीय समाजको चित्रण छ । जस्तैः-

'गोराहरूलाई आफ्नो यौवनको शिकार बनाएर हरिया डलर प्राप्त गर्ने लतमा मेरीले आफ्नो सीमा भुलिसकेकी थिई । जङ्गलका शिकारीहरू चिडियाखानामा धाउन थालिसकेका थिए ।' (पृ.१२५)

'सोह्र वर्षको युद्धले जर्जर बनेको मापुतोमा गरिबी थियो । मान्छेहरू भोका थिए, बस्त्रहीन थिए । जीवन निर्वाहका बाटाहरू थिएनन् । पक्की भवनमा बस्नेहरू पनि अन्नको जोहो गर्न नसकेर आक्रान्त बनिरहेका थिए । स्थानीय बासिन्दाहरूको बुताभन्दा बाहिर थियो समानहरूको भाउ ।' (पृ.१२३)

'म त्यतिबेला आश्चर्य चकित भएको थिएँ, जब मैले एयर पोर्टको प्रस्थान कक्षमा मेरी जस्ता भूँडीबोकेका थुप्रै स्त्रीहरू आफ्नो भूँडी छोप्दै क्वाँ-क्वाँ रोइरहेका देखेँ ।' (पृ.१२७)

कथाकार शाहका अधिकांश कथाहरू सहरिया परिवेशसँग मेल खाए तापनि गाउँको प्रतिबिम्ब अधिकांश कथामा लुकेको देख्न सकिन्छ । गाउँले परिवेशका कथा लेख्दा सहरिया र सहरीया परिवेशका कथा लेख्दा गाउँलाई महत्त्व दिएको पाइन्छ । ग्रामीण परिवेशमा हुर्किएको भएकाले उनका कृतिमा त्यहाँको प्रभाव अवश्य भेट्न सकिन्छ ।

### ५.५.२ भाषाको प्रयोग र प्रस्तुति

समाज विविध किसिमको हुने हुँदा त्यहाँ प्रयोग हुने भाषा, बोलिचाली, लवाईखवाई, धर्म, संस्कृति, जीवननिर्वाह पद्धति जस्ता विविध पक्षमा विविधता पाइन्छ । हाल नेपाली समाजमा प्रायः अतिउच्च, उच्च, मध्य र निम्न गरी चार स्तरको भाषाको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहका कथाहरूमा उखान टुक्काको प्रयोग अवधी, थारू, हिन्दी, अंग्रेजी, नेपाली, पर्चुगिज आदि भाषाको प्रयोग भएको छ । भाषाका माध्यमबाट समाजका गतिविधि, मानवीय व्यवहार, जीवनपद्धति, बाँच्ने शैली, देशको विद्यमान अवस्था, भोलिका दिनमा देखिने समस्या आदि पक्षको अध्ययन सहज हुन्छ ।

नेपाली समाजमा अतिउच्च स्तरको भाषा प्रायःजसो राजपरिवार, उच्च घरान, शाह, ठकुरी जस्ता परिवारका सदस्यहरूले प्रयोग गरेको पाइन्छ । अतिउच्च भाषाको प्रयोग भएको घर परिवार आर्थिक रूपमा सम्पन्न भएको, शिक्षित परिवार भएको, जीवनशैली सम्पन्न रहेको कुरा हाम्रो नेपाली समाजसँग परिचित छ । 'गुलाबसिंह बन्यो विष्फोट सिंह' कथामा जेलर साहेब, हममन्त्री बनबई, म गुलाबसिंह थिएँ-भन्ने सिंह

परिवारमा अति उच्च भाषाको प्रयोग हुने देखिन्छ । 'बहुमूल्य चोरीमा' आफ्नो प्रतिष्ठा कमाउन ठाउँ-ठाउँमा इन्स्पेक्टर साहेब, महाशय जस्ता शब्दको प्रयोग भएका छन् । 'कामरेड ! अब ती दिन पुराना भए ...' कथमा म पात्र मन्त्री भएकाले उसको घरपरिवारको भाषा अतिउच्च रहेको देखिन्छ । आइसिन्छ, गइसिन्छ, लिइसिन्छ, झरिसिन्छ आदि शब्दको प्रयोग र मन्त्रीले पत्नीलाई 'रानी' शब्दको प्रयोग गरेकाले यो कथामा अति उच्च भाषा रहेको देखिन्छ । 'मापुतोकी मेरी' कथामा मेरीले म पात्रलाई पोर्चुगिज भाषामा सिन्योर (श्रीमान्) भन्ने शब्दको प्रयोग गरेकाले त्यहाँ पनि अति उच्च भाषाको प्रयोग हुने पुष्टि हुन्छ ।

नेपाली समाजमा धेरै मात्रा प्रयोग हुने तँपाई, हजुर, तिमी, उनी आदि शब्दको प्रयोग यस सङ्ग्रहका अधिकांश कथामा भएको छ । 'हराएको देश खोज्दै जाँदा', 'ऊ पनि काठमाण्डू', 'बहुमूल्य चोरी', 'क्यान्टोनमेन्ट' , 'म पनि कुकुर' , 'छिमेकीको छाता र छाडा छोराहरू', 'ऊ एक पात्र लोकतन्त्रको', 'मिकी हाउस', 'ऊ, म र बन्डाइविच', 'नारायणहिटीका चमेराहरू', 'कामरेड ! अब ती दिन पुराना भए ..', 'रोजर सेन्ड ओभर !' 'बहुमूल्य चोरी', 'क्यान्टोनमेन्ट', 'म पनि कुकुर', 'छिमेकीको छाता र छाडा छोराहरू', 'ऊ एक पात्र लोकतन्त्रको', 'मिकी माउस', 'ऊ, म र बन्डाइविच', 'नारायणहिटीका चमेराहरू', 'कामरेड ! अब ती दिन पुराना भए ..', 'रोजर सेन्ड ओभर', 'मापुतोकी मेरी', आदि कथामा उच्च तथा मध्यम दुवै खालको भाषाको प्रयोग भएको छ । 'काठमाडौँमा कामरेड', 'हराएको देश खोज्दै जाँदा', 'गुलाबसिंह बन्यो विष्फोट सिंह', 'बहुमूल्य चोरी' 'छिमेकीको छाता र छाडा छोराहरू', 'क्यान्टोनमेन्ट', 'म पनि कुकुर', 'ऊ एक पात्र लोकतन्त्रको', 'मिकी माउस', 'नयाँ राजाहरू', 'थुप्तेन ग्याछो', 'ऊ म र वण्डाईविच' 'नारायणहिटीका चमेराहरू', 'कामरेड अब ती दिन पुराना भए ..', 'पुतली चोर' आदि कथामा निम्नस्तरको भाषाको प्रयोग पनि भएको देखिन्छ ।

कथाकार शाहले आफ्नो जागिरको अनुभवको आधारमा 'रोजर सेन्ड ओभर', 'बहुमूलय चोरी' जस्ता कथाहरू लेखेकाले कार्यालयीय अर्थात् प्रहरी प्रशासनभित्रै जीवित केही छाडा शब्दको प्रयोग भएको देखिन्छ ।'रोजर सेन्ड ओभर ! ' कथामा प्रहरी प्रशासनमा चलिरहने कोड शब्दहरूको (अलफा, किलोवान, ब्रेभो, चार्ली, डेल्टा, इको, लिमा) प्रयोग अधिक भेटिन्छ । सहरी परिवेश तथा विदेशी पृष्ठभूमिमा लेखिएका कथा भएर होला प्रायजसो कथामा अंग्रेजी शब्दहरूको बाहुल्यता देख्न सकिन्छ । कथामा प्रयोग

भएका -'भएभरका कुटाकोदाला भकारीभित्र थन्काइसके', 'युद्धका अन्तिम हतियार भनेका जनता हुन्', 'धर्म मान्छेका लागि अफिम हो', 'फूलहरू फूल्छन् तर बसन्त ऋतु हुँदैन', 'बिहान घर आउन भूलेको मान्छे यदि साँझ घरफर्की आयो भने त्यसलाई भुलेको मान्नु हुन्न', 'जंगलका शिकारीहरू चिडियाखानामा धाउन लागेका थिए' यी विविध प्रतिकात्मक वाक्यांश, महत्त्वपूर्ण भनाई, उखान टुक्का आदिको प्रयोगले शाहको उच्च कथाकारिताको पुष्टि हुन्छ । कथामा प्रयोग भएका नेप्रेका, नाप्छन्, खप्की खाएर, लग्छु, लछार्दै, गल्छेँडातिर, ताण्डवनृत्य, ठहका, खिस्रिक्क, पङ्गु, बजिया, लछारपाटो, लाटोबुङ्गो, खिसीटिउरी, चाक, आइज, कति नाठा पालेकी छस्, रन्डी ! घैँटे, पुतली, बक्सिङ, गुह्ये आदि पात्र एवम् शब्दहरूको अधिकांश प्रयोगले कथालाई रोचक, कौतुहलतापूर्ण बनाएको छ र नेपाली समाजको झझल्को पाठकसामु पुऱ्याइदिन्छ ।

## ५.५.३ पेसागत विविधताको वर्णन र प्रस्तुति

नेपाली समाज विविधताले भरिएको हुनाले यहाँ बस्ने मानिसले अँगाल्ने पेसा पनि फरक-फरक किसिमको हुन्छ । 'काठमाडौँमा कामरेड' कथामा वरिष्ठ कामरेड, कनिष्ठ कामरेड आदि पात्रको पेसा राजनीति हो अन्य पात्रमा ड्राइभर, सुरक्षाकर्मी र सर्वसाधारण रहेका छन् । 'ऊ पनि काठमाण्डू' कथामा वर्णित ऊ पात्र कलेजकी छात्रा हो । उसको पेसा अध्ययन देखिए पनि अप्रत्यक्ष रूपमा कतै नगरवधु त होइन भन्ने प्रश्न उठान गर्दछ । 'हराएको देश खोज्दै जाँदा' कथामा म पात्रको कुनै पेसाको उल्लेख छैन । कथाका अन्य पात्रहरू प्रहरी, राजनीतिकर्मीहरू र सर्वसाधारण देखिन्छन् । 'गुलाबसिंह बन्यो विष्फोटसिंह' कथामा गुलाबसिंह राजनीतिक दलको पेसेवर गुण्डाका रूपमा र म पात्र जेलको एउटा कर्मचारी अर्थात् जेलर हो । 'बहुमूल्य चोरी' कथामा विश्वमानका अनुसार र कोठाको अनुसन्धानबाट खुलेको रहस्यबाट नेपाल सरकारको भूतपूर्व कर्मचारी (जो परराष्ट्र सचिव हुँदै राजदूतसम्म बनेको थियो) ठहर्दछ । म पात्र भने एउटा प्रहरी अधिकृत हो ।

'क्यान्टोनमेन्ट' कथामा वर्णित पात्रहरू समायोजनको पर्खाईमा बसेका पूर्व लडाकुहरू हुन् । 'छिमेकीको छाता र छाडा छोराहरू' कथामा रहेको छिमेकी एउटा निरङ्कुशकक तर पुँजीपति व्यक्ति हो । म पात्र भने देशको भलो चाहने इमान्दार एउटा कृषक देखिन्छ । 'ऊ एक पात्र लोकतन्त्रको' कथामा ऊ पात्रले राजधानीको एउटा गल्लीमा चिया पसल गरेर बसेको छ । 'म पनि कुकुर' कथामा म पात्रले स्पष्ट कुनै पेसा

नअंगाले पनि ऊ चाप्लुसी गर्दै आफ्नो स्वार्थ पूरा गर्न तल्लिन देखिन्छ । नयाँ राजाहरू कथामा वर्णित पात्रहरूको राजनीति गर्ने र मन्त्री वा राजा बन्ने एक मात्र उद्देश्य रहेकाले यिनीहरूको पेसा राजनीति हो । 'ऊ, म र वण्डाईविच' कथाको म पात्र कामको खोजीमा विदेशिने श्रमिक हो । 'कामरेड ! अब ती दिन पुराना भए ...' कथाको ऊ पात्र मन्त्री हो । उसकी श्रीमती गृहिणी र छोराछोरी विद्यार्थी हुन् । कथामा वर्णित अन्य पात्रहरू युद्धकालका साथहिरू र सर्वसाधारण जनता हुन् । 'पुतलीचोर कथा'मा घैंटे, गुह्ये, रामे, बक्सिङ पात्रहरूको प्रमुख पेसा चोरी चाकरी हो र पुतली चाहिँ उनीहरूको दुःखमा काम लाग्ने नगरवधु हो । 'रोजर, सेन्ड ओभर !' कथामा विशेष गरी प्रहरी अधिकृतको मानसिकताको चित्रण गरिएको छ । यस सङ्ग्रहको अन्तिम कथा 'मापुतोकी मेरी'मा म पात्र मोजाम्बिकमा शान्ति स्थापनार्थ गएको प्रहरी कर्मचारी हो भने मेरी चाहिँ जीवन धान्न वेश्यावृत्तिमा लाग्ने मापुतो सहरकी प्रतिनिधि पात्र हो ।

### ५.५.४ राजनैतिक पक्षको वर्णन र प्रस्तुति

राजनीतिक विषयवस्तुको प्रचुरता रहेको यस कथासङ्ग्रहका कथामा नेपालको समसामयिक राजनीति र यसको परिवर्तनले समाज तथा सिङ्गो देशमा पारेको प्रभावलाई प्रस्तुत गरिएको छ । शाहले यस सङ्ग्रहको 'मेरो भन्नुमा' यो कथा सङ्ग्रहमा संक्रमणकालीन नेपालका विभिन्न शब्दचित्रहरू समेटिएका छन् भन्ने उल्लेख गरेकाले यो कथा समसामयिक नेपाली राजनीति र संक्रमणकालीनताबाट मुक्त छैन भन्ने कुराको पुष्टि हुन्छ । अहिलेको नेपाली समाज नेपाली समाजमा राजनीतिले पारेको प्रभाव, त्यसको प्रभावमा हुर्किएको अहिलेको पुस्तामा देखिएका संस्कारजन्य विकृतिहरू प्रस्तुत कथासङ्ग्रहमा समावेश गरिएका छन् (२०६५ : २) । यस सङ्ग्रहभित्र 'काठमाडौँमा कामरेड', 'हराएको देश खोज्दै जाँदा', 'गुलाबसिंह बन्यो विष्फोट सिंह', 'छिमेकीको छाता र छाडा छोराहरू', 'क्यान्टोनमेन्ट', 'ऊ एक पात्र लोकतन्त्रको', 'नयाँ राजाहरू', 'नारायणहिटीका चमेराहरू', 'कामरेड अब ती दिन पुराना भए ...' आदि कथाहरूमा राजनीतिक विषयले ठाउँ पाएका छन् ।

'काठमाडौँमा कामरेड' कथामा दश वर्षे सशस्त्र युद्ध पश्चात् नेपाली राजनीतिमा भाग लिएको माओवादीले काठमाडौँको खुल्ला मञ्चमा गर्न लागेको कार्यक्रम र यसका लागि चन्दा उठाउन प्रयोग गरिएको हतियार एवम् हतियारविहीन हुँदाको मानसिकता

चित्रित छ । कथामा प्रयोग भएका वरिष्ठ कामरेड, कनिष्ठ कामरेड, कामरेड आदि पात्रहरूको प्रयोगले कथा राजनीतिसँग सम्बन्धित देखिन्छ । 'युद्धका अन्तिम हतियार जनता हुन्' (पृ.३) भन्ने माओको विचारबाट जनतासँगको सहकार्यविना कुनै पनि कार्य सफल हुँदैन तसर्थ समाज एवम् जनताको इच्छा बमोजिम कार्य गर्दै तिनीहरूको आवाज बोकेर हिँड्नुपर्ने सन्देश यस कथाले दिन खोजेको छ । जस्तै :-

'आवाज बोकेर हिँडिरहेका निःशस्त्र मान्छेहरूको भीडमा हराउँदा उसलाई नौलो अनुभूति भयो । उसले युद्ध जित्ने नयाँ तरिका र विधि भेट्यायो जसलाई उसले यसभन्दा अघि बोध गर्न सकेको थिएन ।'(पृ.५)

'हराएको देश खोज्दै जाँदा कथा' पनि राजनीतिबाट मुक्त छैन । कथामा म पात्रको छोरो अर्थात् ऊ पात्र आफ्नो देशभित्रै हराएको देश खोज्न घरबाट निस्किएको हो । छोराको पत्तो गर्न निस्किएको म पात्रले छोरो खोज्न पुलिस प्रशासन लगायत राजनीतिक दलका नेता तथा कार्यकर्ता र तिनीहरूका कार्यालयमा पुग्दा देश त हराएको छैन, देश भनेकै हाम्रो पार्टी हो, देश हराउने अन्य पार्टी होलान् ! जस्ता प्रतिप्रश्नले म पात्र नै अलमलमा पर्दछ । अन्त्यमा उसले सिंहदरबारको गेट हिर्काउँदै गरेको अवस्थामा पुलिसले पक्राउ गर्दै भ्यानमा कोचिरहेको देख्छ । सिंह दरबारभित्र राज गर्ने राजनीतिक दल र तिनीहरूका क्रियाकलापले देशभित्रै देश बिलाउन बाध्य भएको यथार्थता कथामा प्रष्ट देख्न सकिन्छ ।

राजनीतिक दल र तिनीहरूका क्रियाकलापको पराकाष्टको परिचय 'गुलाबसिंह बन्यो विष्फोटसिंह' कथामा दिइएको छ । तराईका जिल्लाहरूमा राजनीतिक दलका नेताहरूले गुलाबसिंह जस्ता मान्छेहरू कसरी विष्फोट सिंह बनाइरहेका छन्, गुलाबसिंह कुन उद्देश्य लिएर विष्फोटसिंह बन्न पुगे, राजनीतिक दलका कारण यहाँका समाजले के कस्तो पीडा भोग्नु परेको छ र नेपालका राजनीतिक दलका नेता तथा कार्यकर्ताको अन्तिम उद्देश्य के रहेछ ? यी विविध विषयलाई पाठक सामु, छर्लङ्ग पारिएको छ । जस्तैः-

'ऊ जेल पर्नु पनि नेताहरूकै राजनीतिक चालको एक अंश थियो । उसलाई विश्वास नै लागेको थिएन की मधेशको राजनीतिक विभिन्न दाउपेचमा पार्टीका नेताहरूलाई उसले पुऱ्याएको बहुपक्षीय सहयोग बेकारमा गयो ।'(पृ.२०)

'उनीहरूले मलाई एकअर्काका विरुद्ध प्रयोग गरे । मैले कहिले काँग्रेसलाई समर्थन गरेँ, कहिले कम्युनिष्टलाई र कहिले काँग्रेसका मारेँ त कहिले कम्युनिष्टका ! कहिले पहाडिया भनाउँदाहरूका हातखुट्टा भाँच्दै घरबाट निकालेँ ... ।' (पृ.२१)

'बहुमूल्यचोरी' एउटा व्यक्तिवादी चरित्रप्रधान कथा जस्तो देखिए पनि राजनीतिबाट मुक्त छैन । कथामा ऊ पात्रको सम्बन्ध राजा वीरेन्द्र, रानी ऐश्वर्य, राजपरिवार, बी.पि.कोइराला, जवहरलाल नेहरू, रोनाल्ड रेगन, एलिजावेथन, इजिप्टका राष्ट्रपति आदि चर्चित राजनीतिज्ञ तथा राष्ट्रप्रमुखसँग देखिएकाले उसको राजनीतिक व्यक्तित्व प्रष्टिन आउँछ । उच्च तहको राजनीतिक व्यक्तित्वले उसको लवाईखवाई, बसाइको अवस्था, घरको बनावट, प्राङ्गण तथा फूलवारी सजावट, बोल्नेशैली र कुटिल चालबाजीले गृह प्रशासन वा नेपाल सरकारलाई नै निकम्बा सावित गरेको छ । आफ्नो व्यक्तित्वको उठानका लागि जे पनि गर्न तैयार ऊ पात्र देशको समसामयिक राजनीतिक पात्र बन्न पुगेको छ ।

'छिमेकीको छाता र छाडा छोराहरू' कथामा दलको निरीहपनलाई उजागर गरिएको छ । अझ छिमेकी शक्तिको सबैभन्दा ठूलो पुजारी को हुने भन्ने होड चलेकोमा लेखक दिग्दार बनेका छन् । सत्ता बाहिर हुँदा छिमेकी विरुद्ध विद्रोह ओकल्ने नवोदित दल झन् लम्पसार परेकोमा उनको असन्तुष्टि पोखिएको छ (गौतम, २०६५, फागुन १० ) । कथामा वर्णित छिमेकी भन्नाले नेपालका सिमानासँग सिमाना जोडिएका दुई ठूला देश भारत र चीन हुन् भने छाडा छोराहरू भन्नाले नेपालभित्र प्रजातन्त्र, लोकतन्त्र र बहुदलको आडमा स्थापित अनियन्त्रित विचारधारा भएका दलहरू हुन् । यी दलहरू नेपालको अस्तित्वलाई बिर्सेर विभिन्न प्रलोभनमा परी भारतपरस्त भएको देखाइएको छ । भारत र चाइनाजस्ता देशहरू भने सहयोगको नाममा चारैतिरबाट नेपाली भूमिमाथि कब्जा जमाउँदै गएको कुरा छातामार्फत् स्पष्ट पारिएको छ ।

सशस्त्र द्वन्द्व पश्चात् राजनीतिको मूलधारमा आएको एकीकृत ने.क.पा.(माओवादी) र उसका जनसेनाको उचित व्यवस्थापन गर्न भएको सम्झौता बमोजिम क्यान्टोनमेन्टमा राखिएका जनसेनाको मनस्थितिलाई 'क्यान्टोनमेन्ट' कथामा देखाइएको छ । सम्झौता अनुरूपका कामहरू हुन नसक्दा जनसेनाको समायोजन हुन नसकेको र यस विषयले छापामारको भोलिको भविष्य के हुने भन्ने दुविधा थपिएको विषयलाई उठाइएको छ । उचित तरिकाले समायोजन भएन भने भोलिका दिनमा माओवादी फेरि सशस्त्र युद्धमा फर्केला र समाजले फेरि शान्तिको मूल्य चुकाउनु पर्ला भन्ने जगजगी जनसेनामा थपिएको छ । युद्ध सधैँका लागि समाप्त भएर समाजले मुक्तिको स्वास फेर्न पाउन् भन्ने

सामाजिक सन्देश दिएको कथामा छापामारको क्यान्टोनमेन्ट बसाईपछि समाजले सुरक्षाको अनुभूति गर्न पाएको कुरा तलको वाक्यांशले पुष्टि गर्दछ ।

'... युद्ध पूर्णरूपमा समाप्त भएको छ, हातबाट बन्दुक सधैँका लागि छुटेको छ । ऊ विद्रोहीबाट राष्ट्र सेवकका रूपमा परिवर्तित भएको छ । उसले कानुनी अधिकार र अवसर पाएको छ, सबैभन्दा ठूलो कुरो उसले समाजमा सम्मान पाएको छ ।' (पृ. ४७)

'ऊ एक पात्र लोकतन्त्रको' कथामा ऊ पात्रले काठमाडौँको बागबजारको एउटा कुनामा चिया पसल गरेर बसिरहेको छ । उसको छोरो लोकतन्त्रको प्राप्तिका लागि गरिएको आन्दोलनमा सहिद भएको थियो । पसलमा चिया पिउन आउने ग्राहकहरूले लोकतन्त्र र समसामयिक राजनीतिको विषयमा बहस गर्छन् तर लोकतन्त्रको प्राप्तिमा आफ्नो ज्यानको आहुती दिने सहिदहरूको योगदानको चर्चा कसैले नगर्दा उसको मन अमिलो हुन्छ । लोकतन्त्र आइसकेपछि पनि अपेक्षा गरे अनुसारको परिवर्तन भएको छैन। जसको कारण उसकी श्रीमतीले अस्पतालमा जान नपाउँदै मृत्युको मुखमा पर्नु परेको छ । 'कामरेड अब ती दिन पुराना भए' कथामा राजनीति गरेर मन्त्री बन्न सफल भएपछि हिजोका दिनहरू बिर्सेर आफ्नै मोजमस्तिमा लागेको कामरेडको दिनचर्या समेटिएको छ । हिजोका दिनमा जंगल बसेर युद्ध लडेको छापामार मन्त्री बनेपछि युद्धकालीन साथीहरूलाई समेत बेवस्ता गर्दै सुविधाभोगी बनेको र देश तथा समाज विकास भन्दा व्यक्तिवादी एवम् पारिवारिक बन्दै गएको देखिन्छ । राजनीतिक दलका नेताहरू मन्त्री बनेपछि जनताको उन्नती र आर्थिक विकासमा लागिपरेर समतामूलक समाज निर्माण गर्नुको सट्टा आफ्नै भुँडी भर्नपट्टि लाग्ने कु-प्रवृत्तिले देशको आर्थिक, सामाजिक विकासमा अवरोध उत्पन्न भएकाले उक्त कदमप्रति असन्तुष्टि पोखिएको छ ।

'नयाँ राजाहरू' राजनीतिक विषयवस्तुले ओतप्रोत भएको कथा हो । वि.सं. २०६२/६३ को आन्दोलनले राजा र राजसंस्था हटाइसकेपछि पनि राजनीतिक दलका नेताहरू संघीयताको नाममा देशलाई विभाजन गरेर विभाजित राज्यको प्रमुख वा राजा हुने ध्यानमा लागेको विषयलाई नाटकीय शैलीमा प्रस्तुत गरिएको छ । 'नारायणहिटीका चमेराहरू' कथा पनि राजनीतिक विषयबाट अछुत छैन । कथामा नारायणहिटी भन्ने शब्द राजनीतिको पयार्यवाची बन्न पुगेको छ जसले राजाको नीति भन्ने बुझाउँछ । चमेराहरू शब्द राजा वा राज गर्ने वालासँग आश्रित भएर बसेको एउटा छुट्टै समाज भन्ने बुझ्नु पर्दछ । नेपालको इतिहासमा दुई सय बयालीस वर्ष जति नारायणहिटीजस्ता विभिन्न

दरबारको नामबाट राजाहरूले शासन गर्ने गरेको र ६२/६३ को संयुक्त जनआन्दोलनको बलमा पुनर्स्थापित प्रतिनिधिसभाले राजसंस्था हटाउने निर्णय गरेपछि राजा र राजसंस्था पूर्णरूपमा हटेको छ । लोकतान्त्रिक शासन व्यवस्थामा राष्ट्रपति बस्ने शितलनिवास पनि नारायणहिटी दरबार जस्तै बन्ने संकेत देखेपछि नारायणहिटीमा आश्रित प्रतिकात्मक चमेराहरू पुनः शितल निवास तर्फ लागेको कुरा कथामा बढो रोचक शैलीमा देखाइएको छ । जस्तै :-

'किन छैनन् नयाँ मुहान्हरू ! नागार्जुन दरबारमा गए भयो, शितल निवास, बालुवाटार, बहादुर भवन, सिंह दरबार ... दरबारै दरबार जता गए पनि भयो ।' (पृ. ९३...)

'ती चमेराहरू माथि-माथि उड्दै गए, उत्तरदिशातर्फ मोडिए । महाराजगञ्जको शितल निवासतिर पुगेपछि चमेराहरूले धर्तीतर्फ मुख सोझ्याए ।' (पृ. ९५...)

### ५.५.५ धर्म, संस्कृतिको वर्णन र प्रस्तुति

मानवीय संवेदनाको लिखित दस्तावेज साहित्य हो । मानिस र मानिसले गर्ने सम्पूर्ण क्रियाकलापको सम्बन्ध समाजसँग रहेको हुन्छ । पूर्वीय समाज होस् वा पश्चिमा, विकसित वा अविकसित हरेक देश तथा समाजमा आ-आफ्नै धर्मसंस्कृति हुन्छ । प्रसिद्ध वैज्ञानिक अल्वर्ट आइन्सटाइनले पनि अदृश्य शक्तिलाई स्वीकारेको पाइन्छ । प्रसिद्ध समाजशास्त्री लियोवालेन्थलले आधुनिक सभ्य समुदायमा साहित्यको अध्ययन गर्ने भरपर्दो स्रोतको रूपमा धर्म तथा संस्कृतिलाई लिन सकिने विचार प्रकट गरेका छन् (पाण्डेय,सन् १९८९ : १४१) । संस्कृतिलाई जीवनको समग्र पद्धतिका रूपमा समेत अर्का प्रमुख साहित्यिक समाजशास्त्री रेमण्ड विलियम्सले लिएका छन् (घिमिरे, २०५८ : ९४) । दुर्खिमले धर्मलाई धार्मिक विषयको रूपमा नभै सामाजिक जीवनको एक हिस्साको रूपमा व्याख्या गरेका छन् । मानिसले प्राकृतिक रूपमा स्वतः हस्तान्तरण भएर आएका सीप तथा गुणभन्दा बाहेक जे पनि बाँच्नका लागि प्रयत्न गर्दछ । त्यो संस्कृति हो भन्ने धारणा ई.बी. टाइलरको छ (पौड्याल र अन्य, १८३) । यी मान्यता तथा विचारहरूलाई हेर्दा धर्म तथा संस्कृति एउटा मानव समाजसँगै विकसित हाँगो हो, यसको प्रभाव मानिससँग सम्बन्धित रहने जति पनि विषयसँग रहिरहन्छ ।

प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रह भित्र संकलित कथा मध्ये संग्रहित पूर्ण रूपमा धार्मिक विषयवस्तुमा लेखिएको एक मात्र कथा 'थुप्तेन ग्याछो' हो भने अन्य कथाहरूमा धर्म तथा संस्कृतिका केही सन्दर्भहरू मात्र देखा पर्दछन् । थुप्तेन ग्याछो बुद्ध धर्मसँग सम्बन्धित कथा हो । बुद्ध धर्म र गौतम बुद्धको उपदेशका विपरीत विकसित भएका संस्कार तथा कुसंस्कारलाई प्रष्टाउने प्रयास उक्त कथामा गरिएको छ । धर्मको नाममा रेम्पोचे बनेपछि चिल्लो गाडीमा चढ्ने, महंगो मोबाइल बोक्ने, सुनौलो घडी लगाउने तथा सानदार जीवन व्यतित गर्ने परिपार्टीप्रति लेखकको असन्तुष्टि देखिन्छ । बुद्ध धर्ममा सानै उमेरदेखि बालक भिक्षु-भिक्षुणीहरू बुद्ध धर्म र उनका उपदेश सुन्न, बुझ्न र मनन गर्न आफ्ना गुरु समक्ष गुम्बाहरूमा जाने गर्छन् तर बुद्धका असल उपदेश सिक्नुका सट्टा गुरुहरूको जीवनशैली सिकेर बसेका हुन्छन् । शिक्षा, ज्ञान, विज्ञान तथा दर्शन दिनका लागि स्वयं व्यक्ति नियममा आवद्ध रहनु पर्दछ, अन्यथा त्यो शिक्षा केवल देखावटी मात्र हुन पुग्छ । कथाको ऊ पात्र यही रोगको शिकार बन्न पुगेको देखिन्छ । जस्तै :-

'म रिम्पोचे बनेपछि त्यस कुकुरले मेरो पनि खुट्टा सुँघ्नेछ । ... म ठूलो गुरु बनेँ भने मेरो खुट्टामा लुटपुटिने कुकुर मात्र हुने छैन, मेरो नाङ्गो नाडीमा महङ्गो घडी पनि हुनेछ ।'(पृ. ८१)

'महागुरु हात हल्लाउँदै रातो रङको प्राडोमा चढे । गाडीको पछाडिपट्टिको सिटमा उनको बुट्टे कुकुर चढ्यो । महागुरुको मोबाइल बज्यो, उनी मोबाइलमा हाँसी-हाँसी कुरा गर्न थाले । चालकको आसनमा एकजना भिक्षु चढे, गाडीको इन्जिन स्टार्ट भयो र एक धक्का खाँदै गुम्बाको मूल गेटबाट बाहिरियो ।'(पृ. ८२)

'ऊ, म र वण्डाईविच' कथा पूर्णरूपमा धार्मिक विषयमा नलेखिए पनि अंशतः धर्म-संस्कृतिका संकेतहरू भेट्न सकिन्छ । ऊ, र म जस्ता पात्रहरू विकसित देशमा बस्दै आए पनि आफ्नो देश, धर्म, संस्कृतिलाई बिर्सन सकेका छैनन् । नेपाल बुद्ध जन्मेको देश भएकाले यहाँ शान्तिपूर्ण समाज निर्माण र विश्व भातृत्वको सन्देश पुऱ्याई विदेशिने सम्पूर्ण जनताहरूले आफ्नो देश, धर्म-संस्कृति र रहनसहनलाई सम्झेर शान्तिपूर्ण नेपाल निर्माणार्थ लागि पर्नुपर्ने देखाइएको छ ।

'कामरेड ! अब ती दिन पुराना भए ..' कथा राजनीतिक विषयले ओतप्रोत भएको कथा भए पनि बाह्र वर्षसम्म युद्ध गरेको वरिष्ठ कामरेड अन्ततः धर्मकर्मप्रति ध्यान दिँदै समाजसापेक्ष बदलिन पुगेको विषयलाई कथावस्तुको एउटा पाटो बनाइएको छ । मान्छेको

सहज परिवर्तनको माध्यम भनेको समाज हो । समाजले चालेका कदम विपरित मान्छे हिँड्न खोजे पनि पछि आफ्नै धर्म संस्कृतिले डोऱ्याउँछ । वरिष्ठ कामरेड देशमा आमूल परिवर्तनका लागि एकदशक भन्दा बढी लड्दा नास्तिक हुन पुग्छ । भेटाएको समयमा हातमुख समेत नधोइखाने कामरेड मन्त्री बनेपछि नुवाइधुवाई गरेर पूजापाठ पछि मात्र नास्ता पानी गर्ने पूर्खाको धर्म तथा संस्कृतिलाई अँगाल्न पुगेको छ । कम्युनिष्ट आन्दोलनका नायक मानिने माओले 'धर्म मानिसका लागि अफिम हो' भनेको वाक्य अन्ततः वरिष्ठ कामरेडको हकमा पनि लागु हुन पुगेको छ । अन्त्यमा कामरेड स-परिवार पूजापाठका लागि बोको लगेर नयाँ गाडीमा चढ्दै दक्षिणकालीको मन्दिरमा पुगेको छ । तलका वाक्यांशले माथि उल्लेखित विषयलाई सान्दर्भिक बनाउँछ :-

'बाथरुम सिद्धिएपछि मन्त्रीज्यू पूजामा बसिसिन्छ ।'

'पूजामा कति समय लाग्ला ?'

'यस्तै लाग्दा एक डेढ घण्टा ।'

'किन ?'

'किनकि क्वार्टरमा मन्दिर छ र मन्दिरभित्र देउता छन् । देउताको पूजा गरेन भने अपशकुन हुन्छ ।' (पृ. ९८०)

कुनै पनि कृतिको सिर्जनामा त्यहाँको समाज र त्यहाँ जीवित धर्म तथा संस्कृतिले पनि प्रभाव पारिरहेको हुन्छ । छोटो समयकालागि सामाजिक मान्यताबाट बाहिरिन खोजे पनि सामाजिक व्यबस्थाले मानिसलाई अन्ततः समाजले स्विकारेको बाटोमा हिड्न सिकाउँछ जुन **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा देख्न सकिन्छ ।

### ५.५.६ आर्थिक विषमता र समानताको खोजी

समाज विकासको बलियो आधारको रूपमा आर्थिक अवस्थालाई लिन सकिन्छ । जुन देशको आर्थिक अवस्था बलियो छ त्यस देशका अन्य पक्षहरू पनि सोही अनुरूप विकसित हुने अवसर पाउँछन् । विश्व बैङ्कको तथ्याङ्क अनुसार हाल नेपालमा ६५% जनता गरिबीको रेखामुखी रहेका छन् । यसैका कारण लाखौँ जनता अहिले पनि विदेशका गल्ली-गल्लीमा भौतारिरहेका छन् । गरिबीको विषयलाई आधार मानेर साहित्यको सिर्जना गर्ने

प्रचलन पुरानो बनिसकेको विषय हो । गरिबीका यिनै कथा व्यथा प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रहमा पनि व्याप्त देखिन्छ ।

कथाकार शाहको 'पुतलीचोर' आर्थिक अवस्थाको चित्रण गरिएको एउटा उत्कृष्ट कथा हो । काठमाडौँको सुकुम्बासी टोलमा बिहान बेलुका छाक टार्न नसकेर हुनेखानेका घर फोर्दै हिँड्ने पात्रहरूको चित्रण छ । आर्थिक विषमताले सुकुम्बासी बन्न बाध्य भएका व्यक्तिहरूको उचित व्यवस्थापन नहुँदा समाजमै बेश्यावृत्ति, चोरी, डकैती, असुरक्षा जस्ता घटना घट्दै गइरहेको देखिन्छ । 'ऊ, म र वण्डाईविच' कथामा गरिबीका कारण आफ्नो मातृभूमि छाडेर विदेशिनु परेको कथा छ । 'मापुतोकी मेरी' कथामा राजनीतिक अस्थिरताको कारण देशमा गरिबी बढिरहेको र जीवन धान्नका लागि बेश्यावृत्ति जस्ता समाजमै घृणित कार्य गर्न विवश जनताको यथार्थता देख्न सकिन्छ । यो समस्या निम्ताउनमा गृहयुद्ध, अस्थिरता र आर्थिक विपन्नताको कारण हुन सक्छ ।

'काठमाडौँमा कामरेड', 'हराएको देश खोज्दै जाँदा', 'गुलाव सिंह बन्यो विष्फोट सिंह', 'क्यान्टोनमेन्ट', 'ऊ एक पात्र लोकतन्त्रको', 'थुप्तेन ग्याछो', 'नारायणहिटीका चमेराहरू', 'कामरेड ! अब ती दिन पुराना भए ...' यी सबै कथाहरू आर्थिक विपन्नताको कारणले जन्मिएका कथा हुन् । माओवादीको जनयुद्धको मुख्य कारणमध्ये आर्थिक असमानता पनि प्रमुख कारण हो । उसले देशमा हुनेखाने र हुँदा खाने बीच समानता हुनु पर्दछ र राज्यले सबै नागरिकलाई समान अवसर दिनुपर्दछ भन्ने माग राख्दै जनयुद्धको सुरुवात गरेको थियो । यसर्थ उक्त कथासङ्ग्रह लेखनको जग नै आर्थिक असमानता देखिन आउँछ ।

'गुलावसिंह बन्यो विष्फोट सिंह' कथा आर्थिक अवस्था कमजोर भएर विविध प्रलोभनमा परी राजनीतिक दलको सहयोगी बनेर हिँड्ने पात्रको दिनचर्यामा आधारित छ । ऊ पैसा लिएर ज्यान मार्ने, अङ्गभङ्ग गर्ने, तोडफोड गर्ने जस्ता अपराधिक क्रियाकलापमा संलग्न रहेको छ ।

'क्यान्टोनमेन्ट' कथा पनि समाजमा आर्थिक असमानता भएकाले त्यसलाई चिरफार गर्न लडेका छापामारको अनिश्चित क्यान्टोनमेन्ट बसाईसँग सम्बन्धित छ । 'ऊ एक पात्र लोकतन्त्रको' कथामा छोरो देशमा आर्थिक, सामाजिक, राजनीतिक सुधारका लागि बलिदानी दिने सहिद पात्र हो भने उसकी आमा चाहिँ गरिबी र भाँडभैलोका कारण मृत्युको मुखमा परेकी छे ।

'थुप्तेन ग्याछो' धार्मिक विषयमा लेखिएको कथा भए पनि आर्थिक अवस्थाको कारणले गर्दा धर्मको मूल मान्यता नै भुलेर सानदार जीवन जीउन लागि परेको देखाइएको छ । रेम्पोचेले चढ्ने गाडी महङ्गो, घडी, मोबाइल सेट तथा गुरुको तडकभडक आदि कारणले बाल भिक्षुको मनस्थितिमा वृद्ध धर्मका उपदेशका सट्टा आर्थिक रूपमा समृद्ध बनी रेम्पोचे जस्तै बन्ने मानसिकता बसेको देखिन्छ । 'नारायणहिटीका चमेराहरू' कथामा आर्थिक अवस्थाकै कारण राजाको आश्रयमा बसिरहनुपर्ने स्थिति बनेको छ ।'कामरेड ! अब ती दिन पुराना भए ...' कथामा मन्त्री बनेपछि देशको ढुकुटी सिध्याएर आर्थिक रूपमा समृद्ध बन्ने ध्यानमा लागेको देखिन्छ । देश विकासका लागि बाधक बनेर देश र जनताको लागि छुट्याएको रकमको दुरूपयोग गरी चिल्ला गाडीमा सयर गर्ने र देशलाई धरासायी बनाउने कार्य निन्दनीय बनेको छ । 'छिमेकीको छाता र छाडा छोराहरू' कथामा आर्थिक रूपमा सम्पन्न छिमेकीको कार्यशैलीको व्याख्या छ । ऊसँग पचास रोपनी जग्गा, आलिसान महल, फूलबारी, कार, बगैँचा, ताल, डरलाग्दो जीवित सिंह आदि सम्पत्ति छ । म पात्र भने एक रोपनी जग्गामा घर बनाई जहान छोराछोरी पाल्ने आर्थिक रूपमा निम्नखालको पात्र हो । आर्थिक रूपमा समृद्ध छिमेकीमा साम्राय तथा विस्तारवादी शैली छ भने म पात्रमा इमानदारिता, आत्मसम्मान तथा स्वविवेकीपन भेटिन्छ । यस सङ्ग्रहभित्र देखिने केही उदाहरणहरू यस प्रकार छन् :-

'औँलामा थुक लगाई-लगाई दायाँ हातले नोटको गन्ती गरिरहेको आफ्नै कमान्डरलाई हेर्दै ऊ सोचिरहेको थियो-सर्वहारा वर्गको शासन व्यवस्थाका लागि बन्दुक समातेर वर्षौं लडेको उसको कामरेड कति छिट्टै साहूका रूपमा परिणत भइसकेछ !' (पृ. ४)

'ऊ आलिसान महलको मालिक थियो । वरिपरि कम्पाउण्ड थियो । कम्पाउण्डभित्र फलफूलको बगैँचा थियो जहाँ वर्षैभरि मीठा-मीठा फलहरू लाग्थे । महलभित्रै सुन्दर, मनोहारी र रमणीय तलाऊ थियो ... टेलिस्कोप र दुर्विन ... ।' (पृ.३६)

'बाहिर चक्काजाम छ ! आज पसल पनि त्यति राम्ररी चलेन । बिहानदेखि अहिलेसम्म डेढ दुई सय रूपैयाँ मात्र भएको छ । त्यतिले तिम्रो अस्पताल खर्च पनि पुग्दैन । जति दुखे पनि सहने कोशिस गर बलेकी आमा ।' (पृ. ६१)

'रातदिन पसिना काढेर कमाएको डलरको केही हरिया नोटहरू तिनीहरू आफ्नो पीडामा मलम लगाइरहेका थिए ।' (पृ. ८४)

'मैले उसलाई नियाल्दै भनँ - म पनि तिम्रो बाबु जस्तै कामको खोजीमा आएको हुँ । देशमा पेट पाल्ने बाटो नभेटेपछि परदेशको भूमि टेकेको हुँ ब्यावी !' (पृ.८८)

'नारायणहिटीको जूरोपूरो त तिमीहरू सबैले नै खाएका हौ, अहिले उसलाई मात्र किन दोष दिन्छौ हँ ? बरु अब भोलिका दिनहरूमा के खाने भन्ने सोंच । हिजो दरबारमा उब्रेको चौरासी व्यञ्जन खाएर मोटाएका कीरा फट्याङ्ग्रा चपाएर हामी बाँचेका थियौँ ।' ( पृ. ९५)

'शताब्दीयौँदेखि पिछडिएको एक गाउँ जहाँ एक छाक खानका लागि अन्न हुँदैन, पिउनका लागि पानीको धारो छैन । युवाहरूले छाडेको त्यो गाउँ जहाँ रोगग्रस्त बूढाबूढीहरू मात्र आ-आफ्नो घर रुँगेर बसिरहेका छन् ।'(पृ. ९६)

'चुडीदार कुर्ता-पाइजामामा सजिएर ऊ तल झर्नै लागेको थियो कि एउटा चमचमाउँदो रातो प्राडो मन्त्री क्वार्टरको गेटभित्र छिऱ्यो । गाडी उसको छोरो शक्तिले चलाइरहेको थियो ।'(पृ.१०४)

'चुप लाग हरामखोराहरू ! आफ्नो कामको कुरो गर । आज राति घर फोर्न सकिएन भने भोलिदेखि पेटमा माड पनि लाग्दैन ।' (पृ. १०७)

'सोह्र वर्षको युद्धले जर्जर बनेको मापुतोमा गरिबी थियो । मान्छेहरू भोका थिए, बस्त्रहीन थिए । जीवन निर्वाहका बाटाहरू थिएनन् । जेनतेन गुजरा चलाइरहेका थिए । पक्कि भवनमा बस्नेहरू पनि अन्नका दानाको जोहो गर्न नसकेर आक्रान्त बनिरहेका थिए।' (पृ. १२३)

'आफ्नी सोझी छोरीलाई हरिया डलरले मापुतो सहरकी फेसनेवल मोडलमा परिवर्तन गरेकोमा उनी चिन्तित थिइन् ।'.(पृ. १२५)

## ५.६ काठमाडौँमा कामरेड कथासङ्ग्रहको भौतिक सामाजिक मूलधारको खोजी

साहित्यको समाजशास्त्रका प्रवर्तक हिप्पोलिट टेनले साहित्यकारको साहित्यिक रचनालाई कार्यकारण सम्बन्धका आधारमा व्याख्या गरेका छन् । उनीभन्दा अगाडि प्रचलित दैवी सिद्धान्तको खण्डन गर्दै भौतिक तथा सामाजिक कारणलाई उनले यसको आधार लिएका हुन् । टेनका अनुसार साहित्य एउटा कार्य हो र यसको रचनाका लागि विशेष कारणले भूमिका निर्वाह गर्दछ (ढकाल, २०६४, ६०) । साहित्य सून्यमा सिर्जना हुन

सक्दैन र यो कसैको व्यक्तिगत लहड मात्र पनि होइन भन्दै टेनले साहित्यलाई मानवीय उत्पादन मानेर यसका लागि कच्चा पदार्थ समाजबाट जुटाइने धारणा अघि सारेका छन् ( पाण्डेय,सन् १९८९: १२२) । कथाकार शाहले **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको लेखनमा स्वदेशदेखि वैदेशिक समाजबाट कच्चा पदार्थ सङ्कलन गरेका छन् । नेपालको थारू, अवधी समाजदेखि काठमाडौँको सहरिया समाज र यसको विकृत रूप कथामा स्पष्ट रूपमा झल्किएको छ । अफ्रिकन मुलुक मापुतो र अष्ट्रेलियाको समाज र संस्कृतिलाई पनि शाहले कथामा उतार्ने प्रयास गरेका छन् । साहित्य तथ्य र घटनाको सङ्ग्रह हो भन्ने टेनको मान्यतालाई यस सङ्ग्रहमा राखेर हेर्दा पचासको दशकदेखि हालसम्म विकसित भएका घटनाहरू नेपाली समाजका ज्वलन्त तथ्यपूर्ण घटना हुन् । युद्ध र द्वन्द्वका क्रममा भएका घटनाहरू नेपालको तराई क्षेत्रका जनताले भोगेका पीडा, लोकतन्त्र प्राप्ति पछिको संक्रमणशिलता, लडाकुहरूको क्यान्टोनमेन्ट बसाईं आदि जस्ता विषय तथ्यात्मक घटनासँग मेल खान्छन् ।

साहित्य सिर्जनाको भौतिक तथा सामाजिक कारणलाई टेनको प्रजाति, परिवेश र क्षणअन्तर्गत राखेर विश्लेषण गर्न सकिन्छ । व्यक्तिका वंशानुगत विशेषता, मानसिक बनावट जस्ता पक्ष प्रजातिअन्तर्गत पर्दछन् (पाण्डेय,सन् १९८९, १२४) । व्यक्तिका वंशानुगत विशेषताले उसको वंश परम्पराबाट आर्जित विशेषतालाई बुझाउँछन् । मानसिक बनावटले भने ऐतिहासिक तथा तत्कालिक सामाजिक वस्तुस्थितिसँग पनि सम्बन्ध राख्दछ । शाहवंशको जातीय इतिहास सयौँ वर्षदेखि चलि आएको देखिन्छ । वि.सं. १६१६ सालमा द्रव्य शाहले गोरखा राज्यको स्थापना गरेको इतिहासमा भेट्न सकिन्छ (के.सी. २०६७ : ३२३) । उनीहरूले शासन सञ्चालनदेखि साहित्य सिर्जना, समाज सेवा जस्ता विविध क्षेत्रमा हात अगाडि बढाएको देखिन्छ ।

'ब्रतरत्नमाला', 'दिव्योपदेश', 'सत्कर्मरत्नावली' जस्ता लेखहरू लेख्ने पृथ्वीनारायण शाह, गिर्वाणयुद्ध विक्रम शाह, देखि म.वि.वि. शाह, जी शाह, चाँदनी शाह, रञ्जना शाह, प्रेमा शाह, ऋषिकेश शाह सम्मका नामहरू साहित्य लेखनमा परिचित नाम हुन् (भुसाल र ओझा, २०६५, १८२) । यी शाहवंशीयहरूको प्रेरणा र प्रभाव साहित्य सिर्जनामा उनका लागि सहयोगी बन्न सक्छ ।

कथाकार महेशविक्रम शाहको मानसिक संरचना नेपाल र नेपालीको विविध समाजको चित्रणमा तल्लिन देखिन्छ । कैलालीको थारू समाजमा हुर्किएका शाहमा त्यहाँको

समाज, संस्कृति र रहनसहनले प्रभाव पारेको र परिणाम स्वरूप 'तृष्णा' कथाले उनको कथा यात्रामा जग बसाएको उल्लेख छ । स्कुले विद्यार्थी छँदादेखि नै फाटफूट साहित्यिक कृति लेख्ने र साहित्यिक कार्यक्रममा भाग लिने शाहको एकपछि अर्को कृतिले स्याबासी पाएपछि उनीमा साहित्य लेखनमा उर्जा थपिन पुग्यो । अझ पूर्णप्रकाश नेपाल 'यात्री'ले सेतीका तारा भनेर तस्वीर सहित परिचय दिएपछि साँच्चि नै साहित्यको तारा बन्न मानसिक रूपमा प्रतिबद्ध रहे (**शिक्षक**, २०६४ : ४१) । अध्ययनको क्रममा काठमाडौँ आएपछि कलेज पढ्दा पढ्दै प्रहरी सेवामा प्रवेश गरेका शाहले नेपालमा चलिरहेको सशस्त्र युद्ध र कार्य क्षेत्रको अध्ययन तथा विभिन्न देशमा शान्ति स्थापनार्थ गरिएको छनौट प्रक्रियाबाट त्यहाँ चलिरहने द्वन्द्वबाट प्रशस्त कथ्य सामग्रीहरू संकलन गर्ने मौका पाए । उनको मानसपटलमा सशस्त्र युद्ध, यसले निम्ताएको दुःख, पीडा र यसको निराकरणका बाटाहरूका संकेत सलबलाउन थाले । फलस्वरूप युद्ध र द्वन्द्वका कथा लेखेर मदन पुरस्कार कुम्ल्याउने सफल आख्यान पुरुष कहलिए (मेरो भन्नु ) । साहित्य तत्कालीन समाजमा चलिरहेको वर्गीय द्वन्द्व, उत्पीडन र अत्याचारबाट टाढा रहन सक्दैन (२०६१ : १००) भन्ने दृष्टिकोणबाट हेर्दा शाहको कथा लेखनको पाटो यसैतर्फ मोडिएको देखिन्छ । साहित्य लेखनमा समाजका यथार्थतालाई समाविष्ट गराउन युद्ध कालमा सशस्त्र क्रान्तिको गढ मानिने रोल्पा गएर द्वन्द्वलाई नजिकबाट देख्ने, चिन्ने र बुझ्ने मौका पाए । 'म आफ्नै इच्छाले रोल्पा गएँ, द्वन्द्वलाई नजिकबाट स्पर्श गरेँ' (**नेपाल**, २०६४ : ४९) । शाहको आफ्नै भनाइले यस तथ्यलाई पुष्टि गर्दछ । कथाकार शाह आफैमा प्रहरी अधिकृत भएकाले तत्कालीन समाजमाथिको दायित्व उनको काँधमा रहेको र यसको संरक्षण एवम् उचित तवरले सञ्चालनमा सधैँ सचेत रहनुपर्ने उनको कर्तव्य हो । यही जिम्मेवारी बहन गर्ने क्रममा अन्याय, अत्याचार, विस्तारवादी नीति, राष्ट्र, राष्ट्रियता आदि जस्ता मुद्दालाई कथाको विषयवस्तु बनाएर यसका विरुद्ध लाग्नेप्रति पाठक बृन्द सचेत रहनुपर्ने आग्रह गरेका छन् । राजनीतिक दलको मनपरीतन्त्रका कारण देश संक्रमणशिलताबाट गुज्रिरहेकाले यसको दीर्घकालीन व्यवस्थापनाको लागि लेखकको मानसिक संरचनाले झकझकाइरहेको देखिन्छ । 'काठमाडौँमा कामरेड' कथमा शाहले अन्ततः बन्दुकको राजनीति छाडी विचारको राजनीति गर्न आग्रह गर्दै हतियारविहीन अवस्थामा पुऱ्याएका छन् ।

यसर्थ, कथाकार शाहको मानसिक संरचनाको निर्माण आफू हुर्केको सुदूरपश्चिमेली थारू समाज, अध्ययनको क्रममा भए गरेका गतिविधि, पेसाको क्रममा बटुलेका अनुभवहरू नेपालको राजनीतिमा चर्किरहेको द्वन्द्व एवम् संघर्ष र पछिल्ला दिनहरूमा बढ्दै

गइरहेको संक्रमणशिलता आदिबाट भएको देखिन्छ । यी सबै गतिविधिहरू शाहले नेपाली तथा विश्व समाजबाट बुझेका हुनाले टेनले भनेझैं लेखक समाजमा बस्छ, बाँच्छ, सामाजिक क्रियाकलापबाट उसको मानसिक संरचनाको निर्माण हुन्छ र त्यसको प्रतिबिम्ब साहित्यमा अभिव्यक्त हुन्छ । जुन कुरा शाह र शाहका कथामा पनि देख्न सकिन्छ ।

व्यक्तिका स्वभावको निर्माण परिवेशबाट हुन्छ भन्ने मान्यता टेनको छ । परिवेशका कारण व्यक्तिका प्रजातिगत विशेषता पनि प्रभावित हुन्छन् । परिवेशले व्यक्तिका प्रजातिगत विशेषतालाई कहिले पुष्ट गर्दछ भने कहिले परिवर्तन पनि गराउँछ । टेनले परिवेशअन्तर्गत भौगोलिक र सामाजिक परिवेशलाई लिएका छन् । कथाकार शाहको लेखनमा भौगोलिक तथा सामाजिक दुवैखाले परिवेशको प्रभाव भेट्न सकिन्छ । उनको जन्म नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको अछाम जिल्लामा भएको हो । १/२ कक्षा त्यही पढेपछि बुबाको जागिरको क्रममा धनगढी आएका शाहले त्यही एस.एल.सी. उत्तीर्ण गरे । यहाँ आफू पढ्दा र हुर्किंदा त्यहाँको समाज, भूगोल बारे बुझ्ने अवसर पाएका शाहमा थारू समाज संस्कृतिको प्रभाव पऱ्यो । फलस्वरूप त्यहाँको परिवेशले **'सटाहा'** जस्ता कथासङ्ग्रह जन्मायो । जसमा थारू समाज र संस्कृतिको चिरफार गरिएको छ । उच्च शिक्षा काठमाडौंमा लिन पुगेका शाहमा फेरि सहरी परिवेश र त्यहाँको भूगोलले प्रभाव पारेको छ । पढ्दा पढ्दै प्रहरी सेवामा लागेका शाह जागिरको क्रममा लगभग १६/१७ मुलुकको भौगोलिक तथा सामाजिक परिवेश बुझ्न सफल भए । त्यहाँको परिवेशले 'अफ्रिकन अमिगो' जस्ता कथा सङ्ग्रह जन्मायो । यसको प्रभाव **काठमाडौंमा कामरेड** कथा सङ्ग्रहका 'मापुतोकी मेरी', 'ऊ, म र वण्डाईविच' जस्ता कथामा भेट्न सकिन्छ । स्वदेशभित्र तराई, पहाडदेखि हिमाली भूभागमा कार्य क्षेत्रको अनुभव बटुलेका शाहको पछिल्लो कृति **काठमाडौंमा कामरेड** कथासङ्ग्रहसम्म आउँदा तराई क्षेत्र, काठमाडौं, अफ्रिका, अष्ट्रेलिया र विभिन्न ग्रामीण तथा भौगोलिक परिवेशको प्रतिबिम्बन भएको देख्न सकिन्छ ।

शाह र उनको कथा लेखनमा सामाजिक परिवेशले पनि प्रभाव पारेको पाइन्छ । आफू जन्मेको समाज तथा हुर्के बढेको थारू समाज, संस्कृति तथा सम्पूर्ण सामाजिक परिवेशले प्रारम्भिक कथा लेखन अभ्यास गर्न सिकायो । त्यसपछि देशभित्र तथा बाहिर बढिरहेको युद्ध र द्वन्द्वले घर-घर, छिमेक-छिमेक, समाज-समाज र देश विदेश सबै ठाउँमा आफ्नो प्रभाव विस्तार गरेपछि उनी र उनका लेखन सामाजिक परिवेशले ठाउँ पाउन

थाल्यो । परिणामस्वरूप **सटाहा, सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो, छापामारको छोरो** र **काठमाडौमा कामरेड** कथासङ्ग्रहहरू लेखिन पुगे । युद्ध र द्वन्द्वले अतालिएका मानिस र त्यहाँको सामाजिक परिवेश देख्दा शाह मुटुमा गाँठो पारेर मात्र बस्न सकेनन् । आजको लेखन समयसापेक्ष हुनुपर्दछ र तत्कालीन समाजको परिवेशलाई बोकेको हुनुपर्दछ । वर्तमान समयको आवाजलाई हामीले साहित्यमार्फत् उद्घोष गर्न सकेनौँ भने त्यो साहित्य सार्थक हुन सक्दैन (अन्तर्वार्ता-ग) भन्ने शाहले **काठमाडौँमा कामरेड** कथासङ्ग्रहका अधिकांश कथामा काठमाडौँली सहरिया समाजको परिवेशलाई प्रस्तुत गर्ने प्रयास गरेका छन् । मापुतोकी मेरी कथामा अफ्रिकन मुलुक मापुतोकी युद्ध र द्वन्द्व पश्चात् थिचिएर बाँचेको त्यहाँको समाजको परिवेश प्रस्तुत छ । 'गुलावसिंह बन्यो विष्फोट सिंह' कथामा विभिन्न सशस्त्र गतिविधिमा लागेका दलका कारण त्यहाँको समाजले भोग्नु परेको पीडा प्रस्तुत छ । यसर्थ **काठमाडौँमा कामरेड** कथासङ्ग्रह समग्र सामाजिक, राजनैतिक परिवेशको पुलिन्दा बन्न पुगेको छ ।

हिप्पोलिट टेनले क्षणअन्तर्गत युग चेतनाको कुरा गरेका छन् । कुनै पनि समाजमा हरेक युगमा एउटा विचार मानव चिन्तनको केन्द्रीय पक्षका रूपमा रहेको हुन्छ । वर्तमानकालीन नेपाली साहित्य लेखनको युग भनेको समसामयिक अर्थात् समकालीन युग (२०६०,१८-३४) भनेर दयाराम श्रेष्ठले उल्लेख गरेका छन् । यस समयलाई आदर्शोन्मुख यथार्थवाद, मनोवैज्ञानिक यथार्थवद, प्रगतिवाद, स्वच्छन्दतावाद, प्रयोगवाद आदि वादहरूको समिश्रणको रूपमा पनि लिन सकिन्छ । तर पनि समसामयिक सन्दर्भको उठान गरी यथार्थताको परिचय गराउनु यस युगको मुख्य धर्म मानिन्छ । कथाकार शाहले उनका कृतिहरूमा समाजका यथार्थ घटनाहरूलाई समेटेकाले उनलाई यथार्थवादी कथाकारका रूपमा चिन्न सकिन्छ । प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रहका कथामध्ये 'काठमाडौँमा कामरेड' कथामा माओवादी कामरेडको कार्यशैली, उनीहरूका क्रियाकलाप र मनस्थितिको यथार्थ चित्रण पाइन्छ । 'ऊ पनि काठमाण्डू' कथाकी ऊ पात्र नेपाली समाजको पर्दाभित्रकी कलंक बनेकी छ । 'क्यान्टोनमेन्ट' कथाका माओवादी छापामारहरूको मनोदशाको चित्रण समसामयिक समयमा पनि अझैसम्म सान्दर्भिक बनिरहेको छ । जर्ज लुकासको साहित्यका क्षेत्रमा प्रचलित यथार्थवाद भनेको समाज जीवनको यथावत वा इमान्दारीपूर्ण चित्रण हो (श्रेष्ठ, २०५८:१८२) भन्ने धारणा प्रस्तुत 'क्यान्टोनमेन्ट' कथामा देख्न सकिन्छ । 'गुलाबसिंह बन्यो विष्फोट सिंह' कथामा रहेको तराई क्षेत्रको कथा होस् वा 'मापुतोकी मेरी', 'रोजर, सेन्ड ओभर !', 'पुतली चोर' र

‘बहुमूल्य चोरी’ जस्ता कथाका कथावस्तु हुन् यी सबै कथामा जीवन जगतका यथार्थ पक्षहरू झल्किरहेका छन् । कामरेड ! अब ती दिन पुराना भए कथाका पात्रको व्यवहार वर्तमान समयमा नेपाली समाजले नितान्त भोगिरहेको समस्या हो । ‘नारायणहिटीका चमेराहरू’, ‘नयाँ राजाहरू’, ‘हराएको देश खोज्दै जाँदा’ जस्ता कथाहरू वर्तमान नेपाली राजनीतिका डबलीमा चलिरहने दृश्यात्मक नाटक जस्ता लाग्छन् । ‘ऊ, म र वण्डाइविच’ कथामा जस्तै अहिले पनि नेपाली समाजमा दैनिक सयौँ व्यक्ति कामको खोजीमा भौंतारिरहेको यथार्थता सबैका सामू छर्लङ्ग बनेको छ ।

माथि उल्लेखित विश्लेषणका आधारमा हेर्दा **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको लेखनमा नेपालमा वर्तमान समयमा विकसित भइरहेको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक विषय र यसको संक्रमणकालिनताले महत्त्वपूर्ण भूमिका खेलेको छ । वर्तमानकालिक समाजसापेक्ष विषयवस्तुहरूको उठान गरी यथार्थ तवरले मानवीय संवेदनाको प्रतिनिधित्व गर्न सफल शाह र उनका कथामा प्रजाति, परिवेश र युग अर्थात् क्षणको सामूहिक प्रभाव परेको देखिन्छ । यसर्थ प्रस्तुत **काठमाडौँमा कामरेड** कथासङ्ग्रहको भौतिक, सामाजिक कारणका रूपमा प्रजाति, परिवेश र क्षणको भूमिका उल्लेखनीय रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# परिच्छेद-छ

# निष्कर्ष

कथाकार महेशविक्रम शाहको जन्म वि.सं. २०२२ साल भदौ १५ अछाम जिल्लाको वैजनाथमा भएको हो । वि.सं. २०३५ सालमा महेन्द्रनगरबाट निस्किने साप्ताहिक पत्रिका **साप्ताहिक वार्ता**मा 'आमा' नामक कथा प्रकाशन गराएर औपचारिक कथा लेखनमा लागेका शाहका **सटाहा, सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो, छापामारको छोरो** र **काठमाडौँमा कामरेड** गरी पाँचवटा कथासङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । विद्यालय स्तरको विद्यार्थी छँदादेखि नै साहित्य लेखन र पठनमा रुचि राख्ने शाहको मदन पुरस्कार प्राप्त कृति **छापामारको छोरो** पछि प्रकाशित कृति भएकाले पनि यसको अध्ययन र विश्लेषण सान्दर्भिक छ ।

कुनै पनि व्यक्ति समाज निरपेक्ष रहेर बस्न सक्दैन । हरेक क्रियाकलापमा व्यक्तिले समाजलाई र समाजले व्यक्तिलाई प्रभाव पारिरहेको हुन्छ । कथाकार शाहलाई आफू हुर्केको घर, परिवारको वातावरणका साथै थारू समाजको प्रभाव धेरै मात्रामा परेको पाइन्छ । आफ्नो कथा लेखनको मुख्य आधार थारू समाज हो भन्ने शाहले थारू, अवधि, भोजपुरी समाज र संस्कृतिका साथै आञ्चलिक विषयवस्तु, द्वन्द्व र युद्धका कथाहरू, वैदेशिक पृष्ठभूमिका कथाहरू एवम् मानिसको मन र देश दुखेका कथाहरू लेखेर सफल कथाकार बन्न पुगेका छन् ।

प्रस्तुत **काठमाडौँमा कामरेड** समसामयिक तथा संक्रमणकालीन देशका कथाहरू बोकेको कथासङ्ग्रह हो । यसभित्र देशको बिग्रदो राजनीतिक अवस्था, खस्कँदो सामाजिक परिवेश, आर्थिक असमानता, वैदेशिक हस्तक्षेप, धार्मिक कु-संस्कार, बिग्रदो शान्ति सुरक्षा, मानव विकास, रोजगारीका लागि विदेशिनु परेको यथार्थ, ठूलोले सानोमाथि गर्ने हेपाहा दृष्टि, मै खाऊँ र मै लाऊँको भावना, गरिबी, बेश्यावृत्ति, युद्ध र द्वन्द्वजन्य घटनाहरू र विकसित अन्य सङ्क्रमणशील कथाहरू समेटिएका छन् । मूलतः देशभित्र पचासको दशकदेखि विकसित वर्ग द्वन्द्व, २०६२/६३ को संयुक्त जनआन्दोलन, संविधानसभाको निर्वाचन, माओवादीका छापामारहरूको अनिश्चित क्यान्टोनमेन्ट बसाई, संविधान निर्माण, संघीय विभाजन र लोकतन्त्रमा हुने मनपरीतन्त्रलाई पाठक सामू ल्याई आम जनताको चेतना वृद्धि गरेर संक्रमणशील नेपाललाई गतिहिनताबाट गतिशिलतातर्फ डोऱ्याउनु यस कथा सङ्ग्रहको उद्देश्य देखिन्छ ।

**काठमाडौँमा कामरेड** कथा सङ्ग्रहमा संकलित कथाहरूको समाजशास्त्रीय अध्ययन गर्दा समाज र सामाजिक सम्बन्धका परिसूचकहरू ग्रामीण तथा सहरिया समाज,

चालचलनहरू, आञ्चलिकता, लैङ्गिक अवस्था, रीतिरिवाज, वैदेशिक पृष्ठभूमि, धर्म संस्कृति, भाषा, पेशा, संक्रमणकालीन नेपाली राजनीतिक अवस्था, युद्ध तथा द्वन्द्व र यसले नेपाली समाजमा पुऱ्याएको हानी, दलका नेताप्रति जनताको मानसिकता, मार्क्सवादी चिन्तन एवम् द्वन्द्ववाद, विकासवादी अवधारणा, लेखक, कृति र पाठकबीचको अन्तर्सम्बन्ध, जाति, क्षण र युगको प्रभाव, लेखकीय चेतनाको भूमिका, भौतिक सामाजिक मूलधारको खोजी आदिको आधारमा विश्लेषण गरिएको छ ।

'काठमाडौँमा कामरेड' कथाको ऊ पात्रले अन्ततः अनुभव गरेको युद्ध जित्ने नयाँ तरिका, हतियार सहित र हतियारविहीन हुँदाको अनुभव र जनता तथा कार्यकर्ताले अनुभूति गरेको दिगो शान्तिको कामनालाई व्यक्त गरेको छ । 'ऊ पनि काठमाण्डू' र 'पुतलीचोर' कथामा नारी मनस्थितिको विश्लेषण मार्मिक रहेको छ । समाजमा बढ्दै गएको बेश्यावृत्ति, अस्वाभाविक फेसन, चोरी, डकैती एवम् सुकुम्बासी समस्याको चित्रण कथामा पाइन्छ । 'थुप्तेन ग्याछो' कथाले धार्मिक विचलनको समस्यालाई उठान गरेको छ । 'छिमेकीको छाता र छाडा छोराहरू' कथामा छिमेकीको माध्यमबाट वैदेशिक हस्तक्षेपलाई दर्शाइएको छ । 'रोजर, सेन्ड ओभर !', 'बहुमूल्यचोरी', 'पुतलीचोर', 'मापुतोकी मेरी' आदि कथाहरू शाहको कार्यानुभवको आधारमा लेखिएका कथा हुन् । 'मापुतोकी मेरी' कथामा अफ्रिकी मुलुक मापुतोमा चर्किएको गृहयुद्ध र यसले निम्त्याएको विनाशलाई देखाइएको छ ।

'ऊ, म र वण्डाईविच' कथामा राष्ट्रप्रेम र गरिबीलाई सँगसँगै चित्रण गरिएको छ । 'ऊ एक पात्र लोकतन्त्रको', 'हराएको देश खोज्दै जाँदा' कथामा देशको लथालिङ्गपन र लोकतन्त्रमा विकसित भएको मनपरीतन्त्रको यथार्थता झल्किएको छ । 'नयाँ राजाहरू', 'नारायणहिटीका चमेराहरू', 'कामरेड अब ती दिन पुराना भए ...' कथामा राजनीतिक दल र तिनीहरूका गतिविधिहरूलाई देख्न पाइन्छ । 'क्यान्टोनमेन्ट' कथामा युद्ध र त्यसपछिको संक्रमणमा परेका छापामारहरूको मनस्थितिको चित्रण छ भने 'मिकी माउस' मानव विकासको अवस्थालाई कल्पना गरी लेखिएको कथा हो । 'म पनि कुकुर' कथामा देशभित्र विकसित भइरहेको नातावाद, कृपावाद, चाप्लुसीपन र गोडा मोलेर आफ्नो स्वार्थमा पुग्ने प्रवृत्तिलाई पाठकसामू छर्लङ्ग पारिएको छ । यी विविध विषयहरू मानिस र ऊ बस्ने समाजभन्दा टाढा छैनन्, तसर्थ शाहका कथाहरू मानिसले बाँचेको समयका पदचिन्ह बनेका छन् ।

कथाकार शाहको कथालेखन शैली मन छुने खालको छ भने प्रस्तुतीकरण मौलिक छ । कथालाई वर्णनात्मक, प्रतिकात्मक, संवादात्मक एवम् नाटकीय शैलीमा विभिन्न बिम्ब र प्रतिकको प्रयोग गरी प्रस्तुत गरिएको छ । यी बिम्ब र प्रतीकले पाठकलाई घोरिन बाध्य नगराई कथा पढ्दा रोचकता, उत्सुकता एवम् कौतुहलता थप्ने काम गरेको छ । विभिन्न उखानटुक्काको प्रयोग, भाषाको प्रयोगमा सचेतता, पात्रहरूको उचित रखाई र उचित स्थानमा भएको उचित प्रस्तुतिकरणले कथालाई थप सुमधुर बनाएको छ ।

समग्रमा देशको द्वन्द्वग्रस्त अवस्था, सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक विकृति र विसंगतिहरू, मनमा चुलिएका चाहनाले उत्पन्न गरेको अन्तर्द्वन्द्व, नारीका विवशताहरूको मनोविश्लेषण, गरिबी र यसले निम्त्याएको दूरावस्था मार्फत् समाजलाई यथार्थपरक आँखाले हेर्ने शाहका कथाले जीवनका मर्मलाई कलात्मक ढङ्गले अभिव्यक्त गर्दछ । देशभित्र र बाहिरका मानव जातिले बाँच्ने र कर्तव्य निर्वाह गर्ने क्रममा गरेका संघर्षहरू उनका कथामा सजिव भएर आएका हुन्छन् । सजिव परिवेश र जिउँदा जाग्दा संवादहरूबाट पाठकलाई प्रभाव छोड्न सक्ने अनौठो कलाकारिता उनमा छ । समय र संस्कृतिको पद चिन्हलाई समातेर बाँचेका शाहका कथाहरू समाजका जीवन्त शब्दचित्र हुन् ।

# सन्दर्भ सामग्री-सूची

**क. पुस्तकसूची**


अधिकारी, रेशराज (२०५२) **समाजशास्त्र तथा मानवशास्त्रको परिचय,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी, महादेव (सम्पा) (२०५५), **नेपाली कथा भाग -२**, ललितपुर : साझा प्रकाशन ।

अर्याल, भोजेन्द्र (२०६७), **मानवशास्त्रका सैद्धान्तिक दृष्टिकोण**, काठमाडौँ: ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०६५), **समाजशास्त्र तथा मानवशास्त्रको परिचय**, काठमाडौँ : भोटाहिटी नेशनल बुक सेन्टर,।

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाश**, काठमाडौँ : साझा प्रकाशन ।

गुप्ता, डी.वी. (सन् १९८९) **साहित्यका समाजशास्त्र**, मोतिबजार हरियाणा ।

गौतम, टिकाराम (२०६३) **समाजशास्त्र र सांस्कृतिक मानवशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू** , काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

,, (२०६५) **समाजशास्त्र र मानवशास्त्रको परिचय**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, कृष्णप्रसाद (सम्पा.) (२०५४), **साहित्य अभियान विगतदेखि वर्तमान**, काठमाडौँ : अभियान साहित्य प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०३८), **पाश्चात्य साहित्यका प्रमुख वाद,** काठमाडौँ : साझा प्रकाशन ।

थापा, डा. हिमांशु (२०५०), **साहित्य परिचय** (चौ.सं.), काठमाडौँ : साझा प्रकाशन ।

दास, प्रभाकार (२०५५) **समाजशास्त्र र मानवशास्त्रका मूलभूत सिद्धान्त** (ते.सं.), काठमाडौँ : सुकुन्दा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९) **साहित्ये के समाजशास्त्रकी भूमिका**, बनारस : हरियाणा साहित्य अकादमी ।

प्रधान, कृष्णचन्द्रसिंह (२०२२), **नेपाली उपन्यास र उपन्यासकार** (ते.सं.) काठमाडौँ : साझा प्रकाशन ।

पोखेल, भानुभक्त (२०५९), **सिद्धान्त र साहित्य**, काठमाडौँ : साझा प्रकाशन ।

बराल, ईश्वर (सम्पा.) (२०२९), **झ्यालबाट** , काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४), **साहित्य र समाज,** काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरी र नेत्र एटम,(२०५८),**'उपन्यास सिद्धान्त र नेपाली उपन्यास'**, काठमाडौँ: साझा प्रकाशन ।

भट्टचन, श्रेष्ठ, दाहाल (सम्पा.) (२०५७), **समाजको परिचय-समकालीन नेपाली समाज-प्रकाशन** ।

शर्मा, मोहनराज (२०५८), **कथाको विकास प्रक्रिया,** काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, डा. हरिप्रसाद (२०५९), **कथाको सिद्धान्त र विवेचना,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, श्रेष्ठ, दयाराम, मोहनराज (२०६३) **नेपाली साहित्यको संक्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन ।

शाह, महेशविक्रम (२०६५) : **काठमाडौँमा कामरेड**, काठमाडौँ : समग्र प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५७), (सम्पा.), **स्नातकोत्तर नेपाली कथा** (दो.सं.), काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८), **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना**, काठमाडौँ : प्रमुख मान्यता, वाद र प्रणाली, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०६०), **नेपाली कथा भाग ४** (दो.सं.), ललितपुरः साझा प्रकाशन ।

## ख. पत्रिका सूची

अन्नपूर्ण, समाचारदाता (२०६५ पुस ६), 'महेशले ल्याए काठमाडौँमा कामरेड' : **अन्नपूर्ण पोष्ट** ।

कार्की, छत्र , 'स्वदेशी कथाकार, विदेशी पृष्ठभूमि' : **समय** (वर्ष ४,अंक १५९)।

गौतम, राजाराम (२०६५ फागुन १०), 'संक्रमणकालीन सामयिकी' : **कान्तिपुर** ।

घिमिरे, रमण, 'कथाहरूमा देश' : **नेपाल** (वर्ष ९,अंक २६) ।

जिज्ञासु, भीमराना , 'चार्ल्स डार्विन' : **राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्च** (वर्ष ३,पूर्णाङ्क २१) ।

डङगोल आर.एम.,भट्टराई धनराज , 'मानवीय संवेदना जहाँ पनि समान हुन्छ,' **शब्द संयोजन** (वर्ष ४,अंक ६) ।

ढकाल, सुवास (२०६५ चैत ७), **काठमाडौँमा कामरेड** : **साप्ताहिक** ।

तिवारी, बद्री, 'शाहको नयाँ कथासङ्ग्रह सार्वजनिक' :**नेपाल समाचारपत्र** (वर्ष १३,अंक ३४०) ।

पाण्डे, नयनराज, 'महेशले ल्याए काठमाडौँमा कामरेड' : **अन्नपूर्ण पोष्ट** (वर्ष ७,अंक २३०) ।

पाण्डे, लिखित , 'कथाकार परिचय' : **भृकुटी** (वर्ष १,अंक २) ।

शाह, महेशविक्रम, 'एक असल र योग्य शिक्षक' : **शिक्षक** (२०६४ माघ) ।

## ग. शोधग्रन्थ सूची

अधिकारी, विमल (२०५७), 'सामाजिकताका दृष्टिले भविष्ययात्रा कथासङ्ग्रहभित्रका कथाहरूको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.कीर्तिपुर ।

ढकाल, करुण (२०६४), 'आज रमिता छ उपन्यासको समाजपरक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस ।

पराजुली, ठानेश्वर (२०६३), 'छापामारको छोरो कथासङ्ग्रहमा द्वन्द्वपक्षको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस ।

भट्टराई, रमेशकुमार (२०३६), 'गोविन्द गोठालेका कथामा पाइने सामाजिकताको विश्लेषण र मूल्याङ्कन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

हेन्जन भक्तबहादुर (२०६४), 'महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर ।